# परिच्छेद एक : परिचय

यस परिच्छेदमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनको उद्देश्य, अनुसन्धानात्मक प्रश्न र अध्ययनको परिसीमा समावेश गरिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यता र संस्कृतिको विकाससँगै शिक्षाको पनि विकास हुँदै वर्तमान समयसम्म आइपुग्दा यस सम्बन्धी विभिन्न अवधारणाहरूको विकास भएको पाइन्छ । जसलाई नविनतम प्रविधिहरू मार्फत् प्रयोगमा ल्याउने काम विद्यालयहरूले गरी रहेका हुन्छन् । विद्यालयमा भर्ना भएका बालबालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक तथा सामाजिक जस्ता पक्षहरूको विकास गराउनको लागि यसले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । त्यसका लागि विद्यालयले कक्षाकोठाभित्र र बाहिर समेतमा विभिन्न प्रविधिहरूको माध्यमबाट क्रियाकलापहरू सञ्चालन गरी बालबालिकाहरूको उमेरगत परिपक्वताको साथै व्यवहारमा समेत परिवर्तन ल्याई समाज, समुदाय र सिङ्गो राष्ट्रकै चौतर्फि विकासमा टेवा पुऱ्याउन सक्षम नागरिक उत्पादन गर्न सहयोग गर्दछ । विद्यालयभित्र विभिन्न सामाजिक परिवेश भएका बालबालिकाहरूको उपस्थिति रहन्छ । उनीहरूले विद्यालयमार्फत् आपसमा अन्तर्क्रिया गरी आ-आफ्नो व्यवहारमा सकारात्मक परिवर्तन तथा चरित्र चित्रण गर्ने गर्दछन् । त्यसैले वर्तमान विद्यालयीय शिक्षालाई समाजको एक सहायक प्रणाली तथा लघु समाजको रूपमा समेत लिन थालिएको छ । जुन कुरालाई तलका अध्ययनले पनि थप पुष्टि गर्दछन् :-

वाग्ले र कार्की, (२०६३) का अनुसार वर्तमान समयमा शिक्षालाई समाजको एक सहायक प्रणालीको रूपमा लिन थालिएको छ । जोन डिवे (सन् १९३६) ले विद्यालयलाई एक लघु समाजको रूपमा समेत व्यक्त गरेको पाइन्छ ।

सामाजिक विकासको प्रमुख आधार भनेको शिक्षा हो । सामाजिक विकासकै माध्यमबाट राष्ट्रको विकास हुन्छ । त्यसैले राष्ट्रको सर्वाङ्गिण विकासका लागि शिक्षाको विकास गर्नु

अपरिहार्य हुन्छ तथापि नेपालको भौगोलिक अवस्थाले गर्दा शिक्षाक्षेत्र प्रभावित बनेको छ । नेपाल ग्रामीण मुलुक भएकोले यहाँ विद्यालयको संख्या न्यून मात्रामा छन् । प्रायः ग्रामिण भेगका मानिसहरू कृषि पेशामा नै आश्रित र न्यून आय भएका छन् । त्यस्ता व्यक्तिले आफ्ना सन्तानलाई घर बाहिर राखेर खर्च गरेर पढाउने स्थिति पनि देखिँदैन । त्यसैले गर्दा अधिकांश ग्रामिण इलाकाका बालबालिका शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित रहेका देखिन्छन् । त्यस्तै गरी विद्यालय भर्ना भएका कतिपय बालबालिकाहरू गरिवीको कारणले दैनिक ज्याला मजदुरी गर्नुपर्ने तथा भाइ बहिनीको धरालो बस्नुपर्ने कारणले गर्दा नियमित विद्यालय जान नसकी शैक्षिक सत्रको अन्त्यमा लिइने परीक्षा नतिजाको कारण कक्षा दोहोऱ्याउन बाध्य भएका छन् भने कतिपय बालबालिकाहरू लैङ्गिक विभेदको शिकार बन्न पुगी विद्यालयीय शिक्षाबाट वञ्चित हुन पुगेका छन् ।

यसरी विद्यालयीय शिक्षाको पहुँच बाहिर रहन पर्नुको स्थिति र कक्षा दोहोऱ्याउने स्थिति दुबै देशको लागि शैक्षिक समस्या र शैक्षिक क्षति हुन् । यस्तो अवस्था अभिभावकमा सचेतनाको कमी, आर्थिक अभाव, पारिवारिक आकार जस्ता कारणले गर्दा आएको भन्ने कुरालाई सेरिडको अध्ययनले पनि पुष्टि गरेको छ ।

सेरिड, (२००३) का अनुसार ग्रामिण विद्यालयमा भर्ना भएका विद्यार्थी विभिन्न कारणहरूले गर्दा पढाइलाई निरन्तरता दिन नसकेर कक्षा दोहोऱ्याउन पर्ने कारणहरूमा परिवारको आकार, घरायसी कामधन्धा, परिवारको आर्थिक अवस्था तथा जातीय एवम् लैङ्गिक विभेदलाई नै प्रबल कारणको रूपमा लिन सकिन्छ ।

जबसम्म शिक्षामा सबैको पहुँचको सुनिश्चितता गर्न सकिँदैन तबसम्म सामाजिक विकासका प्रक्रियाहरू अधुरै रहन्छन् । सामाजिक विकासको लक्ष्य प्राप्तिका लागि शिक्षा लगायत जीवनका हरेक पक्षहरूमा लैङ्गिक तथा जातीय समानता र अवसरको प्रत्याभूति गर्नु पर्दछ । शिक्षाको विकास गर्ने लक्ष्य प्राप्तिका लागि प्राथमिक तहको शिक्षालाई अनिवार्य र माध्यमिक तहसम्म पूर्ण रूपमा निःशुल्क गर्नु पर्दछ । यसको साथै महिला तथा लक्षित समूहको लागि विशेष व्यवस्था गरी शिक्षामा सर्वसुलभता तथा समानता कायम गर्नु राज्यको प्रमुख दायित्व हो ।

## नेपालमा शिक्षाको विकास

नेपालमा शिक्षाको विकासको इतिहासलाई अध्ययन गर्दा प्रारम्भिक समयदेखि नै एक पिढीबाट अर्को पिढीमा रूपान्तरण हुँदै जाने पारिवारिक शिक्षाको परम्परा रही आएको छ भन्ने कुरालाई पौड्यालको तलको भनाइले पुष्टि गर्दछ ।

पौड्याल, (२०५५) का अनुसार हाम्रो देशमा शिक्षा विकासको इतिहासलाई हेर्दा प्राचीन कालदेखि नै एक पिँढीबाट अर्का पिँढीमा रूपान्तरण हुँदै जाने पारिवारिक शिक्षाको परम्परा रहि आएको पाइन्छ । औपचारिक शिक्षा विकासको दृष्टिले नेपालमा वि.सं. २००७ सालको प्रजातन्त्र प्राप्त भएपछि मात्र आधुनिक शिक्षाको सुरुवात भएको मानिन्छ । नेपालमा शिक्षा विकासको इतिहासलाई निम्न तीन खण्डमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

क) प्राचीन काल (वि.सं. १९०३ भन्दा अगाडिको समय)

ख) मध्यकाल (वि.सं. १९०३ देखि वि.सं. २००७ साल सम्मको समय)

ग) आधुनिक काल (वि.सं. २००७ सालदेखि हालसम्मको समय)

### क) प्राचीन काल

प्राचीनकालको शिक्षा वैदिक धर्मबाट प्रेरित संस्कृत भाषामा आधारित गुरुकूल प्रणाली र बौद्ध धर्मबाट प्रेरित बौद्ध शिक्षा प्रणली, प्रचलनमा रहेको पाइन्छ ।

किराँतकाल, नेपाली संस्कृतिको उत्पतिको काल हो । तथापी यस कालको शिक्षादीक्षाबारे यकिन गर्न सकिएको छैन । लिच्छविहरूको समयमा शिक्षा प्रदान गर्नु, राष्ट्रले ऐच्छिक रूपमा मात्र लिने गरेको भए तापनि कला, संस्कृति र शिक्षाको विकासमा ध्यान दिएको पाइन्छ । यसकालमा वेद, व्याकरण, न्याय, दर्शन, साहित्य, ज्योतिष आदि विषयको अध्यापन संस्कृत भाषामा हुने गरेको पाइन्छ । मल्लकालमा मल्लराजाहरू सबैले सर्वसाधारण जनतालाई शिक्षा विकासमा सहयोग पुऱ्याएको पाइन्छ । जयस्थिति मल्लले शिक्षालाई जीवनको आधार बनाई व्यवसायिक शिक्षाको श्री गणेश गरेको पाइन्छ । उनले शिक्षाका केन्द्र मन्दिर र बौद्ध मठको हेरविचार गर्न गुठीको व्यवस्था गरी शिक्षा विकासमा जोड दिएको पाइन्छ ।

### (ख) मध्यकाल

शर्मा, (२०६१) का अनुसार राणा शासन काल (वि.सं. १९०३ देखि वि.सं. २००७) मा पनि प्राचीन कालमा जस्तै शिक्षामा उल्लेखनीय विकास हुन नसकेको पाइन्छ । यस कालमा शिक्षाको प्रचार हुन नसके तापनि देव शमशेरले भने केही प्रयास गरेको पाइन्छ । राणाहरूले केही बाध्यकारी परिस्थिति र नक्कलले खोलेका दरवार स्कुल भाषा पाठशाला र श्रेस्ता पाठशाला यसका नमुना हुन् । नेपालको शिक्षाको आधुनिक इतिहासलाई हेर्ने हो भने वि.सं. १९४२ सालमा वीर शमशेरले सर्वसाधारणका छोराछोरीलाई पढ्न पाउने व्यवस्था मिलाएका थिए । देशको उच्च वर्ग र शासक वर्गका लागि मात्र शिक्षा दिने उद्देश्यले वि.सं. १९१० असोज २७ गते जंगबहादुर बेलायत भ्रमणबाट फर्किएपछि दरवार अंग्रेजी स्कुलको स्थापना गरेका थिए । जसलाई विद्यालयीय औपचारिक शिक्षाको पहिलो खुड्किलोको रूपमा लिन सकिन्छ ।

### (ग) आधुनिक काल

नेपालमा वि.सं. २००७ सालको परिवर्तन पछि शिक्षाको प्रचार प्रसारमा व्यापकता आएको पाइन्छ । व्यापक रूपमा खुलेका विद्यालयहरूको  शैक्षिक विकासमा नयाँ गति दिनका लागि वि.सं. २०१०,२०१८, २०२८,२०४९, २०५५ र २०५८मा गठित राष्ट्रिय शिक्षा योजना आयोग तथा समितिहरूले विभिन्न सुझावहरू दिएको पाइन्छ ।

देशमा प्रजातन्त्रको प्राप्ति पश्चात् राष्ट्र विकासमा टेवा पु¥याउन शिक्षाको विकास गर्नु पर्दछ । त्यसको लागि विद्यालयको विस्तार, राष्ट्रिय शिक्षा नीति, अनिवार्य र निःशुल्क शिक्षा, गुणस्तरीय शिक्षाको लागि गुणस्तरीय शिक्षक आदिको आवश्यकता पर्दछ । जुन कुरालाई वाग्ले र ढकालको अध्ययनले पुष्टि गरेको छ ।

वाग्ले र ढकाल, (२०६४) का अनुसार राष्ट्रिय शिक्षा योजना आयोग (२०१०) ले पेश गरेको नेपालमा शिक्षा नामक एक वृहत प्रतिवेदन अनुसार राष्ट्रिय विद्यालयहरू खोलिनु पर्ने, राष्ट्रिय शिक्षा हुनु पर्ने, प्राथमिक शिक्षा र प्रौढ शिक्षा नि.शुल्क र देश व्यापी हुनुपर्ने,

शिक्षाको गुणात्मक विकासको लागि शिक्षकहरूलाई तालिमको व्यवस्था गरिनु पर्ने सिफारिस गरेको पाइन्छ ।

शिक्षाको विकासका लागि देशभरी एकै प्रकारको शैक्षिक पद्धति लागू गर्नु पर्दछ । विद्यालयीय तहगत संरचना निर्धारण गरी कम्तिमा पनि प्राथमिक तहको शिक्षा निःशुल्क र सर्वसुलभ बनाउनु पर्दछ । देशभर एउटै प्रकारको पाठ्यक्रम लागू गर्ने, शिक्षाको राष्ट्रिय तथा तहगत उद्देश्य निर्धारण गरी सोको प्राप्तिका लागि शिक्षकहरूको न्यूनतम योग्यता तोकी तालिमको समेत व्यवस्था गर्नु पर्दछ भन्ने कुरालाई तलको अध्ययनले थप पुष्टि गर्दछ ।

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८) ले पनि देशभरी एकै प्रकारको शिक्षा पद्धति लागु गर्ने, ३ देखि ५ वर्षसम्मका बालबालिकाको लागि पूर्व प्राथमिक शिक्षाको व्यवस्था गर्ने, प्राथमिक शिक्षालाई कक्षा १ देखि ५ सम्म मान्ने, प्राथमिक शिक्षा निःशुल्क र सर्वसुलभ बनाउने, शिक्षाको गुणस्तर बढाउन शिक्षक तालिमको व्यवस्था गर्ने भनी आफ्नो प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-२०३२) का अनुसार अधिराज्यभर एकै किसिमको पाठ्यक्रम लागु गर्ने, प्राथमिक तहको संरचना कक्षा १ देखि ३ सम्मको हुने, प्राथमिक शिक्षाको मुख्य उद्देश्य साक्षरता हुने, शिक्षकको लागि तालिमको व्यवस्था गर्ने, न्यूनम योग्यता प्रवेशिका पास र तालिम हुनु पर्ने भनी उल्लेख गरेको पाइन्छ ।

देश, काल, परिस्थिति अनुसार शिक्षाको राष्ट्रिय उद्देश्यमा पनि परिवर्तन गर्नु पर्दछ । प्राथमिक तहको शिक्षा जीवनसँग सम्बन्धित गराउन सिकारुको रुचि, चाहना र आवश्यकतालाई मध्यनजर गर्दै मातृभाषामा शिक्षण गर्ने व्यवस्था मिलाउनु पर्दछ । जुन कुरालाई राष्ट्रिय शिक्षा आयोगको तल उल्लेखित प्रतिवेदनले समेत पुष्टि गरेको छ ।

वि.सं. २०४६ सालमा पुनः प्रजातन्त्रको स्थापना भएपछि गठित राष्ट्रिय शिक्षा आयोग (२०४९) ले प्राथमिक शिक्षा सम्बन्धमा सिफारिस गरे अनुसार प्राथमिक शिक्षाको संरचनालाई कक्षा १ देखि कक्षा ५ सम्म नै कायम राख्ने र कक्षा १ देखि कक्षा ३ सम्मलाई आधारभूत साक्षरताको रूपमा मानिनु पर्ने, प्राथमिक शिक्षा जीवनसँग सम्बन्धित हुनुपर्ने, मातृभाषामा शिक्षण गर्ने व्यवस्था मिलाउने भनी उल्लेख गरेको पाइन्छ ।

शिक्षाको आधारस्तम्भ भनेको प्राथमिक शिक्षा हो । त्यसैले प्राथमिक तहको शिक्षालाई विशेष प्राथमिकताका साथ गुणस्तरीय बनाउनु पर्दछ । त्यसका लागि लक्ष्य निर्धारण गरी वैज्ञानिक नक्साङ्कनको आधारमा विद्यालय स्थापना गर्नु पर्दछ । प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिँदै सम्पूर्ण नागरिकका लागि सर्वसुलभ हुने गरी शिक्षाको व्यवस्थापनमा ध्यान दिनु पर्दछ भन्ने तथ्यलाई तलको अध्ययनले पुष्टि गरेको छ ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५) ले पनि प्राथमिक शिक्षालाई प्राथमिकता दिएको पाइन्छ । नवौं योजनाको अन्त्य सम्म ६-१० उमेर समुहका ९०% र दशौंमा १००% साक्षर बनाउने लक्ष्य लिनुपर्ने, विद्यालयको नक्साङ्कन र सुगमतालाई ध्यान दिइने, १ वर्षको पूर्व प्राथमिक शिक्षा, २ वर्षे उच्च माध्यमिक शिक्षा हुने, प्रविणता प्रमाणपत्र तह विस्थापित हुने, प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिइने, उच्च शिक्षाले राष्ट्र र समाजको विकासमा विज्ञान, प्रविधि र ज्ञानका क्षेत्रमा आवश्यक उच्च गुणस्तरयुक्त मानवीय संसाधन तयार गर्नु पर्ने, उच्च शिक्षा विशिष्टीकृत शिक्षा भएकाले राष्ट्रको विकासमा मुख्य समस्याको समाधानमा भूमिका खेल्ने जिम्मेवारी लिनुपर्ने, खुला विश्वविद्यालय र दुर शिक्षाको व्यवस्थापनमा जोड दिने महिलालाई शिक्षामा समान अवसर दिइने, अपाङ्गहरूलाई विशेष शिक्षाको व्यवस्था मिलाइने भनी उल्लेख गरेको पाइन्छ ।

प्राथमिक तहको शिक्षामा सर्वसुलभता कायम गर्न यसलाई पूर्ण रूपमा निःशुल्क गरिनु पर्दछ भने निम्न माध्यमिक र माध्यमिक तहमा शुल्क निर्धारणको मापदण्ड कायम गरिनु पर्दछ । त्यस्तै गरी गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय शिक्षक छनोट सम्बन्धी नीति कार्यान्वयन गरिनु पर्दछ भन्ने कुरालाई शर्माले थप प्रष्ट पारेका छन् ।

शर्मा, (२०६७) का अनुसार शिक्षा सम्बन्धी उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन, (२०५८) ले पनि प्राथमिक शिक्षामा जोड दिन सामुदायिक विद्यालयको प्राथमिक तहको शिक्षामा कुनै प्रकारको शुल्क लिन नपाइने, पूर्णतया निःशुल्क हुने, निम्न माध्यमिक र माध्यमिक तहमा शुल्क निर्धारणको मापदण्ड लागु गरिने, शुल्क निर्धारणको आधार विद्यालयको आम्दानी खर्चको हिसाब पारदर्शी बनाइने, शिक्षालाई सेन्स प्रणाली लागु गरिने लाइसेन्स प्रदान गर्ने संस्था बनाइने, लाइसेन्स प्राप्त शिक्षकहरू मध्येबाट प्रतिस्पर्धा गराई शिक्षक छनोट र नियुक्ति गर्ने नीति अपनाइने आदि उल्लेख गरेको छ ।

प्राथमिक तहको शिक्षालाई शिक्षाको आधारस्तम्भ मानी विभिन्न समयमा गठित आयोगहरूले यसमा जोड दिएको पाइन्छ । नेपालको सन्दर्भमा तथ्याङ्कको अवस्था हेर्ने हो भने वि.सं. २००७ सालसम्म नेपालमा ३०१ वटा जति प्रारम्भिक एवम् प्राथमिक विद्यालयहरू तथा प्राथमिक उमेरका विद्यार्थी भर्ना संख्या ५००५ रहेको र प्राथमिक विद्यालयको शुरुवात देव शमशेरको पालादेखि भएको मानिन्छ । त्यस्तै आर्थिक सर्वेक्षण २०६७/०६८ भाग २ (२०६८) का अनुसार प्राथमिक तहको विद्यार्थी भर्ना प्रवृत्ति शैक्षिक सत्र २०६५ मा ४७८२३१३ रहेकोमा शिक्षा विभाग (२०१०) का अनुसार शैक्षिक सत्र २०६६ मा ४९५१९५६ र विद्यालय संख्या ३३१६० मध्ये प्रा.वि. तह ३२६४८ रहेको पाइन्छ । त्यसै गरी शैक्षिक सत्र २०६५ को कक्षा १ मा जम्मा २७% मध्ये २६.६% र कक्षा ५ मा जम्मा ७.७% मध्ये ६.८% छात्रा र शैक्षिक सत्र २०६६ को कक्षा १ मा जम्मा २२.६% मध्ये २२.३% र कक्षा ५ मा जम्मा १२.१% मध्ये १२% छात्राले कक्षा दोहोऱ्याएको पाइन्छ । वि.सं. २०४९ साल देखि नेपालमा कक्षा १ देखि ५ सम्मको शिक्षालाई आधारभूत शिक्षाको रूपमा अङ्गीकार गरिएको छ ।

त्यस्तै विद्यालय क्षेत्र सुधार कार्यक्रम, (२०६६-२०७२) का अनुसार वि.सं. २०७२ सम्म कक्षा १ देखि कक्षा ८ सम्मलाई आधारभूत तह बनाउने अवधारणा आएको पाइन्छ । त्यस्तै उक्त कार्यक्रम अनुसार विद्यालय उमेरका सम्पूर्ण बालबालिकाहरूलाई विद्यालयीय शिक्षामा पहुँचको सुनिश्चितता गर्न कक्षा १ देखि कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अनुसार कक्षोन्नति गरी कक्षा दोहोऱ्याउने र छाड्ने दरलाई न्यूनिकरण गर्ने उद्देश्य लिएको छ ।

प्राथमिक शिक्षालाई अनिवार्य, आधारभूत र पहुँचका दृष्टिकोणले सर्वसुलभ बनाउने दायित्व राज्यले लिनु पर्दछ । त्यसको लागि पहुँचको दृष्टिले पछाडि परेका बालबालिकाहरूलाई विशेष कार्यक्रममार्फत् उनीहरूलाई विद्यालयीय शिक्षामा प्रवेश गराउनु पर्दछ । त्यसको लागि सरकारले प्राथमिकता दिएको पाइन्छ तापनि लक्ष्य पूरा हुन नसकिरहेको अवस्थाको पुष्टि तलको अध्ययनबाट हुन्छ ।

काफ्ले र अन्य, (२०६०) का अनुसार प्राथमिक शिक्षा राज्यको दायित्व भित्र रहेको पाइन्छ भने हाल सरकारको सार्वजानिक बजेटको करिव १७ प्रतिशत आधारभूत तथा प्राथमिक

शिक्षामा खर्च भएको पाइन्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने शिक्षा विभाग (२०१०) का अनुसार अहिले पनि ५.५% प्राथमिक उमेरका बालबालिका विद्यालयीय शिक्षाको पहुँच बाहिर रहेको छन् ।

शिक्षा नीति तथा कार्यक्रम राष्ट्रिय एवम् सामाजिक आवश्यकता र सिकारुको चाहना अनुरूप समय सापेक्ष हुनु पर्दछ । यदि शिक्षाले सामाजिक एवम् राष्ट्रिय आवश्यकता र सिकारुको चाहनालाई सम्बोधन गर्न सकेन भने शिक्षाको आधारस्तम्भको रूपमा रहेको प्राथमिक तहका विद्यार्थीहरूमा नै विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने जस्ता प्रवृत्तिहरू देखा पर्दछन् । त्यसैले यस्तो स्थितिमा विद्यालयीय औपचारिक शिक्षाको साथै अनौपचारिक शिक्षाको समेत व्यवस्था गर्नु पर्दछ भन्ने तथ्यलाई तलको राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले पनि प्रष्ट पारेको छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, (२०५५) का अनुसार विद्यार्थीहरूले विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने, प्राथमिक चक्र पूरा नगर्ने प्रवृति प्राथमिक कक्षाहरूमा विकराल रूपमा देखिएको छ । कक्षा १मा भर्ना भएका विद्यार्थीहरू मध्ये केवल ३७.३%मात्र कक्षा २ मा जान्छन् । अरु या असफल भएर कक्षा दोहोऱ्याउनछन् वा विद्यालय छाड्छन् । तिनिहरूलाई प्राथमिक विद्यालयमा ५ कक्षा उत्तीर्ण नगरुन्जेल कसरी थामी राख्ने भन्ने ठूलो चुनौती रहेको छ । प्राथमिक शिक्षालाई सर्वसुलभ गराउन औपचारीक शिक्षाबाट मात्र सम्भव छैन र यसका निमित्त औपचरिक तथा अनौपचारिक दुवै शिक्षाको व्यवस्था हुनु जरुरी छ ।

शिक्षा पाउनु सबैको नैसर्गिक अधिकार हो । उक्त अधिकारको सुनिश्चितताको लागि प्राथमिक तहको शिक्षा पूर्ण रूपमा निःशुल्क र अनिवार्य गरिनु पर्दछ । यसको लागि राज्य तहको अतिरिक्त स्थानीय जनताहरूको आर्थिक तथा भौतिक सहयोगबाट समेत व्यवस्थापन गर्न सकिन्छ । जुन कुरालाई राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले समेत प्रष्ट पारेको छ ।

नेपाल राष्ट्रिय शिक्षा आयोग, (२०१०) का अनुसार आजको विश्वमा शिक्षा पाउनु सबैको अधिकारको विषय भएको छ । प्राथमिक तहमा अध्ययन गर्ने उमेर समूह ६-१० वर्ष भित्रका बालबालिकाहरूको निमित्त प्राथमिक शिक्षा निःशुल्क र अनिवार्य हुनु पर्दछ । निःशुल्क शिक्षा

स्थानीय जनताहरूको चन्दा र सहायताबाट चलाउन सकिन्छ । शिक्षा प्रत्येकको अविछिन्न अधिकार भएकोले शिक्षामा आर्थिक सहायता गर्नु प्रत्येकको कर्तव्य हुनेछ ।

विकासोन्मुख तथा भौगोलिक विकटता भएका देशको लागि शिक्षामा सर्वसुलभता कायम गरी यसको विस्तार गर्न विभिन्न कठिनाइहरू झेल्नु परेको छ । भौगोलिक हिसाबले विद्यालय स्थापना गर्नुपर्ने स्थानमा विद्यालय नहुँदा बालबालिकाहरू टाढाको विद्यालयमा भर्ना हुन सक्दैनन् । विद्यालयको नजिक कोठा लिएर बस्न उनीहरूको आर्थिक हैसियत हुँदैन । त्यसले गर्दा कतिपय बालबालिकाहरू शिक्षाको अवसरबाट वञ्चित रहनु परेको छ भने भर्ना भएकामध्ये कतिपयले शैक्षिक सत्रको बीचैमा कक्षा छोड्न र कक्षा दोहोऱ्याउन बाध्य भएका छन् । जसलाई शैक्षिक क्षतिको रूपमा लिन सकिन्छ । यस्तो प्रकारको शैक्षिक क्षति प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरूमा विकराल रूपमा देखापरेको छ भन्ने तथ्यलाई तलको अध्ययनले पनि पुष्टि गरेको छ ।

अधिकारी, (२०६०) का अनुसार हाम्रो जस्तो विकासोन्मुख तथा भौगोलिक विकटता भएको देशमा शिक्षालाई सर्वसुलभ तथा व्यापक बनाउन विभिन्न समस्याहरू देखापरको पाइन्छ । विद्यालय उमेर पुगेका कैयौं बालबालिका शिक्षाको अवसरबाट बञ्चित रहनुपर्ने बाध्यता रहेको, विद्यालय प्रवेश पाएकाले पनि बीचैमा कक्षा छाड्ने परिस्थिति आउनु अनि ठूलो संख्यामा कक्षा दोहोऱ्याउनु आदि कारणले गर्दा हाम्रो शैक्षिक लगानी अनुसार त्यसको प्रतिफल प्राप्त हुन सकिरहेको छैन । शिक्षा विभाग २०६७ अनुसार कक्षा दोहोऱ्याउने अवस्था कक्षा १ मा २२.६०%, कक्षा २ मा ८.६%, कक्षा ३ मा ७.९% कक्षा ४ मा ७.८% र कक्षा ५ मा ५.७% रहेको छ । जसबाट नेपालको शैक्षिक नोक्सानीको अवस्था कस्तो छ भन्ने कुरा देख्न सकिन्छ ।

राष्ट्रको शैक्षिक नीति तथा लगानीको साथसाथै विद्यालयमा शैक्षिक सरोकारवालाहरूको उपस्थिति, अनुपस्थिति एवम् क्रियाशीलताले शिक्षण सिकाइमा महत्वपूर्ण प्रभाव पारेको हुन्छ । यसरी विद्यालयमा प्र.अ., शिक्षक, विद्यार्थी लगायत वि.व्य.स., अभिभावक, वि.नि. र स्रोत व्यक्तिको उपस्थिति, उनीहरूको शिक्षण सिकाइ क्रियाकलापमा सुझाव र जिज्ञासा जस्ता पक्षले विद्यार्थीको सिकाइ क्रियाकलापलाई प्रभाव पार्ने गर्दछन् । प्रभावकारी शिक्षण

सिकाइ क्रियाकलाप र सकारात्मक जिज्ञासा एवम् सुझावले शैक्षिक गुणस्तरमा बृद्धि हुन्छ भने यसको अतिरिक्त गुणस्तरमा ह्रास आउनासाथ विद्यार्थीले कक्षा छाड्ने वा कक्षा दोहोऱ्याउने दरमा बृद्धि हुन्छ । वास्तवमा यो नै शैक्षिक क्षति हो । प्राथमिक विद्यालय तहमा शैक्षिक क्षतिको रूपमा विद्यमान रहेको कक्षा दोहोऱ्याउने प्रवृत्तिको कारक तत्व पत्ता लगाई त्यसको न्यूनिकरण गर्ने उपायहरू सुझाउन यो अध्ययनको शीर्षक "प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था" छनोट गरिएको छ ।

## १.२ समस्याको कथन

शर्मा, (२०५९) का अनुसार मानव जातिको विकासको मुख्य माध्यम शिक्षा हो भन्ने कुरा निर्विवाद भइसकेको छ । परिवर्तित समय अनुसार शिक्षाको विस्तार र विकासको लागि विश्वभरी नै महत्व दिएको छ । यस सम्बन्धी विभिन्न खोज, अनुसन्धान आदि कार्य व्यापक रूपमा भैरहेका छन् । नेपालको शैक्षिक विकासको लागि सरकारी तथा गैर सरकारी निकायहरूबाट विभिन्न प्रयासहरू हुदै आएका छन् । देशको सम्पूर्ण भू-भागमा बसोवास गर्ने बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर प्राप्त गर्नु पर्दछ भन्ने कुरा देशले स्वीकार गरेको छ । प्राथमिक विद्यालयमा भर्ना भएका विद्यार्थी मध्ये ७०.४ प्रतिशत ले मात्र प्राथमिक तहको शिक्षा पूरा गरेको, बीचमै विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने प्रवृतिले व्यापकता पाएको विभिन्न तथ्याङ्कहरूबाट प्रष्ट हुन्छ । प्राथमिक शिक्षाको मूलभूत उद्देश्य शिक्षालाई बालकेन्द्रित गरी बालबालिकामा अन्तर्निहित क्षमताको विकास गर्ने, दैनिक व्यवहारमा आइपर्ने, जीवनपयोगी मुल्य, मान्यता र आस्थाहरूको सम्वर्द्धन गरी इमान्दारीता, स्वावलम्वन र श्रमशीलता जस्ता गुणहरू र नागरिक वैज्ञानिक तथा वातावरणीय चेतनाको विकास गर्ने हुने छ । देशले तय गरेको प्राथमिक शिक्षाको उद्देश्य र प्राथमिक तह पूरा गर्ने बालबालिकाको प्रतिशतको आँकलन गर्दा कक्षा दोहोऱ्याउने विद्यार्थीको प्रतिशत १७.२ रहेको हुँदा शिक्षाको साधारण उद्देश्यहरू पूरा नभै देशले ठूलो शैक्षिक क्षति व्यहोरी रहेको प्रष्ट हुन्छ ।

प्राथमिक शिक्षा नै व्यक्तिको लागि ज्ञानको मूल जग हो । व्यक्तिको शैक्षिक जीवनको आधार नै प्राथमिक शिक्षा हो । प्राथमिक शिक्षा, शिक्षा क्षेत्रको जग हो, जसको अभावमा पुरै शिक्षा

प्रणाली नै कमजोर सावित हुन्छ। वर्तमान समयमा प्राथमिक तहमा विद्यालयमा रहेको कक्षा दोहोऱ्याउने विद्यार्थीको अवस्था अपेक्षित शैक्षिक उद्देश्य प्राप्तिको वाधक सावित भएको छ। कक्षा दोहोऱ्याउने विद्यार्थीको अवस्था देश, काल, परिस्थिति, क्षेत्र, वर्ग, स्तर र विद्यालयपिच्छे फरक-फरक हुने गरेको पाइन्छ । यस्ता प्रवृति पत्ता लगाई त्यसलाई रोक्न उपायहरूको खोजी गर्न आवश्यक भएकोले प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था शीर्षकमा गरिने अध्ययनबाट कक्षा दोहोऱ्याउने अवस्थाको पहिचान गरी, कक्षा दोहोऱ्याउने प्रवृतिका कारण तत्वहरू पत्ता लगाई यसको न्यूनिकरण गर्नका लागि उपायहरू खोज्नमा केन्द्रित भई अध्ययन र विश्लेषण गरिने छ । तसर्थ यो अध्ययन निम्न प्रश्नहरूको उत्तर खोजी गर्ने प्रयासमा हुने छ।

(क) बालबालिकाको भर्ना स्थिति कस्तो छ ?

(ख) भर्ना भएका बालबालिकाहरू नियमित रूपमा विद्यालय जान्छन् ?

(ग) के कारणले गर्दा बालबालिकाहरू नियमित रूपमा विद्यालय जाँदैनन् ?

(घ) के कस्ता सुविधा उपलब्ध भएमा बालबालिकाहरू नियमित रूपमा विद्यालय जालान् ?

(ङ) भर्ना भएका सबै बालबालिकाहरूले परीक्षामा सहभागिता जनाउँछन् ?

(च) बालबालिकाहरू वार्षिक परीक्षामा असफल हुनुका कारणहरू के-के होलान् ?

(छ) परीक्षामा असफल हुने सबै बालबालिकाहरूले कक्षा दोहोऱ्याउँछन् ?

(ज) के गरेमा यो अवस्थामा कमी ल्याउन सकिएला ?

यी कुराहरूको विचार गरी प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीको अवस्थालाई यस अध्ययनको समस्याको रूपमा लिइएको छ।

## १.३ अध्ययनको औचित्य

काफ्ले र अन्य, (२०६०) का अनुसार कुनै पनि देशको विकासमा शिक्षाको भूमिका महत्वपूर्ण रहेको हुन्छ । शिक्षा नै मानव विकासको आधारशिला हो । तसर्थ मानवको चौतर्फी विकासको लागि शिक्षाको जरुरत पर्दछ । कुनै पनि मुलुकमा बस्ने नागरिकका लागि शिक्षाको व्यवस्था गर्नु भनेको देश विकासको मार्ग प्रशस्त गर्न सक्नु, दैनिक जीवनमा आइपर्ने गणितिय हिसाव गर्न सक्नु तथा दैनिक जीवनमा आइपर्ने समस्या समाधान गर्न

सक्नुलाई शिक्षा भनिन्छ । शिक्षा बिना कुनै पनि पक्षको विकास सम्भव छैन । यस्ता पक्षको सन्तुलित विकासका लागि गुणस्तरयुक्त, प्राविधिक तथा व्यवहारिक र जीवनपयोगी शिक्षाको आवश्यकता पर्दछ । शिक्षाले संरक्षणात्मक, सुधारात्मक, रूपान्तरण तथा हस्तान्तरण जस्ता कार्यहरूको माध्यमबाट व्यक्तिलाई शिक्षित बनाउने कार्य गर्दछ र शिक्षित व्यक्तिहरूबाट नै घर, परिवार, समाज र सिङ्गो राष्ट्रको दिगो विकास भई राष्ट्र समुन्नत बन्छ ।

विकासोन्मुख मुलुकहरूको लागि मात्र नभएर विकसित मुलुकहरूमा समेत प्राथमिक शिक्षालाई महत्वपूर्ण र शिक्षाको आधारस्तम्भ मनिन्छ । नेपालको सन्दर्भमा प्राथमिक शिक्षालाई निःशुल्क गरी पाठ्यपुस्तक तथा स्थान विशेषमा खाजाको व्यवस्था र विभिन्न प्रकारका छात्रवृत्तिको समेत व्यवस्था गरिदै आएको पाइन्छ । तथापी प्राथमिक विद्यालयीय उमेर समूहका करीब ५.५% बालबालिकाहरू प्राथमिक शिक्षको पहुँचभन्दा बाहिर रहेको शिक्षा विभाग, (२०१०) को तथ्याङ्कबाट प्रष्ट भईसकेको छ भने विद्यालय भर्ना भएका विद्यार्थीहरूमध्ये पनि केही विद्यार्थीहरू कक्षाको अन्तिम परीक्षामा उत्तीर्ण हुन नसकी पुनः उही कक्षा दोहोऱ्याउने अवस्थामा रहेको पाइन्छ ।

देश विकासको विविध पक्षमा शिक्षाको जति महत्व र आवश्यकता छ, आजको परिस्थितिमा शिक्षामा गुणस्तरीयता कायम गर्नु एवम् शिक्षामा समान पहुँच र सहभागिता सुनिश्चित गर्नु झन् बढि आवश्यक हुन्छ । त्यस्तै गरी शिक्षामा नियमितता बढाई कक्षा दोहोऱ्याउने अवस्था सम्बन्धी समस्या समाधानको खोजी गरी शैक्षिक क्षति हुनबाट देशलाई जोगाउनु पर्दछ । यसै परिप्रेक्ष्यमा प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था, कारण र न्यूनिकारण गर्ने उपायहरू खोजी "सबैको लागि शिक्षा २०१५" को नारालाई प्रभावकारी कार्यान्वयन गर्ने दौरानमा र नयाँ संविधान निर्माणमा शैक्षिक मुद्धालाई अझ बढि मजबुत बनाउने सवालमा समेत यो अध्ययन झन बढि महत्वपूर्ण भएको महशुश गरिएको छ । रम्भा उ.मा.वि. ताहूँ स्रोत केन्द्रका ८ वटा विद्यालयका प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने अवस्था सृजना गराउने विद्यालय भित्र र बाहिरका एवम् विद्यार्थीका आन्तरिक र बाह्य जस्ता विविध कारक तत्वहरूका साथै अभिभावकहरूको आर्थिक, सामाजिक, सांस्कृतिक रीतिरिवाज आदिले के कस्तो प्रभाव पार्दछन् भन्ने विषयमा गरिने यस अध्ययनले अध्ययनमा समावेश तत्वहरू र तिनको प्रभावबारे ग्रामीण भेकका

सामुदायिक विद्यालयका प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने अवस्थासँग सामान्यीकरण गर्ने लक्ष्य लिएको छ ।

यसै सन्दर्भमा शिक्षाको आधार स्तम्भको रूपमा रहेको प्राथमिक शिक्षालाई गुणस्तरीय बनाउन, विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने अवस्थाको न्यूनिकरण गर्न प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था नामक शीर्षकमा शोधपत्र तयार गर्नुपर्ने औचित्य निम्नानुसार छन् :

१) हाम्रो जस्तो विकाशोन्मुख देशमा प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने अवस्थाका कारण भएको शैक्षिक क्षतिको बारेमा सरोकारवालालाई जानकारी गराउन सकिने विश्वास लिएको छ ।

२) प्राथमिक तहका विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने अवस्था आउनुका कारणहरू पत्ता लगाउन शिक्षक, प्र.अ., वि.व्य.स. शिक्षक अभिभावक संघ, अभिभावक, स्रोत व्यक्ति र वि.नि. लाई सहयोग पुऱ्याउने छ ।

३) विद्यालयमा कक्ष दोहोऱ्याउने अवस्था न्यूनिकरण गर्न गरिएको विभिन्न प्रयासको मुल्याङ्कनलाई सहयोग पुग्ने छ ।

४) यस अध्ययनबाट कक्षा दोहोऱ्याउने अवस्थालाई न्यूनिकरण गर्न अपनाउनु पर्ने भावी रणनीतिहरूको योजना बनाउन सम्बन्धित सरोकारवालाहरूलाई सहयोग गर्ने छ ।

५) कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था सम्बन्धी अध्ययन अनुसन्धान गर्न इच्छुक, अनुसन्धानकर्ताहरूलाई अध्ययन अनुसन्धान कार्यको लागि सहयोग गर्ने छ ।

६) अन्त्यमा यस विषयसँग सरोकार राख्ने विभिन्न व्यक्तिहरू शिक्षकहरू, शिक्षाविद्हरू, विभिन्न सरकारी निकायहरू, नीतिनिर्माताहरूलाई शैक्षिक क्षतिको रूपमा रहको कक्षा दोहोऱ्याउने अवस्था न्यून गर्नको लागि आवश्यक नीति निर्माण गर्न समेत सहयोग पुग्ने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१) प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको वर्तमान अवस्था पहिचान गर्नु,

२) कक्षा दोहोऱ्याउने प्रवृतिका कारक तत्वहरू पत्ता लगाउनु,

३) कक्षा दोहोऱ्याउने अवस्था न्यूनिकरण गर्न उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

माथि उल्लेखित उद्देश्यहरू प्राप्तिका लागि निम्न अनुसन्धानात्मक प्रश्नहरू राखिएका छन् :

१) प्राथमिक तहमा विद्यार्थी भर्ना, कक्षा उत्तीर्ण र कक्षा दोहोऱ्याउनेको अवस्था कस्तो छ ?

२) विद्यार्थीहरू नियमित रूपमा विद्यालयमा उपस्थिती कस्तो रहेको छ ?

३) विद्यार्थीहरू परीक्षामा किन असफल हुन्छन् ?

४) कक्षा दोहोऱ्याउने विद्यार्थीको संख्या कति छ ?

५) कक्षा दोहोऱ्याउने  कारक तत्वहरू के के हुन् ?

६) कक्षा दोहोऱ्याउने अवस्था न्यूनिकरण गर्ने उपायहरू के के हुन् ?

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन लुम्बिनी अञ्चल पाल्पा जिल्लाको रम्भा उ.मा.वि. ताहूँ स्रोत केन्द्र अन्तरगत रहेका २८ ओटा सामुदायिक विद्यालयहरू मध्ये ८ ओटा विद्यालयका प्रा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूमा सीमित गरिएको छ । अध्ययनको सीमामा रम्भा उ.मा.वि., मातृभूमि उ.मा.वि., जनहित मा.वि., भिमसेन प्रा.वि., कमलादेवी प्रा.वि., जनप्रिय प्रा.वि., जनता प्रा.वि. र पशुपति प्रा.वि. लाई राखिएको छ । यो अध्ययनको उद्देश्य र क्षेत्र व्यापक भए पनि समय, स्रोत र साधनको सीमिततालाई मध्यनजर राखेर सीमित परिधिमा गरिएकोले सम्पूर्ण राष्ट्रको प्रतिनिधित्व गराउन सकिएको छैन । तथापी ८ वटा विद्यालयको आधार लिई अध्ययनलाई सामान्यीकरण गरी अध्ययनलाई परिसीमित गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

सम्बन्धित साहित्यको पुनरावलोकनले यसभन्दा अघि कुन क्षेत्रमा के कस्ता शोधकार्य गरिएको छ र अहिले गरिने शोधकार्यलाई के कस्तो सहयोग पुऱ्याउँछ भन्ने कुराको जानकारी दिन्छ भने सैद्धान्तिक खाकाले शोध कार्यलाई अन्य बाटोमा जान नदिई निश्चित दिशा निर्माण गर्न सहयोग पुऱ्याउँछ । यस परिच्छेदमा सम्बन्धित साहित्यको पुनरावलोकन, सैद्धान्तिक खाका र शैक्षिक उपादेयतालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

आजको २१ औँ शताब्दि विज्ञान र प्रविधिको युग हो । विज्ञान र प्रविधिले कुनै पनि क्षेत्रलाई अछुतो नराखेको विद्यमान परिवेशमा शिक्षा क्षेत्र पनि यसबाट टाढा रहन सक्दैन । विज्ञान र प्रविधिको विकास र विस्तारले हरेक अनुसन्धानलाई चुनौतिको साथै सहजता र सरलता प्रदान गरेको छ । सम्बन्धित अनुसन्धान, रचना तथा कृतिको समीक्षाबाट शोध शीर्षकको आधारभूत ज्ञान प्राप्त हुने गर्दछ । यसै सन्दर्भमा खनाल, (२०६०) का अनुसार सम्बन्धित रचना कृतिको विश्लेषण तथा समीक्षाको उद्देश्य शोध शीर्षकको आधारभूत ज्ञान हासिल गरी त्यसको बारेमा धारणा कोर्नु हो । यस अध्ययनको विषयसँग सम्बन्धित साहित्यको पुनरावलोकन गर्ने सन्दर्भमा विभिन्न शोध अनुसन्धान गरिएका पुस्तक, पत्रपत्रिका, लेख, रचना आदि सामग्रीको कमी भए तापनि प्राप्त भएका प्रकाशित विभिन्न पुस्तक, पत्रपत्रिका, प्रतिवेदन, लेख, रचना, समाचारपत्र तथा अन्य स्तरीय सन्दर्भ ग्रन्थहरूको अध्ययनबाट निस्केका सार उल्लेख गरिएको छ ।

विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने, परीक्षामा असफल हुने बालबालिकाहरूमा प्रायः महिला, पिछडिएका जनजाति र अपाङ्गहरूको संख्या बढि देखिन्छ । यसका मुख्य कारणहरूमा परिवारको आर्थिक विपन्नता, सामाजिक मूल्य एवम् मान्यता, जातीय विभेद, रुढिवादी परम्परा, शिक्षण सिकाइ परम्परागत हुनु, शैक्षिक सामग्रीमा न्यून लगानी हुनु रहेका छन् । विद्यमान शैक्षिक क्षतिको न्यूनिकरणका लागि अभिभावकहरूमा आयमूलक तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, शिक्षण सिकाइमा सुधार तथा शैक्षिक सामग्रीमा पर्याप्त लगानी गर्नुपर्ने कुरामा तलको अध्ययनले थप जोड दिएको छ ।

सिंह, (२०६४) का अनुसार नेपालमा प्राथमिक विद्यालयहरू निःशुल्क भए पनि यहाँ अध्ययनरत विद्यार्थीहरूमा महिला पिछडिएका जनजाति र अपाङ्गहरूको संख्या न्यून रहेको पाइन्छ । यस्ता समूहले विद्यालय प्रवेश गरेपनि बीचैमा विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने, परीक्षामा असफल हुने गर्दछन् । यसको पछाडी उनीहरूको आर्थिक विपन्नता, पूरानो सामाजिक उच्च-नीच जस्ता जातीय भेदभाव एवम् रुढीवादी परम्परा रहेको देखिन्छ । त्यस्तै गरी प्राथमिक शिक्षाको कुल खर्चमध्ये शिक्षकको तलब भत्तामा ८८.५५% खर्च रहेको छ भने शैक्षिक सामग्रीमा पर्याप्त रकम खर्च नहुँदा एकातिर शिक्षण सिकाइ प्रभावकारी नभई पाठ्क्रमको उद्देश्य पूरा हुन सकिरहेको छैन भने अर्कातिर करिव १३ लाख बालबालिकाहरू वर्षेनी कक्षा १ मा दोहोऱ्याउने, अनुत्तीर्ण हुने र विद्यालय छाड्ने हुने गरेको व्यहोरा सेरिडले जनाएको छ ।

विद्यार्थीको कक्षोन्नतिमा वर्षको एकपटक मात्र लिइने वार्षिक परीक्षालाई आधार मानिन्छ । यो मूल्याङ्कन कक्षोन्नतिको लागि समस्या बनेको छ । यसबाट कक्षा दोहोऱ्याउने र विद्यालय छोड्ने अवस्थाबाट सिर्जित शैक्षिक क्षतिलाई घटाउन र विद्यार्थीहरूलाई पढाइमा थामीराख्न न्यूनतम कक्षा १ देखि कक्षा ३ सम्म विद्यार्थीहरूले स्वभाविक रूपमा तल्लो कक्षाबाट माथिल्लो कक्षामा चढ्न पाउने उदार कक्षोन्नतिको व्यवस्था गर्नु पर्दछ । जुन कुरालाई शर्मा एण्ड शर्माको अध्ययनले पनि पुष्टि गरेको छ ।

शर्मा एण्ड शर्मा, (२०६५) का अनुसार प्राथमिक तहमा हाल विद्यमान गम्भिर शैक्षिक क्षतिको सिर्जना वर्तमान परीक्षा प्रणालीबाट भएको हो । विद्यार्थीले विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने मूल कारण वर्षको अन्त्यमा लिइने औपचारिक परीक्षा र त्यसमा विद्यार्थीको असफलता बनेको छ । प्राथमिक तहका प्रारम्भिक कक्षाहरूमा गृहकार्य, मौखिक कार्य, अतिरिक्त क्रियाकलापमा संलग्नता र कक्षा परीक्षालाई आधार मानी नियमित रूपले प्राथमिक कक्षाका बालबालिकाहरूको अनवरत मूल्याङ्कन नगरी वर्षको एकपटक लिइने औपचारिक परीक्षाको नतिजालाई आधार बनाएर कक्षा चढाउने वा दोहोऱ्याउन लगाउने गरिन्छ । प्रारम्भिक कक्षाहरूको मुख्य उद्देश्य बालबालिकाहरूको विद्यालयमा आउने बानी बसाल्ने, सिकाइप्रति तयार गर्ने हुनु पर्नेमा सो नभई बढी विषयवस्तुप्रधान वा प्राज्ञिक खालको हुन पुगी कक्षा छोड्ने तथा दोहोऱ्याउने जस्ता असफलताको कारण बन्न पुगेको छ ।

शैक्षिक क्षतिको रूपमा देखा परेको कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने दरलाई न्यूनिकरण गर्न तथा विद्यार्थीहरूको पढाइमा निरन्तरता दिन प्राथमिक तहको लागि लिखित परीक्षा बाहेक निरन्तर विद्यार्थी मूल्याङ्कन अनुरूप उदार कक्षोन्नतिको लागि लेखाजोखा गर्नु पर्दछ । जुन कुरालाई ज.व.रा. को अध्ययनले पनि पुष्टि गरेको छ ।

ज.व.रा., (२०६४) का अनुसार कक्षा दोहोऱ्याउने र विद्यालय छोड्ने अवस्थाबाट सिर्जित शैक्षिक क्षतिलाई घटाउन र विद्यार्थीहरूलाई पढाइमा थामिराख्नका लागि कक्षा १ देखि ३ सम्म विद्यार्थीहरूले स्वभाविक रूपमा तल्लो कक्षाबाट माथिल्लो कक्षामा चढ्न पाउने उदार कक्षोन्नतिको व्यवस्था गर्नुपर्छ । उदार कक्षोन्नतिको नीति अवलम्बन गर्दा अनवरत मूल्याङ्कनलाई सँगसँगै लैजानु आवश्यक छ । विद्यार्थीहरूको उपलब्धीको लेखाजोखाका निम्ति वार्षिक परीक्षाका अतिरिक्त मासिक परीक्षा, लिखित तथा मौखिक परीक्षा, गृहकार्य, उपस्थिति र अभिलेख समेतलाई आधार बनाइनु पर्छ ।

आर्थिक विपन्नता, परिवारको आकार ठूलो, घरायसी कामधन्दा, जातीय विभेदका कारणले गर्दा पनि ग्रामिण भेगका विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूले कक्षा दोहोऱ्याउन तथा कक्षा छाड्न बाध्य भएका छन् । यी अवस्थामा सुधार गर्न अभिभावकहरूमा आयमूलक तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरामा सेरिडको अध्ययनले जोड दिएको पाइन्छ ।

सेरिड, (२००३) को अध्ययन अनुसार ग्रामीण विद्यालयमा भर्ना भएका विद्यार्थी विभिन्न कारणहरूले गर्दा पढाइलाई निरन्तरता दिन नसकेर बीचमा छोड्न पर्ने वा कक्षा दोहोऱ्यानु पर्ने कारणहरूमा परिवारको आकार, घरायसी काम धन्दा, परिवारको आर्थिक अवस्था तथा जातीय विभेदलाई नै प्रवल कारणको रूपमा  लिन सकिन्छ । बच्चाको स्वास्थ्य, छिटो विवाह गरी दिने प्रचलन तथा विद्यालयको दुरता पनि ग्रामिण बालबालिकाले छिट्टै विद्यालय छोड्नु पर्ने वा कक्षा दोहोऱ्याउने पर्ने कारण भित्र पर्दछ ।

प्राथमिक शिक्षामा गरिएको लगानी अनुरूप प्रतिफल प्राप्त हुन सकिरहेको छैन । विद्यार्थीहरूमा कक्षा छाड्ने, परीक्षामा असफल हुने र कक्षा दोहोऱ्याउने दरमा कमी आउन सकिरहेको छैन । यस्तो अवस्था आउनुका विभिन्न कारणहरू छन् । तीमध्ये वर्तमान

मूल्याङ्कन पद्धति पनि एक हो । त्यसैले प्राथमिक शिक्षामा गरिएको लगानीबाट उचित प्रतिफल हासिल गर्न मूल्याङ्कन प्रणालीमा देखिएका विभिन्न समस्याहरूको पहिचान गर्दै निरन्तर विद्यार्थी मूल्याङ्कनमार्फत् उदार कक्षोन्नति नीति अवलम्बन गर्नुपर्ने तथ्यलाई शर्माको अध्ययनले पनि पुष्टि गरेको छ ।

शर्मा, (२०६५) का अनुसार प्राथमिक तहमा थुप्रै लगानी गरिए पनि लगानी अनुसार शिक्षाबाट प्राप्त हुन सकेको छैन । प्राथमिक तहमा कक्षा दोहोऱ्याउने र बीचमै विद्यालय छाड्ने तथा अनुत्तीर्ण हुने विद्यार्थीहरूको संख्या ठूलो रहेको छ । यसका विभिन्न कारणहरूमध्ये मूल्याङ्कन प्रणालीलाई पनि जिम्मेबार ठान्ने गरिएको छ । त्यसैले नवौं योजनादेखि प्राथमिक तहमा उदार कक्षोन्नती नीतिका साथ निरन्तर विद्यार्थी मूल्याङ्कनलाई जोड दिएको पाइन्छ । विभिन्न माध्यम र साधनको प्रयोग गरी निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न सकिएमा शिक्षाको गुणस्तर वृद्धि हुन सक्ने ठानिएको छ । यसरी प्राथमिक तहमा मूल्याङ्कन प्रक्रियालाई सहि रूपमा प्रयोग नगरिनाले अनुत्तीर्ण हुने, बीचैमा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने संख्याको वृद्धि भई राष्ट्रले गरेको ठूलो लगानी खेर गइरहेको छ । त्यसैले मूल्याङ्कन प्रणालीमा देखिएका विभिन्न समस्याहरूको पहिचान गरी तिनको समाधान गर्न आवश्यक देखिएको छ ।

पिछडिएको पहाडी तथा दुर्गम क्षेत्रका विद्यालयको शैक्षिक क्षति विकराल भएको प्रमुख कारक तत्व छोरीप्रतिको रुढिवादी धारणा हो । त्यसको न्यूनिकरण गर्न बालबालिकाहरूलाई विद्यालयप्रति आकर्षण बढाउन सक्नु पर्दछ । जसका लागि पुरुष शिक्षकको तुलनामा वात्सल्यपूर्ण व्यवहार गर्न सक्षम महिला शिक्षकको नियुक्ति एक उत्तम विकल्प हुन सक्दछ भन्ने कुरालाई अधिकारीले अझ थप प्रष्ट पारेका छन् ।

अधिकारी, (२०६६) का अनुसार शैक्षिक तथ्याङ्क २००८ को अध्ययन गर्दा दुर्गम तथा पिछडिएको पहाडी क्षेत्रका विद्यालयमा ७०% विद्यालय छोडेर जाने (कक्षा १ मा) देखिन्छ भने सोही कक्षामा कक्षा दोहोऱ्याउनेको संख्या २००७ मा २९.५%, २००८ मा २८.३% रहेको छ । यसै गरी पहाडी र दुर्गम क्षेत्रमा पुरुषहरू शिक्षक भएको विद्यालयमा केटीहरूलाई पढ्न पठाउदा विग्रन्छन्, भागेर जान्छन् भन्ने नराम्रो धारणा जनमानसमा भएको हुदा पनि सो

कुरा रोक्न महिला शिक्षक दरबन्दी दिएको अति नै उपयुक्त मान्न सकिन्छ । त्यस्तै अर्को कारणमा हाम्रो छोरीबेटी पनि ती शिक्षिका जस्तै शिक्षिका बन्न सक्नेछन् भन्ने भावनाको विकास गर्न पनि यो व्यवस्था गरेको उपयुक्त मानिन्छ । त्यस्तै अर्का मनोवैज्ञानिक कारण के हो भने पुरुषको भन्दा महिलाको मन अवश्य पनि कमलो हुन्छ, दयालु, स्नेहालु तथा बालबालिकाको लागि उपयुक्त व्यवहार गर्न सक्षम हुन्छन् । विद्यालयको वातावरण पारिवारिक बनाई बालिकाहरूको सहभागितामा वृद्धि गर्न पनि ठूलो सहयोग पुग्दछ र उनीहरूमा असफलता र कक्षा दोहोऱ्याउने तथा कक्षा छाड्ने प्रतिशतमा कमी ल्याउन मद्दत गर्ने देखिन्छ ।

अभिभावकहरूले गर्ने गरेको लैङ्गिक विभेद र अशिक्षाको कारण छात्राहरूको विद्यालय प्रवेशमा कमी देखिएको छ । विद्यालय भर्ना भएका कतिपय छात्राहरू पनि विद्यालयले आफूहरूप्रति गर्ने गरेको फरक व्यवहार तथा अभिभावकहरूको फरक दृष्टिकोणका कारण विद्यालय नियमित हुन नसकी छात्रको तुलनामा बढी कक्षा छाड्ने एवम् कक्षा दोहोऱ्याउन बाध्य पारिएका छन् । यस्ता सामाजिक कुसंस्कार तथा विद्यालयीय वातावरणमा सुधार ल्याई शैक्षिक गुणस्तरमा बृद्धि गर्न शिक्षा नियमावलीमा व्यवस्था भए अनुरूप प्रत्येक विद्यालयमा न्यूनतम १ जना महिला शिक्षकको अनिवार्य रूपमा व्यवस्था गर्नु पर्दछ भन्ने कुरालाई शिक्षा नियमावली (२०६७) ले जोड दिएको पाइन्छ ।

शिक्षा नियमावली, (२०६७) का अनुसार नेपालको शिक्षा नियमावलीमा स्पष्टरूपमा महिला शिक्षकको व्यवस्था गर्ने सम्बन्धमा कम्तिमा एक जना महिला शिक्षकाको व्यवस्था प्रत्येक विद्यालयमा गर्नु पर्ने कुरा उल्लेख गरेमो पाइन्छ । महिलाकोटाको व्यवस्था गरी सकेसम्म त्यस कोटामा महिलालाई नै नियुक्ति गर्ने प्रावधान रहेको छ । यो कार्य केटीहरूको सख्या विद्यालय प्रवेशमा वृद्धि गर्न ज्यादै उपलब्धिमूलक मानिन्छ किनकी पूरानो विचारमा बाँचेका हाम्रा अभिभावकहरू छोरीले धेरै पढे बिग्रन्छन् भन्ने धारणा राख्दछन् । अर्काको घर जाने जात भन्दै छोरीले पढेर के गर्न सक्छन् ? भन्ने प्रश्न गर्दछन् जसको उत्तरका लागि प्रत्येक विद्यालयमा कम्तीमा पनि एक जना महिला शिक्षिका राख्ने प्रावधान गर्नु अत्यन्तै राम्रो कुरा हो । नेपालको शैक्षिक तथ्याङ्क केलाउदा केटाको दाँजेमा केटीहरू विद्यालय जाने कार्यमा

कम सहभागी भएका छन् । त्यस्तै  विद्यालय छाडेर जाने पनि केटीहरू नै धेरै छन् । त्यस्तै विद्यालय छाड्ने, असफल हुने र कक्षा दोहोऱ्याउने धेरैमात्रामा केटीहरूबाट भै रहेका छन् ।

निर्धारित उमेर समूहका बालबालिकालाई मात्र प्राथमिक तहको कक्षा १ मा भर्ना गर्नु पर्दछ । जसले गर्दा प्राथमिक तहमा देखापरेको कक्षा दोहोऱ्याउने, परीक्षामा असफल हुने, बीचैमा कक्षा छाड्ने जस्ता शैक्षिक समस्याहरूमा कमी आई सक्षमतामा बृद्धि हुन्छ । त्यसका लागि प्रारम्भिक बालशिक्षा हासिल गरेका बालबालिकाहरूलाई मात्र कक्षा १ मा भर्ना गर्ने परिपाटीको विकास गर्नु पर्दछ भन्ने कुरालाई ज.व.रा. र अन्यको अध्ययनले थप पुष्टि गरेको छ ।

ज.व.रा. र अन्य, (२०६४) का अनुसार पूर्व प्राथमिक शिक्षा प्राप्त गरेका बालबालिकहरू प्राथमिक विद्यालयमा समायोजित हुन र प्राथमिक शिक्षा प्रभावकारी ढंगले ग्रहण गर्न सक्षम हुन्छन् भन्ने कुरा अनुसन्धानबाट प्रमाणित भएको छ । प्राथमिक उमेर नपुगेका बालबालिकाहरूलाई प्राथमिक विद्यालय भर्ना गराउने परिपाटी व्याप्त छ । उपलब्ध तथ्याङ्क अनुसार कक्षा १ मा निर्धारितभन्दा कम उमेरका करिव २८% बालबालिकाहरूको उपस्थितिले गर्दा उक्त कक्षामा कम उमेरका विद्यार्थीहरूको बाहुल्यता भएकै कारण कक्षा दोहोऱ्याउने, अनुत्तीर्ण हुने, बीचैमा कक्षा छोड्न वा कम शैक्षिक उपलब्धि हासिल गर्ने समस्या उत्पन्न भएको छ । शिक्षा विभाग २०१० का अनुसार कक्षा १ मा ३७% बालबालिकाहरू कक्षा दोहोऱ्याउने, अनुत्तीर्ण हुने र बीचैमा कक्षा छोड्ने गर्नाले प्राथमिक तहको शिक्षामा एकातिर सक्षमताको ह्रास हुँदै गएको छ भने अर्कातिर सरकारले गरेको लगानी पनि त्यति सार्थक र प्रभावकार्री भएको देखिँदैन ।

लैङ्गिक तथा जातीय समानता कायम गर्न विभिन्न समतामूलक कार्यक्रमहरू ल्याउनु पर्दछ । उत्पिडित  र उपेक्षित बालिका एवम् दलित तथा जनजाति बालबालिकाहरूको शैक्षिक विकासका लागि विद्यालयमा भौतिक लगायत शैक्षिक वातावरण कायम गर्दै विशेष किसिमको छुट्टै छात्रवृत्तिको व्यवस्था गर्नु पर्दछ । विभिन्न शैक्षिक, लैङ्गिक तथा प्रजनन स्वास्थ्य सम्बन्धी कानूनी अधिकारका बारेमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने, सुविधाविहिन समूहको लागि रोजगारीमा आरक्षण कोटाको व्यवस्था गर्ने र स्थानीय

निकायलाई शैक्षिक विकासका लागि बढी जिम्मेवार बनाउने गरेमा उनीहरूको शिक्षामा समान पहुँचको सुनिश्चितता हुने देखिन्छ भन्ने कुरालाई सेरिडको अध्ययनले थप पुष्टि गरेको छ ।

सेरिड, (२००३) का अनुसार छात्र छात्राहरू र छात्राहरूको शिक्षणमा न्यून सहभागिता हुने कारणहरू अभिभावकहरूले आफ्ना छोरीहरूको बिहे चाँडो गरिदिन चाहन्छन् । विशेष गरी चमार र वाासखोर जातीमा छोरीको ७ देखि १२ वर्षमा विहे हुन्छ । जसले सहभागिता कम गराउँछ । मुस्लिम जातिका केटाकेटीहरूलाई सामुदायिक विद्यालयमा भन्दा मदरसामा पठाउँछन् । सुविधाविहिन समुदायका केटाकेटीहरू नियमित विद्यालय नआउनाले परीक्षामा उनीहरूको नतिजा राम्रो नभएर कक्षा दोहोऱ्याउँछन् । उच्च जातिका परिवारहरूले आफ्ना केटाकेटीहरूलाई निजी विद्यालयमा पठाउँछन् । दलित छात्रछात्राहरू आफ्ना बाबुआमालाई कृषि तथा मजदुरीमा सहयोग गर्न गई विद्यालयमा अनुपस्थित हुन्छन् । विद्यालयमा पर्याप्त भौतिक सुविधा नहुनु, कक्षाकोठामा पर्याप्त ठाउँ नहुनु, शिक्षकहरू पर्याप्त उपलब्ध नहुनुले पनि विद्यालयमा उपस्थिति न्यून जनाउछ भन्ने उल्लेख गरेको पाइन्छ । सुविधाविहिन छात्रछात्राहरू र छात्राहरूको शिक्षामा सहभागिता बढाउन गर्नु पर्ने एकिकृत कार्यक्रमहरू सुविधाविहिन छात्रछात्राहरूलाई विद्यालयमा भर्ना गराउन बाबुआमालाई जिम्मेवारी बनाउनु पर्दछ । शिक्षासँग सम्बन्धित कानुनी अधिकार, लैङ्गिक सचेतना र प्रजनन स्वास्थ्यका बारेमा मानिसमा चेतना फैलाउन, सुविधाविहिन समूहमा आय आर्जन बढाउने कार्यक्रमहरू संचालन गर्ने, गा.वि.स. हरूद्वारा विद्यालयमा स्थानीय शिक्षक उपलब्ध गराउने, सुविधाविहिन छात्रछात्राहरूलाई विशेष कक्षाको व्यवस्था गर्ने गर्नुपर्दछ ।

शिक्षा पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो । शैक्षिक विकासको लागि प्राथमिक तहको शिक्षालाई मातृभाषामा, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क र महिला तथा लक्षित समूहको लागि विशेष व्यवस्था गरी सम्बोधन गर्नु पर्दछ भन्ने कुरालाई नेपालको अन्तरिम संविधान (२०६३) ले तल उल्लेख गरिए अनुसार अझ स्पष्ट पारेको छ ।

नेपालको अन्तरिम संविधान, (२०६३) अनुसार नेपालमा शिक्षालाई मौलिक हकको रूपमा समेत स्थापित गर्न नेपालको अन्तरिम संविधान २०६३ को धारा १७ मा शिक्षालाई सबै

नागरिकको मौलिक हकका रूपमा स्थापित गरी मातृभाषामा प्राथमिक शिक्षा दिइने व्यवस्था, माध्यमिक शिक्षासम्म निःशुल्क गर्ने व्यवस्था, महिला तथा पिछडिएको वर्गको शिक्षा आदिको व्यवस्था गरेको पाइन्छ ।

प्रारम्भिक कक्षाहरूको मुख्य उद्देश्य विद्यार्थीहरूलाई अध्यापन गरिने विषयवस्तु प्राज्ञिक प्रकृतिको नभई उनीहरूलाई माथिल्ला कक्षाहरूको निमित्त तयार गर्नको लागि विद्यालयमा आउने बानी बसाल्ने, सिकाइप्रति आकर्षण बढाउने किसिमको हुनु पर्दछ । त्यसको निमित्त विद्यार्थीहरूले कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने मुख्य कारण बनेको शैक्षिक सत्रको अन्त्यमा लिइने लिखित परीक्षाको सट्टा कक्षाकार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य, व्यवहार परिवर्तन र उपस्थिति जस्ता बुँदाहरूमा आधारित निरन्तर मूल्याङ्कन गर्नु पर्दछ भन्ने तथ्यलाई तलको अध्ययनले अझ पुष्टि गरेको छ ।

सिंह, (२०६४) का अनुसार प्राथमिक तहमा हाल विद्यमान गम्भीर शैक्षिक क्षतिको सृजना वर्तमान परीक्षा प्रणालीबाट भएको हो । विद्यार्थीले विद्यालय छोडने र कक्षा दोहोऱ्याउने मूलकारण वर्षको अन्यत्यमा लिइने औपचारिक परीक्षा र त्यसमा विद्यार्थीको असफलता बनेको छ । प्राथमिक तहका प्रारम्भिक कक्षाहरूमा गृहकार्य, मौखिक कार्य, अतिरिक्त क्रियाकलापमा संलग्नता र कक्षा परीक्षालाई आधार मानी नियमित रूपले प्राथमिक कक्षाका बालबालिकाहरूको अनवरत मूल्याङ्कन नगरी वर्षको एक पटक लिइने औपचारिक परीक्षाको नतिजालाई आधार बनाएर कक्षा चढाउने वा दोहोऱ्याउन लगाउने गरिन्छ । प्रारम्भिक कक्षाहरूको मुख्य उद्देश्य बालबालिकाहरूको विद्यालयमा आउने बानी बसाल्ने, सिकाइप्रति उनीहरूलाई उत्प्रेरित गर्ने र उपल्ला कक्षाहरूको निमित्त तयार गर्ने हुनु पर्नेमा सो नभै बढी विषयवस्तु वा प्राज्ञिक खालको हुन पुगी असफलताको कारण बनेको छ ।

मूल्याङ्कन कुनै पनि कामको लेखाजोखा गर्ने सशक्त माध्यम हो । यो पद्धतिलाई सही रूपमा नअपनाउनाले विद्यार्थीहरूमा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने विकराल शैक्षिक समस्या देखा परेको छ । जसको समाधानका लागि वर्षभरी प्राप्त गरेको ज्ञानको २/३ घण्टाको परीक्षालाई मात्र आधार नलिई प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको लागि निरन्तर

विद्यार्थी मूल्याङ्कन पद्धतिमार्फत् उदार कक्षोन्नतिको व्यवस्था गरिनु उपयुक्त हुने देखिन्छ भन्ने तथ्यलाई तलको अध्ययनले अझ स्पष्ट पारेको छ ।

अधिकारी, (२०६६) का अनुसार मूल्याङ्कन प्रक्रियाहरूलाई नियमित र प्रक्रियागत रूपमा नअपनाउँदा देखापर्ने विभिन्न समस्याहरूलाई कक्षोन्नती सम्बन्धी समस्या भनिन्छ । कक्षोन्नती मूल्याङ्कनसँग सम्बन्धित छ । पाठ्यक्रम तथा पाठ्यपुस्तकका विषयवस्तुहरू शहरमुखी तथा सम्पन्न विद्यालयमुखी बन्न जाँदा पनि त्यसले ठूलो समस्या ल्याउने हुन्छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, (२०५५) अनुसार प्राथमिक तहमा हाल भईरहेको क्षतिको कारण वर्तमान परीक्षा प्रणालीबाट भएको हो । विद्यार्थीले विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने मूल कारण वर्षभरी प्राप्त गरेको ज्ञानको निर्णय २/३ घण्टाको परीक्षाको आधार लिएर गर्न खोज्नु राम्रो कुरा होइन । एकातिर पाठ्यक्रम, व्यवहारिक नहुनु र अर्कोतिर मूल्याङ्कन प्रक्रिया उपयुक्त नहुनाले ठूलो समस्याको खाडल सिर्जना भएको देखिन्छ । यस्तो समस्या हटाउनको लागि कक्षा १-३ सम्मका लागि बालकालिकाहरूको लिखित जाँच त्यति प्रभावकारी नहुने हुँदा उनीहरूलाई उदार कक्षोन्नतिको व्यवस्था गर्नु राम्रो हुन्छ जसको मुख्य आधार अटुट मूल्याङ्कन हो । यसरी एकातिर विद्यार्थीहरूको राष्ट्रिय उपलब्धि स्तर ५०% को नजिक रहनु अनि शिक्षक तालिमको अभाव तथा मूल्याङ्कन पद्धतिको कमजोरी जस्ता कुराले गर्दा प्राथमिक शिक्षणमा ठूलो समस्या थुप्रिन पुगेको देखिन्छ ।

विद्यालयमा भर्ना भई शैक्षिक सत्रको अन्त्यमा लिइने परीक्षा नतिजाको कारण कतिपय विद्यार्थी पुनः कक्षा दोहोऱ्याउन बाध्य हुन्छन् । जुन शैक्षिक उत्पादनको राम्रो सूचक होइन तथापि यसबाट शिक्षण सिकाइलाई प्रभावकारी बनाउनु पर्दछ भन्ने प्रमुख सूचकका रूपमा सबैले लिनु पर्दछ भन्ने कुरालाई तलको अध्ययनले अझ पुष्टि गर्दछ ।

सिंह, (२०६४) का अनुसार कुनै पनि कक्षामा भर्ना भै कक्षाको अन्तिम परीक्षामा उत्तीर्ण हुन नसकी पुनः उही कक्षामा भर्ना भै अध्ययन गर्ने विद्यार्थीलाई कक्षा दोहोऱ्याउने वा कक्षावृत्ति दर भनिन्छ । यस प्रकारको कक्षा दोहोऱ्याउने वा कक्षावृति पनि शैक्षिक उत्पादन कस्तो भयो भनेर जानकारी दिने एउटा आधारभूत सूचक भएकोले यसलाई प्राथमिक शिक्षाको

सूचक भनिन्छ । शिक्षा विभाग २०१० का अनुसार २०६५ सालको परीक्षामा असफल भै २०६६ सालमा कक्षा दोहोऱ्याउने प्राथमिक शिक्षाका दर कक्षा १ मा २२.६%, कक्षा २ मा ८.६%, कक्षा ३ मा ७.९%, कक्षा ४ मा ७.८% र कक्षा ५ मा ५.७% देखाएको छ । कक्षा दोहोऱ्याउने दर बढी हुनु राम्रो शैक्षिक उत्पादनको सूचक होइन तै पनि यसबाट शिक्षण सिकाइ कति प्रभावहीन भयो र कति बढी पृष्ठपोषण विद्यार्थीहरूलाई दिनु पर्छ भन्ने कुरा सम्बन्धित सबै पक्षहरूलाई जानकारी दिने सूचकको प्रमुख आधारको रूपमा यसले कार्य गर्दछ ।

## २.२ सैद्धान्तिक खाका

कुनै पनि अनुसन्धानमा सम्बन्धित हुने अवधारणा निश्चित सैद्धान्तिक जगमा विकास भएको हुन्छ । तसर्थ अनुसन्धानमा प्रयुक्त हुने अवधारणालाई निश्चित सैद्धान्तिक आधारमा व्याख्या गर्नु पर्दछ अनि मात्र सिद्धान्तले समस्या समाधानमा टेवा पुऱ्याउँदछ । यस अध्ययनमा विभिन्न स्रोतहरूबाट प्राप्त भएका तथ्याङ्कहरूलाई व्याख्या र विश्लेषण गर्न निम्नलिखित सैद्धान्तिक खाकालाई प्रयोगमा ल्याइएको छ :-

### मानव सम्बन्ध सिद्धान्त

कोइराला र श्रेष्ठ, (२०६४) ले उदृत गरेअनुसार सन् १८६८ मा अमेरिकाको वोस्टन शहरमा जन्मिएकी समाजसेवी, राजनीतिज्ञ एवम् दार्शनिक मेरी पार्कर फोलेटले प्रजातान्त्रिक र सहभागितामूलक सिद्धान्तमा जोड दिएकी छन् । निजी तथा सार्वजनिक संस्था होस् त्यसका आधारभूत समस्या भनेको गतिशिलता सौहाद्रपूर्ण मानवीय सम्वन्ध र त्यसको निरन्तरता हुनु पर्ने उनको धारण छ । मानवीय नाताको स्थापना गरी मनोवैज्ञानिक ढाँचाबाट विभिन्न मनमुटाव, झगडा, कलुषित भावना आदिको समाप्ति गर्न सकिन्छ भन्ने उनको विचार छ । उनले सन् १९५० मा आफ्नो “Creative Experiences” नामक पुस्तक मार्फत् मानवीय सम्बन्धका विविध पक्षलाई सरलतापूर्वक उल्लेख गरेकी छन् । मानिसमा जति धेरै राम्रोसँग समन्वय र सम्बन्ध कायम गर्न सक्यो त्यति नै राम्रो सम्बन्ध कायम मै काममा स्तरीयता एवम् प्रभावकारिता हासिल हुने उनको भनाइ छ । उनले आफ्नो पुस्तक मार्फत् ४ वटा

उपयोगी बुँदामा यस सिद्धान्तलाई समेटेकी छन् । उनका अनुसार उत्तरदायी व्यक्तिहरूको सिधा सम्पर्कबाट समन्वय कायम गरी उपलब्धि हासिल गर्न सकिन्छ । कुनै पनि कार्यको प्रारम्भिक अवस्थामा नै समन्वय कायम गर्नु पर्दछ । सम्बन्धित सबै तत्वहरूलाई पारस्परिक सम्बन्धको आधारमा समन्वय गर्नु पर्दछ र समन्वय निरन्तर प्रक्रियाको रूपमा गर्नु पर्दछ ।

त्यैस्तै फोलेटले समन्वय सिद्धान्तलाई प्रभावकारी बनाउन उद्देश्यलाई स्पष्ट रूपमा परिभाषित गर्ने, नीतिनियमको परिमार्जन र स्पष्टता कायम गर्ने, अख्तियारी र उत्तरदायित्व स्पष्ट गर्ने, सञ्चार कार्य प्रभावकारी र दोहोरो बनाउने, प्रशासन संयन्त्र चुस्त र दुरुस्त बनाउने, निरीक्षण तथा सुपरिवेक्षण कार्य व्यवस्थित गर्ने, कामदारलाई कार्यप्रति उत्प्रेरित गर्ने, एकिकृत विचार र धारणा स्थापित गर्ने, बहुमुखी नेतृत्वको विकास गर्ने र सामुहिक शक्ति सृजना गर्न प्रेरित गर्ने कुरामा जोड दिएकी छिन् ।

मानव सम्बन्ध सिद्धान्तले कामदारमा पारस्परिक सहभागितामूलक सम्बन्ध स्थापना हुनुपर्नेमा जोड दिएको पाइन्छ । वास्तवमा वैज्ञानिक व्यवस्थापनले मानिसलाई मेशिनको रूपमा लिँदै भौतिक पक्षमा जोड दिई उसलाई आर्थिक पक्षहरूबाट हेरिने विभिन्न साधनको प्रलोभनमा खरिद बिक्रि हुने साधारण वस्तुको रूपमा स्वीकार गर्ने गरेको परम्परागत धारणाको विपक्षमा मानिसलाई एउटा सामाजिक प्राणीको रूपमा स्थापना गरी मानवीय पक्षलाई पनि ख्याल गरी मानवीय संवेदनशील कुरामा व्यवहारात्मक दृष्टिकोणलाई ध्यान दिएर कार्य सन्तुष्टि तथा आत्ममनोवल बढाउने गरी अध्ययन गर्ने परिपाटीको क्रममा मानव सम्पर्क सिद्धान्तको विकास भएको पाइन्छ । यस सिद्धान्त श्रमिकलाई मेशिनरी दृष्टिकोणबाट नभई मानवीय दृष्टिकोणबाट हेरिनु पर्ने र कामदारको सामाजिक मूल्य मान्यतामा कार्यको स्वतन्त्रतापूर्ण वातावरण अन्तर वैयक्तिक सम्बन्ध आदिलाई प्रमुखताका साथ लिएको पाइन्छ । मानिसमा जति धेरै राम्रोसँग समन्वय सम्बन्ध स्थापना गर्न सक्यो त्यति नै राम्रो सम्बन्ध कायम भई काममा स्तरीयता एवम् प्रभावकारीता हासिल हुन्छ भन्ने यस सिद्धान्तको सार रहेको छ । यसै सन्दर्भलाई दृष्टिगत गरी विद्यालयको शैक्षिक गुणस्तरको लागि शिक्षण सिकाइ क्रियाकलापको प्रत्यक्ष सहभागिता शिक्षक र विद्यार्थी बीच प्रत्यक्ष सम्पर्क तथा समन्वय हुनु पर्ने, विद्यार्थीको भावना, मनोविज्ञानलाई शुरुमै नजर अन्दाज गरिनुपर्ने, त्यस्तै गरी प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, वि.व्य.स., शि.अ. संघ, स्रोत

व्यक्ति र वि.नि. बीचको प्रत्यक्ष सम्बन्ध तथा समन्वय हुनुपर्नेमा सरोकारवालाहरूको सक्रिय सहभागीता न्यून भएका कारणले कक्षा दोहोऱ्याउने अवस्था आएको हो कि ? अथवा सरोकारवालाहरूबीच समन्वयको अभावको कारणले गर्दा यस्तो अवस्था आएको हो कि ? भन्ने कुराको अध्ययन गर्नको लागि यो सिद्धान्तलाई अङ्गिकार गरिएको छ ।

**उत्प्रेरणाको सिद्धान्त**

कोइराला र श्रेष्ठ, (२०६४) ले उदृत गरेअनुसार अमेरिकी प्रसिद्ध मनोवैज्ञानिक अब्राहम मास्लोले सन् १९४३ मा मानवका आवश्यकता शृङ्खला नामक उत्प्रेरणा सम्बन्धी सिद्धान्त प्रतिपादन गरेका हुन् । प्रतिपादित सिद्धान्त अनुसार मानिसका आवश्यकताहरू असिमित हुन्छन् । जुन क्रमिक रूपमा विकास भई शृङ्खलाबद्ध रूपमा अगाडि बढेका हुन्छन् । मानिसका ती इच्छा, आवश्यकता र चाहनाहरूमध्ये कुनै चाहना पूरा हुन सक्छन् तर चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन । जुन प्राप्तिका लागि मानिस उत्प्रेरित हुने गर्दछ । मानिसका अप्राप्त चाहना पनि अनगिन्ती हुन्छन् । जसलाई एक निश्चित क्रमबद्धताको आधारमा छुट्याउन सकिन्छ । निम्न स्तरको आवश्यकता पूरा भएपछि विस्तारै प्राथमिकता क्रमको आधारमा उच्च स्तरका आवश्यकता एवम् चाहना परिपूर्तिका लागि मानिस उत्प्रेरित हुँदै अघि बढ्छ । त्यही आवश्यकता नै मानिसलाई कार्य गराउने उत्प्रेरक तत्व हो । उनले आवश्यकताको शृङ्खलालाई पाँच भागमा विभाजित गरेका छन् ।

मास्लोले मानिसलाई आवश्यकतामा रुमलिरहने जीवको रूपमा व्याख्या गरेका छन् । मानिस सदैव आवश्यकतामा नै अघि बढिरहेको हुन्छ । वास्तवमा मानिस के चाहन्छ भन्ने कुरा ऊसँग पहिले के छ भन्ने कुरामा निर्भर रहन्छ । मानिसको चाहनाले नै उसलाई केही चिज आवश्यकता भएको महशुस गराउँदछ । त्यो चिज प्राप्त भइसकेपछि पनि मानिसमा आवश्यकताको औचित्य रहन्न तर उसले अर्को चिजको आवश्यकता महशुस गरिरहेको हुन्छ । त्यसैले मास्लोले मानिसको आवश्यकतालाई शृङ्खलाबद्ध रूपमा पाँच भागमा विभाजित गरेका छन् । जसमध्ये शारीरिक आवश्यकतालाई उनले पहिलो र अनिवार्य आवश्यकता ठानेका छन् । यस अन्तर्गत गास, बास, कपास, यौन तृप्ति, विश्राम, संरक्षणका अतिरिक्त पुनर्ताजगी कार्य सम्पादनमा भौतिक सुविधा उचित कार्य घण्टा आदि पर्दछन् । यी

आवश्यकताहरू तल्लो स्तरमा राखिए तापनि यस सम्बन्धी आवश्यकता परिपूर्ति पश्चात् मात्र उसले अन्य आवश्यकताहरूप्रति सोंचविचार गर्छ अन्यथा यसै आवश्यकता परिपूर्तिका लागि तड्पिरहन्छ । सङ्गठनमा कार्यरत व्यक्तिको तलब नै यी आवश्यकता पूर्ति गर्ने माध्यम हुने भएकाले पर्याप्त तलब भएमा सङ्गठनमा कर्मचारी कामप्रति उत्प्रेरित रहन्छन् र सङ्गठनको उद्देश्य प्राप्ति हुन्छ ।

उनले सुरक्षात्मक आवश्यकतालाई दोस्रो मानवीय आवश्यकताको रूपमा लिएका छन् । मानिसलाई सुरक्षा सम्बन्धी आवश्यकताले घच्घच्याउँछ । सुरक्षाले मानिसमा आत्मविश्वास र कार्यप्रति एकाग्रता बढाउँछ । सुरक्षा अन्तर्गत शारीरिक सुरक्षा, जायजेथाको संरचना, रोजगारीको स्थायित्व, उचित पारिश्रमिक सम्बन्धी कुराहरू आउँछन् । मानिस अनेक भय, त्रास र सशंकाले गर्दा सुरक्षाको ग्यारेन्टी चाहन्छ । तसर्थ सङ्गठनमा कामदारले अपेक्षा गरेको सुरक्षा जागिरको स्थायित्व, संचयकोष, विमा, निवृत्तिभरण आदि पाउँदा ऊ उत्प्रेरित भई संस्थाको उद्देश्य हासिल गराउन उसले कार्य सम्पादन गर्दछ ।

सामाजिक आवश्यकतालाई मास्लोले तेस्रो स्थानमा राखेका छन् । सुरक्षात्मक आवश्यकताबाट मासिन ढुक्क भए पश्चात् उसले सामाजिक आवश्यकता महशुस गर्दछ । यस अन्तर्गत सहकर्मीबीच मित्रवत् व्यवहार, कामदारसँगको अन्तर्क्रिया, उपयुक्त सुपरिवेक्षण, समाजमा स्वीकार्य प्रेमपूर्वक रहने, सामाजिक सङ्गठनमा संलग्न रहने तथा विभिन्न समितिहरूमा रहने पर्दछन् । जुन आवश्यकता पूरा गर्न साथीभाइ, कर्मचारी, युनियन, अनौपचारिक समूह आदिको महत्वपूर्ण भूमिका रहन्छ ।

सम्मान (स्वाभिमान) सम्बन्धी आवश्यकतालाई सामाजिक आवश्यकता पनि पूरा भएपछि व्यक्ति आफूद्वारा आफू नै वा अरुद्वारा पनि सम्मानित हुने आवश्यकता महशुस गर्दछ भन्ने मान्यता मास्लोको चौथो क्रममा प्रस्तुत गरेका छन् । यस्तो सम्मान आन्तरिक तथा बाह्य दुबै खालको हुन सक्दछ । स्वःसम्मान, स्वतन्त्रता र उपलब्धि जस्ता आवश्यकता पहिचान, हैसियत, मर्यादा तथा प्रशंसा कायम राख्ने आवश्यकताहरू बाह्य सम्मान अन्तर्गत पर्दछन् । तसर्थ समग्रमा ऊ आत्मसम्मान, उच्च तथा मर्यादित ओहदा, इज्जत परिपूर्तिपछि कामदारले संस्थाको उद्देश्य अनुरूपको कार्य सम्पादन गर्दछ ।

अब्राहम मास्लोको आवश्यकता सम्बन्धी सिद्धान्तको अन्तिम तथा महत्वपूर्ण आवश्यकताको रूपमा आत्मसन्तुष्टि सम्बन्धी आवश्यकतालाई लिइएको छ । माथि उल्लेखित सबै आवश्यकता पूर्ति भएपछि मानिसको सर्वोच्च आवश्यकताको रूपमा आत्मसन्तुष्टि सम्बन्धी आवश्यकता सृजना हुन्छ । यस अन्तर्गत आत्म यथार्थता, आत्म गौरव, उपलब्धि भाव, सिर्जनशील एवम् चुनौतिपूर्ण कामको अपेक्षा, निर्णयमा सहभागी हुन पाउने अपेक्षा तथा कार्यमा स्वायत्तताको अपेक्षा यस अन्तर्गत पर्दछन् ।

यसरी मास्लोले मानवीय आवश्यकतालाई पाँच चरणमा विभाजन गरी प्रत्येक चरणका सन्तुष्टिपछि अर्को आवश्यकता अनुभव गर्ने बताएका छन् । कर्मचारी तिनै क्रमबद्ध आवश्यकता पूरा गर्ने तर्फ उत्प्रेरित रहन्छन् । जबसम्म मानिसका यी आधारभूत आवश्यकताहरू पूरा गर्न सकिँदैन तवसम्म शिक्षा, स्वास्थ्य वा अन्य आवश्यकताले मानिस उत्प्रेरित हुन सक्दैन । त्यसैले प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने अवस्था आउनुमा मास्लोको सिद्धान्तको असर त परेको छैन ? भन्ने कुराको अध्ययन गर्नका लागि यो सिद्धान्तलाई आधार बनाइएको छ ।

## २.३ शैक्षिक उपादेयता

अध्ययन गरिएका सम्बन्धित सिद्धान्तको अवलम्बनले कुनै पनि अनुसन्धान कार्यलाई अघि बढाउन दिशानिर्देश गर्दछ । यसबाट अध्ययनको लागि समेटिएको विषयलाई आवश्यक पर्ने गौण सूचनाहरू प्राप्त गर्न सम्भव भएको छ । सम्बन्धित पूर्व साहित्यको अध्ययनबाट प्राप्त भएका विषयवस्तुहरूलाई यस अध्ययनको लागि सामान्यीकरण गर्न थप सहयोग पुगेको छ । यस क्षेत्रमा उल्लेख्य रूपमा अध्ययन भई छुट्टै प्रतिवेदन प्राप्त नभएको अवस्थामा सम्बन्धित साहित्यको अध्ययन गरी सोको समीक्षात्मक विवरण प्रस्तुत गर्नाले यस विषयमा जानकारी राख्न चाहने पाठकहरूलाई यसको बारेमा पहिले के, कस्तो र कति अनुसन्धान भएको रहेछ भन्ने विषयमा समेत थप जानकारी प्राप्त हुन्छ ।

यस अनुसन्धानको क्रममा सम्बन्धित साहित्यको पुनरावलोकनले अध्ययनलाई सही मार्गनिर्देश गर्न र निश्चित सिद्धान्त तय गर्न निर्देशन गरेको छ । अनुसन्धानको विषय

शीर्षक प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था रहेकोले अनुसन्धानको क्रममा अध्ययनलाई विषयान्तर हुनबाट जोगाई शोधकार्यलाई सङ्गठित, क्रमबद्ध एवम् उद्देश्यमूलक बनाउन समेत उपयोगी हुनेछ । अध्ययनको क्रममा सम्बन्धित साहित्यको पुनरावलोकनले अध्ययनको विषयवस्तुलाई समेट्न खोज्दा यसको सीमाभन्दा बाहिर गई आउन सक्ने सैद्धान्तिक विचलनलाई समेत जोगाउन सम्बन्धित साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याउने भएकोले यसको शैक्षिक उपादेयता रहेको छ ।

## परिच्छेद तीन : अध्ययन विधि

अनुसन्धानका समग्र पक्रिया नै अनुसन्धान विधि हो । अर्का शब्दमा भन्दा कुनै पनि अध्ययन अनुसन्धान उद्देश्य अनुरूप सम्पन्न गर्नका लागि विषय वस्तु अनुसारका विभिन्न तौर तरिकाहरू वा उपायहरूको अवलम्बन गर्नु पर्ने हुन्छ त्यसैलाई अध्ययन विधि भनिन्छ । अध्ययन अनुसन्धानलाई सफलतापूर्वक सम्पन्न गर्न, गराउन विषयवस्तुको प्रकृति अनुसार उद्देश्य प्राप्त हुने गरी पूर्व निर्धारित एवम् निश्चित विधिको अवलम्बन गर्नु पर्दछ । अध्ययन विधिको अभावमा अनुसन्धान कार्यलाई व्यवस्थित गर्न नसकिनुका साथै अनुसन्धान नतिजाको विश्वसनियता तथा वैद्यता स्थापित हुदैन । त्यसैले अध्ययन विधि अनुसन्धानको प्रमुख विधिको रूपमा रहन्छ । तसर्थ यस अनुसन्धानको उद्देश्य प्राप्तिका लागि निम्न लिखित विधिहरू अवलम्वन गरिएका छन् ।

### ३.१ अनुसन्धानात्मक ढाँचा

कुनै पनि अध्ययन अनुसन्धानलाई वस्तुगत, विश्वसनिय र परिणममुखी बनाउन विभिन्न तथ्याङ्कहरूको अनिवार्यता हुन्छ । तथ्याङ्क सङ्कलनका लागि विभिन्न स्रोतहरू हुन्छन् । अनुसन्धान कार्यलाई आवश्यक पर्ने स्रोत एवम् तथ्याङ्क खोज्नको लागि निश्चित योजना र रणनीतिको आवश्यकता पर्दछ । यो अनुसन्धान मुख्यतः गुणात्मक एवम् परिमाणात्मक ढाँचाको प्रयोग गरी मिश्रित ढाँचामा लिई सम्पन्न गरिएको छ । प्रत्येक सूचना, जानकारी तथा तथ्याङ्कहरूको व्याख्या, विश्लेषण गुणात्मक ढाँचाको भए तापनि परिमाणात्मक तथ्याङ्कले यसलाई पुष्टि गर्ने छ । अनुसन्धान ढाँचालाई प्रभावकारी रूपमा प्रस्तुत गर्नको लागि मापनिय तथ्याङ्कलाई प्रतिशतमा व्याख्या गरिएको छ । मापन गर्न नसकिने तथ्याङ्कलाई गुणत्मक रूपमा व्याख्या तथा विश्लेषण गएिकोले यो अध्ययन मिश्रित ढाँचामा आधारित छ ।

### ३.२ जनसंख्या तथा नमूना छनोट

पाल्पा जिल्लामा २८८ प्रा. वि, ९८ नि.मा.वि, ६९मा .वि र ४४ उ.मा.वि. (जि.शि.का., पाल्पा-२०६८) गरी जम्मा ४९९ वटा विद्यालयहरू रहेका छन् । यी विद्यालयहरू १८ वटा

स्रोत केन्द्रमा आवद्ध छन् । अनुसन्धान कार्यका रूपमा सम्पूर्ण विद्यालयहरूलाई लिंदा कठिनाइको सामना गर्नुपर्ने भएकोले रम्भा उ.मा.वि. ताँहू स्रोतकेन्द्रका ८ वटा विद्यालयलाई अध्ययनको जनसंख्याको रूपमा लिएको छ । विद्यालय  छनोट गर्दा भौगोलिक आधार लिएको छ । नमूना छनोटमा परेका विद्यालय विवरण परिशिष्ट १ मा प्रस्तुत गरिएकोछ । यस अध्ययन कार्यको उद्देश्य प्राप्त गर्नको लागि आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गर्न उपरोक्त आठ ओटा विद्यालयहरूबाट लिइएको नमूना जनसंख्या छनोट विवरण निम्न अनुसार रहेको छ ।

**तालिका १ नमूना छनोट**

| क.सं. | विवरण | जनसंख्या | छनोट संख्या | प्रतिशत | छनोटका आधार |
|---|---|---|---|---|---|
| १ | विद्यालय | २८ | ८ | २८.५७ | गोलाप्रथा |
| २ | प्रधानाध्यापक | २८ | ८ | २८.५७ | उद्देश्यमूलक |
| ३ | शिक्षक | १७३ | ८ | ४.६२ | गोलाप्रथा |
| ४ | अभिभावक | १७५० | ३२ | १.८२ | गोलाप्रथा |
| ५ | विद्यार्थी | २३२९ | ३२ | १.३७ | गोलाप्रथा |
| ६ | वि.व्य.स. अध्यक्ष | २८ | ८ | २८.५७ | उद्देश्यमूलक |
| ७ | शि.अ.संघ अध्यक्ष | २८ | ८ | २८.५७ | उद्देश्यमूलक |
| ८ | स्रोत व्यक्ति | १ | १ | १०० | उद्देश्यमूलक |
| ९ | वि.नि. | १ | १ | १०० | उद्देश्यमूलक |
| | जम्मा | ४३६६ | ९८ | - | |

अनुसन्धानका लागि रम्भा उ.मा.वि. ताहूँ स्रोतकेन्द्रमा रहेका २८ वटा विद्यालयमध्ये गोलाप्रथाबाट ८ वटा विद्यालयलाई अध्ययनको जनसंख्याको लागि छनोट गरिएको छ । छनोटमा परेका विद्यालयका ८ जना प्रधानाध्यापकलाई उद्देश्यमूलक नमूना छनोटको आधारमा छनोट गरिएको छ । त्यस्तै गरी २८ वटा विद्यालयका १७३ जना शिक्षकमध्ये नमूना छनोटमा परेका विद्यालयका ८ जना शिक्षकलाई गोलाप्रथाबाट छनोट गरिएको छ । त्यस्तै गरी १७५० जना अभिभावक मध्येबाट गोलाप्रथाको आधारमा कक्षा दोहोऱ्याउने विद्यार्थीका अभिभावकलाई समेत समेट्ने गरी नमूना छनोटमा परेका विद्यालयका प्रत्येक

विद्यालयबाट ४ जनाका दरले ३२ जना, २३२९ जना विद्यार्थीमा कक्षा ४ र ५ का छात्रछात्रामध्ये नियमित उपस्थित हुने, कक्षा दोहोऱ्याउने र नदोहोऱ्याउने दलित एवम् जनजाति पर्ने गरी गोलाप्रथाको आधारमा नमूना छनोटमा परेका प्रत्येक विद्यालयबाट ४ जनाका दरले ३२ जना विद्यार्थीलाई छनोट गरिएको छ । नमूना छनोटमा परेका विद्यालयका वि.व्य.स. अध्यक्ष ८ जना, शिक्षक अभिभावक संघका अध्यक्ष ८ जना तथा स्रोत व्यक्ति र वि.नि. १/१ जनालाई उद्देश्यमूलक नमूना छनोट विधिको आधारमा छनोट गरिएको छ । यसरी जम्मा ४३६६ जनसंख्यामा ९८ जनालाई नमूना छनोटको रूपमा छनोट गरी लिइएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधन

यस शोध कार्यका निर्धारित उद्देश्यहरू प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको वर्तमान अवस्था पहिचान गर्न, कक्षा दोहोऱ्याउने प्रवृत्तिका कारक तत्वहरू पत्ता लगाउन र कक्षा दोहोऱ्याउने अवस्था न्यूनिकरण गर्ने उपायहरू सुझाउन विभिन्न प्रकारका साधनहरूको निर्माण गरी प्रयोगमा ल्याइएको छ । जसको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका २ : तथ्याङ्क सङ्कलनका साधन र प्राथमिकताका क्षेत्र**

| उद्देश्य | तथ्याङ्क सङ्कलनका साधन | उत्तरदाता | प्राथमिकताका क्षेत्र |
|---|---|---|---|
| कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको वर्तमान अवस्था | सर्वेक्षण फारम | प्र.अ., शिक्षक, विद्यार्थी | विद्यार्थी संख्या पत्ता लगाउन |
| कक्षा दोहोऱ्याउने प्रवृतिका कारक तत्वहरू | अन्तर्वार्ता प्रश्नावली | प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. अध्यक्ष, शि.अ.संघ अध्यक्ष, स्रोत व्यक्ति, वि.नि. | सामाजिक, आर्थिक, जनचेतना जस्ता पक्ष |
| कक्षा दोहोऱ्याउने अवस्था न्यूनीकरण गर्ने उपायहरू | अन्तर्वार्ता प्रश्नावली | प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. अध्यक्ष, शि.अ.संघ अध्यक्ष, स्रोत व्यक्ति, वि.नि. | रोजगारी, जनचेतनामा बृद्धि, सुरक्षात्मक पक्ष |

### १) अन्तरवार्ता प्रश्नावली

कक्षा दोहोऱ्याउने प्रवृत्तिका कारक तत्वहरूको बारेमा जानकारी लिनुका साथै यसको न्यूनिकरण गर्नका लागि उपायहरू सुझाउने उद्देश्यको प्राप्तिका लागि प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, स्रोत व्यक्ति तथा विद्यालय निरिक्षकलाई अलग अलग प्रश्नावलीको आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ (हेर्नुस्, परिशिष्ट : ४-८) ।

### २) विद्यालय सर्वेक्षण फाराम

विद्यालयमा विद्यार्थीको शैक्षिक, भौतिक एवम् सामाजिक अवस्थाको जानकारी प्रदान गर्ने उद्देश्यले विद्यालय सर्वेक्षण फारम प्रयोगमा ल्याइएको छ (हेर्नुस्, परिशिष्ट : ९) ।

## ३.४ तथ्याङ्कको स्रोत

यो अनुसन्धानको लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न निम्नानुसारका स्रोतहरू प्रयोगमा ल्याइएको छ ।

### १) प्राथमिक स्रोत

अध्ययनकर्ताबाट नै प्रत्यक्ष अवलोकन गरी सङ्कलन गरिने तथ्याङ्क नै बढी विश्वासनीय हुने हुँदा अध्ययनकर्ताबाट प्राथमिक स्रोतलाई नै जोड दिएको छ । अध्ययनकर्ताद्वारा प्रयोगमा ल्याइएका प्राथमिक स्तरका स्रोतहरूमा नमूना छनोटमा परेका विद्यालयहरूका प्र.अ. ८, शिक्षक ८, विद्यार्थी ३२, वि.व्य.स. का अध्यक्ष ८, शिक्षक अ.सं. का अध्यक्ष ८, स्रोत व्यक्ति १ र वि.नि. १ समेत गरी ९८ जनालाई लिएको छ ।

### २) द्वितीय स्रोत

अध्ययनकर्ताद्वारा प्रयोगमा ल्याइएका द्वितीय स्रोतहरूमा सवै विद्यालयका विद्यालय सुधार योजना प्रतिवेदन, शैक्षिक तथ्याङ्क तथा अन्य पुस्तकहरू रहेका छन् ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत शोधपत्रको उद्देश्य प्राप्तिका लागि तथ्याङ्क सङ्कलनको रूपमा विद्यालय सर्वेक्षण फारम तयार गरी शोधकर्ता स्वयम् ८ वटा विद्यालयमा गई प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको विवरण सङ्कलन गरिएको छ । विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थीबाट आवश्यक जानकारी प्राप्तिका लागि अन्तर्वार्ता प्रश्नावली फारम भराई तथ्याङ्क सङ्कलन गरिएको छ । त्यस्तै सम्बन्धित विद्यालयका अभिभावक, वि.व्य.स. अध्यक्ष तथा शिक्षक अभिभावक संघका अध्यक्षहरूलाई पनि सम्बन्धित विद्यालयमै आमन्त्रण गरी अन्तर्वार्ता प्रश्नावली भराइएको छ। यसका साथै ताहूँ स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालय पाल्पाका स्रोत व्यक्ति र वि.नि. सँग पनि अन्तर्वार्ता प्रश्नावलीको माध्यमबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । द्वितीय तथ्याङ्क सङ्कलनका लागि स्थलगत सर्वेक्षण, विद्यालयका अभिलेख, जिल्ला शिक्षा कार्यालयबाट प्राप्त सूचना तथा सन्दर्भ ग्रन्थहरूलाई आधार मानिएको छ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

अनुसन्धान कार्य पूरा भएपछि विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई सही रूपमा बुझ्नको लागि त्यसको विश्लेषण गरिनु पर्दछ । प्राथमिक र द्वितीय स्रोतबाट सङ्कलित तथ्याङ्कलाई वर्गीकरण गर्दै तालिकीकरण गरिएको छ । तालिकीकरण गरिएको तथ्याङ्कहरू आवश्यकता अनुसार प्रतिशतमा व्याख्या गरिएको छ। तथ्याङ्कको प्रस्तुतिकरण संख्यात्मक रूपमा गरिएको भए तापनि विश्लेषणलाई व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ । विश्लेषण गरिएको तथ्याङ्कलाई सूचकसँग तुलना गरिएको छ (हेर्नुस्, परिशिष्ट : ३) ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

कुनै पनि अध्ययनको उद्देश्य हासिल गर्नको लागि विभिन्न साधनहरूको प्रयोग गरी प्राप्त हुन आएको तथ्याङ्क तथा सूचनाहरूलाई व्याख्या र विश्लेषण गर्नु पर्दछ । यस अध्ययनको उद्देश्य हासिल गर्नको लागि पनि विभिन्न स्रोत र साधनहरूको प्रयोग गरी प्राप्त भएका तथ्याङ्क तथा सूचनाहरूलाई उद्देश्यको क्रम अनुसार उपयुक्त शीर्षकमा विभाजन गरी निम्न अनुसार व्याख्या र विश्लेषण गरिएको छ :

४.१ कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको वर्तमान अवस्था

४.२ कक्षा दोहोऱ्याउने प्रवृतिका कारक तत्वहरू

४.३ कक्षा दोहोऱ्याउने अवस्था न्यूनीकरण गर्ने उपायहरू

## ४.१ कक्षा दोहोऱ्याउने विद्यार्थीको वर्तमान अवस्था

प्राथमिक विद्यालय तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको वर्तमान अवस्था बारेमा जानकारी लिन नमूना छनोटका विद्यालयहरूमा गई त्यहाँका विद्यार्थीहरूको भर्ना स्थिति, परीक्षा परिणाम, दलित तथा जनजाति छात्र-छात्राहरूको कक्षा दोहोऱ्याउने अवस्था, विद्यालयगत कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको विवरण तथा समष्टिगत कक्षा दोहोऱ्याउने स्थितिको बारेमा तथ्याङ्क सङ्कलन गरिएको थियो । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

### ४.१.१ कक्षागत रूपमा विद्यार्थीहरूको भर्ना स्थिति

छनोट गरिएका विद्यालयका प्राथमिक तहको तीन शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीहरूको कक्षागत विवरण प्रस्तुत गरिएको छ, (हेर्नुस्, परिशिष्ट : १०) ।

अध्ययन गरिएका विद्यालयको शैक्षिक सत्र २०६६ मा कक्षा १ देखि ५ सम्मका छात्रको समष्टिगत भर्ना स्थिति क्रमशः ५०.६०%, ४८.५५%, ४६.५१%, ४०.५८%, ५५.७५% र छात्राको ४९.४०%, ५१.४५%, ५३.४९%, ५९.४२%, ४४.२५% रहेको छ। कक्षा १ र कक्षा ५ मा छात्रको भर्ना छात्राको भन्दा बढी देखिन्छ भने अन्य कक्षामा छात्राको बढी देखिन्छ। कुल छात्रको भन्दा छात्राको भर्ना ३.१८% ले बढी देखिन्छ। समग्र पाल्पा जिल्लाको कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने छात्रको भर्ना स्थिति ५०.२५% र छात्राको ४९.७५% सँग तुलना गर्दा अध्ययन गरिएका विद्यालयको छात्र भर्नामा १.८४% ले कमी र छात्राको भर्नामा १.८४% ले नै बढी देखिन्छ । जसको मुख्य कारण चेतना स्तरमा सुधार आउनु तथा पहुँचको सुनिश्चितता हुनु हो भने छात्र भर्नामा कमी आउनुको प्रमुख कारकको रूपमा मानवीय आवश्यकताको प्राप्तिमा कमी रहेको छ।

स्थलगत सर्वेक्षणको आधारमा शैक्षिक सत्र २०६७ मा कक्षा १ देखि ५ सम्मका छात्रको समष्टिगत भर्ना स्थिति क्रमशः ४४.७३%, ५५.६३%, ४६.०४%, ४६.३४%, ४३.६८% र छात्राको ५५.२७%, ४३.३७%, ५३.९६%, ५३.६६%, ५६.३२% रहेको पाइन्छ । कक्षा २ मा छात्रको भर्ना ४६.८५% भएकोले छात्राको भर्ना ६.३०% ले बढी रहेको छ । त्यस्तै गरी जिल्लागत भर्ना स्थितिसँग तुलना गर्दा पाल्पा जिल्लाको प्राथमिक तहका छात्र ५०.०८% र छात्रा ४९.९२% रहेकोले छात्र भर्नामा ३.२३% कमी र छात्रा भर्नामा ३.२३% ले नै बढी देखिन्छ । मुख्य गरी शैक्षिक जागरण र लैङ्गिक समानतातर्फ समाज केही अघि बढेको कारणले जनजाति छात्रा भर्नामा बृद्धि भएको देखिन्छ भने मानवीय आवश्यकता प्राप्तिको कमीले गर्दा छात्र भर्ना शैक्षिक सत्र २०६६ मा भन्दा कम भएको पाइन्छ।

अनुसन्धानका लागि छानिएका विद्यालयको शैक्षिक सत्र २०६८ मा कक्षा १ देखि ५ सम्मका छात्रको समष्टिगत भर्ना स्थिति क्रमशः ४०.८५%, ५०.४९%, ५७.५४%, ४३.३५%, ४४.१७% र छात्राको ५९.१५%, ४९.५१%, ४२.४६%, ५६.६५%, ५५.८३% रहेको पाइन्छ । विद्यमान भर्ना स्थितिको तुलना गर्दा कक्षा २ र ३ मा छात्रको भर्ना छात्राको भन्दा केही बढी र अन्य कक्षाहरूमा छात्राको बढी रहेको पाइन्छ । छात्रको कुल भर्ना ४६.५०% भएकोले छात्राको भर्ना ७% ले बढी रहेको छ । पाल्पा जिल्लाको छात्र तथा छात्रा भर्ना क्रमशः

५०.४६% र ४९.५४% सँग तुलना गर्दा छात्र भर्ना ३.९६% ले कमी र छात्रा ३.९६% ले बढी देखिन्छ ।

यसरी तीन शैक्षिक सत्रको भर्ना विवरणको विश्लेषण गर्दा छात्रा भर्ना छात्रको भन्दा क्रमश ३.१८%, ६.३०% र ७% ले बढ्दै गइरहेको छ । जसको प्रमुख कारण शैक्षिक जागरण र लैङ्गिक समानता तर्फ समाज अगाडी बढ्नु, सरकारको छात्रा छात्रवृत्ति, महिला शिक्षक व्यवस्था जस्ता नीतिहरू कार्यान्वयनमा आउनु रहेको छन् । जुन पाउलो फ्रेरेको सचेतीकरण र मेरी पार्कर फोलेटको मानव सम्बन्ध सिद्धान्तसँग मेल खान्छ । फ्रे का अनुसार शिक्षाले सचेतीकरण वढाउछ र त्यसले शिक्षामा सहभागिता बृद्धि हुन्छ भने फोलेटका अनुसार जति धेरै मानविय सम्बन्ध स्थापित गर्न सक्यो त्यति नै सहभागितामा वृद्धि हुन्छ । त्यस्तै छात्र भर्नामा क्रमशः ह्रास हुदै जानुमा मानवीय आवश्यकता प्राप्तिको कमि प्रमुख कारणको रूपमा रहेको छ । जुन अब्राहम मास्लेको उत्प्रेरणाको सिद्धान्तसँग मेल खान्छ । मास्लोको अनुसार मानिसलाई उत्प्रेरित गर्ने उनहिरूको आवश्यकता हो । जव गाँस, बास र कपास जस्ता आधारभूत समस्या समाधान गर्न सक्दैन तवसम्म शिक्षा र स्वास्थ्य जस्ता आवश्यकताले मानिस उत्प्रेरीत हुन सक्दैनन् ।

### ४.१.२ विद्यार्थीको परीक्षाको परिणाम

प्राथमिक विद्यालय तहका विद्यार्थीहरूको शैक्षिक अवस्थाबारे जानकारी हासिल गर्न शैक्षिक सत्रको अन्त्यमा लिइने वार्षिक परीक्षाको परीक्षाफललाई आधार बनाई शैक्षिक सत्र २०६६ र २०६७ को तथ्याङ्क लिइएको थियो (हेर्नुस्, परिशिष्ट : ११) ।

अध्ययन गरिएका विद्यालयहरूको शैक्षिक सत्र २०६६ र २०६७ को समग्र उत्तीर्ण प्रतिशत पाल्पा जिल्लाको क्रमशः ७५.५६% र ७५.८२% भन्दा ३.६५% र ६.५१% ले बढी देखिएको छ भने शैक्षिक सत्र २०६६ मा कक्षा १ को उत्तीर्णदर क्षेत्रिय ५५.४% तथा राष्ट्रिय ५४.५% भन्दा क्रमशः ८.९८% र ९.८८% ले बढी तथा कक्षा ५ को ८१.५% र ८२% रहेकोले क्रमशः ११.५% र १२% ले कमी देखिएको छ । त्यस्तै गरी दुबै शैक्षिक सत्रमा छात्र छात्राको उत्तीर्ण दरमा खासै भिन्नता देखिएको छैन । यसरी उक्त छात्रा उत्तीर्ण दरले के स्पष्ट हुन्छ

भने यदि छात्राहरू पनि विद्यालयमा सहभागी हुन पाउँदछन् भने उनीहरू पनि परीक्षामा बढी भन्दा बढी उत्तीर्ण हुन सक्छन् ।

### ४.१.३ कक्षागत रूपमा विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने स्थिति

प्राथमिक विद्यालय तहमा विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने स्थितिबारे स्पष्ट जानकारी प्राप्त गर्न अध्ययन गरिएका विद्यालयमा कक्षागत रूपमा जम्मा कक्षा दोहोऱ्याएका विद्यार्थीहरूको विवरण यसप्रकार रहेको छ (हेर्नुस्, परिशिष्ट : १२) ।

अध्ययन गरिएका विद्यालयको शैक्षिक सत्र २०६६ को कक्षा १ मा छात्र ३६.९०%, छात्रा ४१.४६%, कक्षा २ मा छात्र २५.३६%, छात्रा २८.१६%, कक्षा ३ मा छात्र २२.५०%, छात्रा १९.५६%, कक्षा ४ मा छात्र १५.९४%, छात्रा ११.१८%, कक्षा ५ मा छात्र ८.२४%, छात्रा १५.५८% र समग्रमा छात्र २१.४१% तथा छात्रा २२.६९% गरी जम्मा २२.०७% छात्रछात्राहरूले कक्षा दोहोऱ्याएको पाइएको छ ।

अनुसन्धानको क्रममा अध्ययन गरिएका विद्यालयहरूको शैक्षिक सत्र २०६७ को कक्षा १ मा भर्ना भएका मध्ये छात्र ३५.२९%, छात्रा ४६.४२%, कक्षा २ मा छात्र १८.९१%, छात्रा २७.११%, कक्षा ३ मा छात्र १८.७५%, छात्रा १७.३३%, कक्षा ४ मा छात्र १३.१५%, छात्रा १०.२२%, कक्षा ५ मा छात्र ३४.०५%, छात्रा २०.६८% र समग्रमा छात्र २४.४६% तथा छात्रा २३.९३% गरी जम्मा २४.१८% छात्रछात्राहरूले कक्षा दोहोऱ्याएका छन् ।

स्थलगत सर्वेक्षणको क्रममा अध्ययनको लागि छनोट गरिएका विद्यालयहरूको शैक्षिक सत्र २०६८ को कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये छात्र २४.४१%, छात्रा २९.७६%, कक्षा २ मा छात्र ३६.५३%, छात्रा १७.६४%, कक्षा ३ मा छात्र १७.७४%, छात्रा १७.७७%, कक्षा ४ मा छात्र १४.५१%, छात्रा १७.२८%, कक्षा ५ मा छात्र ६.९४%, छात्रा १८.६८% र समग्रमा छात्र १८.६२% तथा छात्रा २०.७३% समेत गरी जम्मा १९.७५% विद्यार्थीहरूले कक्षा दोहोऱ्याएको पाइएको छ ।

उक्त तथ्याङ्क अध्ययन गर्दा तीन शैक्षिक सत्रको कक्षा दोहोऱ्याउने अवस्थामध्ये शैक्षिक सत्र २०६७ को कक्षा १ मा सबभन्दा बढि ४६.४२% छात्राहरूले कक्षा दोहोऱ्याएको पाइएको छ भने सबभन्दा कम शैक्षिक सत्र २०६८ को कक्षा ५ का ६.९४% छात्रहरूले दोहोऱ्याएका छन् । त्यस्तै गरी शैक्षिक सत्र २०६६ मा कक्षा १ देखि कक्षा ५ सम्मका २१.४१% छात्र र २२.६९% छात्राले शैक्षिक सत्र २०६७ मा सबभन्दा बढी २४.४६% छात्र र २३.९३% छात्राले त्यस्तै गरी शैक्षिक सत्र २०६८ मा सबभन्दा कम १८.६२% छात्र र २०.७३% छात्राले कक्षा दोहोऱ्याएको पाइन्छ ।

तीन शैक्षिक सत्रको समग्र कक्षा दोहोऱ्याउने स्थिति हेर्दा शैक्षिक सत्र २०६६, २०६७, र २०६८ मा क्रमशः २२.०७%, २४.१८% र १९.७५% छात्र छात्राले कक्षा दोहोऱ्याएको पाइन्छ । शैक्षिक सत्र २०६६ र २०६७ मा भन्दा शैक्षिक सत्र २०६८ मा सबभन्दा कम छात्र-छात्राहरूले कक्षा दोहोऱ्याएको देखिन्छ । जुनस्थितिलाई शैक्षिक गुणस्तरमा केही सुधारको सङ्केतको रूपमा लिन सकिन्छ । तथापी यो अवस्था पाल्पा जिल्लाको तीन ओटै शैक्षिक सत्र र शैक्षिक सत्र २०६६ मा कक्षा १ र कक्षा ५ को क्षेत्रीय तथा राष्ट्रिय दर भन्दा बढी रहेको पाईन्छ । यसरी तीन शैक्षिक सत्रको आँकडालाई हेर्दा कुल प्रतिशतमा धेरै भिन्नता नभए तापनि जिल्ला, क्षेत्रीय र राष्ट्रिय दर भन्दा बढी भएको हुदा यसलाई खासै सन्तोषजनक मान्न सकिँदैन । जसको मुख्य कारणमा मेरी पार्कर फोलेटको मानव सम्बन्ध सिद्धान्त र अब्राहम मास्लोको उत्प्रेरणा सम्बन्धी सिद्धान्तको प्रभाव रहेको पाइन्छ ।

### ४.१.४ दलित तथा जनजाति विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने स्थिति

प्राथमिक तहमा अध्ययन गर्ने दलित तथा जनजाति विद्यार्थीहरूको कक्षागत रूपमा कक्षा दोहोऱ्याउने स्थितिबारे शैक्षिक सत्र २०६६, २०६७ र २०६८ को तथ्याङ्क लिइएको थियो, (हेर्नुस्, परिशिष्ट : १३-१४) ।

अध्ययन गरिएका विद्यालयहरूको शैक्षिक सत्र २०६६ को कक्षा १-५ सम्म भर्ना भएका दलित विद्यार्थीमध्ये क्रमशः ३२.१४%, २५.९२%, ३.३३%, ९.६७%, ८.१०% र जनजाति ४२.१०%, २८.३०%, २५%, १४.८१%, १२.५०% विद्यार्थीहरूले कक्षा दोहोऱ्याएका छन् भने

समग्रमा दलित तथा जनजाति छात्र-छात्राहरूमध्ये क्रमशः १२.३४%-१८.०५% र २१.४१%-२२.६९% ले कक्षा दोहोऱ्याएका छन् ।

शैक्षिक सत्र २०६७ को कक्षा १-५ सम्म भर्ना भएका दलित विद्यार्थीमध्ये क्रमशः ३०%, २०%, २३.३३%, १४.२८%, २५%, र जनजाति ४३.४१%, २२.८५%, १७.१४%, १०.८६%, २७.६७% विद्यार्थीहरूले कक्षा दोहोऱ्याएका छन् भने समग्रमा दलित तथा जनजाति छात्र-छात्राहरूमध्ये क्रमशः २५%-२०% र २४.४६%-२३.९३% ले कक्षा दोहोऱ्याएका छन् ।

त्यस्तै गरी शैक्षिक सत्र २०६८ को कक्षा १ देखि ३ सम्म भर्ना भएका दलित विद्यार्थीमध्ये क्रमशः १६.६६%, २१.४२%, १५.७८%, कक्षा ४ मा कक्षा दोहोऱ्याउने दलित नभएका, कक्षा ५ मा दलित ८.६९% र जनजाति कक्षा १ देखि ५ सम्म क्रमशः ३०.७६%, २८.४०%, १९.२७%, १९.८१%, १४.५९% विद्यार्थीहरूले कक्षा दोहोऱ्याएका छन् । समग्रमा दलित तथा जनजाति छात्र-छात्राहरूमध्ये क्रमशः १२.८०%-८.८०% र १८.६२%-२०.७३% ले कक्षा दोहोऱ्याएका छन् ।

उक्त तथ्याङ्क अनुसार शैक्षिक सत्र २०६६ मा कक्षा १ का दलित तथा जनजाति विद्यार्थीहरूमा सबभन्दा बढि क्रमशः ३२.१४% र ४२.१०% ले कक्षा दोहोऱ्याएको देखिएको छ भने सबभन्दा कम दलित विद्यार्थीमा  कक्षा ३ का ३.३३% र जनजातिमा कक्षा ५ का १२.५०%ले कक्षा दोहोऱ्याएको देखिएको छ । त्यस्तै कक्षा १-५ का सम्पूर्ण विद्यार्थीहरूमध्ये १५.०३% दलित र २४.३०% जनजाति विद्यार्थीहरूले कक्षा दोहोऱ्याएको देखिएको छ । शैक्षिक सत्र २०६७ मा कक्षा १का दलित तथा जनजाति विद्यार्थीहरूमा सबभन्दा बढी क्रमश ३०.००% र ४३.४१% ले कक्षा दोहोऱ्याएको पाइन्छ भने सबभन्दा कम कक्षा ४ का दलित तथा जनजाति विद्यार्थीहरूमा क्रमशः १४.२८% र १०.८६% ले कक्षा दोहोऱ्याएको पाइन्छ । त्यस्तै कक्षा १-५ का सम्पूर्ण विद्यार्थीहरू मध्ये २२.७९%  दलित र २४.६८%  जनजाति विद्यार्थीहरूले कक्षा दोहोऱ्याएको पाइन्छ । शैक्षिक सत्र २०६८ मा कक्षा २ का दलित र कक्षा १ का जनजति विद्यार्थीहरूमा क्रमशः २१.४२% र ३०.७६% ले कक्षा दोहोऱ्याएको देखिन्छ । त्यस्तै सबभन्दा कममा कक्षा ४ का कुनै पनि दलितले कक्षा दोहोऱ्याएको देखिदैन भने कक्षा ५ का १४.५९% जनजाति विद्यार्थीले कक्षा दोहोऱ्याएको देखिन्छ । त्यस्तै

गरी कक्षा १-५ का सम्पूर्ण विद्यार्थीहरूमा तीन शैक्षिक सत्र कै सबभन्दा कम १०.७५% दलित र २२.२०% जनजाति विद्यार्थीहरूले कक्षा दोहोऱ्याएको देखिन्छ ।

यसरी तीन शैक्षिक सत्रको आँकडालाई हेर्दा कक्षा दोहोऱ्याउने स्थिति शैक्षिक सत्र २०६८ मा तुलनात्मक रूपमा घटेतापनि विद्यार्थीको संख्याको अनुपातमा यो खासै सन्तोषजनक मान्न सकिदैन । जनजातिको तुलनामा दलित विद्यार्थीको दोहोऱ्याउने स्थितिमा केही कमि देखिएको छ । जसको प्रमुख कारक लक्षित वर्गका लागि राज्यले अवलम्बन गरेको नीति तथा कार्यक्रमको प्रभावको रूपमा लिन सकिन्छ जुन अब्राहम मास्लोको मानवीय आवश्यकताको प्राप्तिबाट श्रृजित उत्प्रेरणाको सिद्धान्तसँग मेल खान्छ ।

### ४.१.५ प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था

कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको वर्तमान अवस्था पहिचानको लागि छानिएका आठ ओटा विद्यालयबाट शैक्षिक सत्र २०६६, २०६७ र २०६८ सालको प्राथमिक तह मा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था सम्बन्धित विश्लेषण गरिएको छ, (हेर्नुस्, परिशिष्ट : १४-१७) ।

अध्ययन क्षेत्रमा रहेका विद्यालयहरू अन्तर्गत मध्ये रम्भा उ.मा.वि.को ताहूँको शैक्षिक सत्र २०६६ मा भर्ना भएका मध्ये कक्षा दोहोऱ्याउने विद्यार्थी कक्षा १ मा नभएको, कक्षा २ देखि ५ सम्म क्रमशः १८.१८%, ७.१४%, २२.७२%, १२.५% र समग्र कक्षा १ देखि ५ सम्ममा १४.२८% रहेको छ । त्यसैगरी शैक्षिक सत्र २०६७ को कक्षा २, ३ र ५ मा क्रमशः ४५.४५%, २०%, ३२.६९% रहेका छन् भने कक्षा १ र ४ मा रहेका छैनन् । समग्र कक्षा १ देखि ५ सम्ममा २१.२३% रहेको छ । शैक्षिक सत्र २०६८ मा भर्ना भएका कुनै पनि विद्यार्थीले कक्षा दोहोऱ्याएका छैनन् ।

अध्ययनको क्रममा मातृभूमि उ.मा.वि देवीनगरको शैक्षिक सत्र २०६६ मा भर्ना भएका मध्ये कक्षा दोहोऱ्याउने विद्यार्थी कक्षा १ देखि ५ सम्म क्रमशः ४.५४%, ३८.२३%, ३९.१३%, १२.९६%, ११.५९% र समग्रमा २०.८८% रहेको छ । त्यसैगरी शैक्षिक सत्र २०६७ मा कक्षा २ देखि कक्षा ५ सम्म क्रमशः २०.५८%, ११.७६%, १२.०६% र २३.७२% रहेका छन् भने

कक्षा १ मा छैनन् । समग्रमा १५.४५% रहेको छ । शैक्षिक सत्र २०६८ मा कक्षा १ मा छैनन भने कक्षा २ देखि कक्षा ५ सम्म क्रमशः २०.५८%,११.७६%, ३२.७५%,१०.१६% र समग्रमा १७.३९% रहेका छन् ।

जनहित भगवति मा.वि हुमिनको शैक्षिक सत्र २०६६ मा भर्ना भएका मध्ये कक्षा दोहोऱ्याउने विद्यार्थी कक्षा १ र २ मा क्रमशः ३१.८१%, ३३.३३% र अन्य कक्षाहरूमा नरहेको र समग्रमा १५.३८% रहेको छ । त्यसैगरी शैक्षिक सत्र २०६७ मा कक्षा १ देखि कक्षा ५ सम्म क्रमशः ५०%, १०.५२%, २३.०७%, ७.१४%, १८.१८% र समग्रमा २१.४२% रहेका छन् । त्यस्तै शैक्षिक सत्र २०६८ मा कक्षा १ देखि ३ सम्म क्रमशः १३.३३%, २८.५७%, २६.६६% रहेका छन् भने कक्षा ४ र कक्षा ५ मा छैनन् भने समग्रमा १२.८२% रहेको छ ।

भिमसेन प्रा.वि मुन्टुङ्ग, देवीनगरको शैक्षिक सत्र २०६६ मा भर्ना भएका मध्ये कक्षा दोहोऱ्याउने विद्यार्थी कक्षा १ देखि ४ सम्म क्रमशः ७५.६०%, ४८%, ३१.०३%, १२.९६%, ११.५९% र समग्रमा ४३.३३% रहेको छ । त्यसैगरी शैक्षिक सत्र २०६७ मा कक्षा १ देखि कक्षा ५ सम्म क्रमशः ७२.२२%, २६.३१%, १८.१८%, १९.२३%, २४% र समग्रमा ३५.९३% रहेको छ । त्यसैगरी शैक्षिक सत्र २०६८ मा कक्षा १ देखि कक्षा ५ सम्म क्रमशः ३१.२५%, ५०%, ३५.२९%, ५.२६%, ३३.३३% र समग्रमा ४०% रहेका छन् ।

कमला देवी प्रा.वि. वेसर्घा, देवीनगरको शैक्षिक सत्र २०६६ मा भर्ना भएका मध्ये कक्षा दोहोऱ्याउने विद्यार्थी कक्षा १ मा ३०% र अन्य कक्षाहरूमा नरहेकोले समग्रमा ६.०६% रहेको छ । त्यसैगरी शैक्षिक सत्र २०६७ मा कक्षा १ र ५ सम्म क्रमशः ४०%, ४०.७४% रहेको छ भने अन्य कक्षामा छैनन् । समग्र कक्षा १ देखि ५ सम्ममा १८.४७% रहेको छ । शैक्षिक सत्र २०६८ मा कक्षा १ मा ३१.२५% रहेका छन् तर अन्यमा छैनन् भने समग्रमा ६.६६% रहेका छन् ।

जनप्रिय प्रा.वि., मंगलाको शैक्षिक सत्र २०६६ मा भर्ना भएका मध्ये कक्षा दोहोऱ्याउने विद्यार्थी कक्षा १ देखि ५ सम्म क्रमशः ४८.४८%, ११.७६%, ३८.०९%, ४६.१५%, १०% र समग्रमा ३५.१०% रहेको छ । त्यसैगरी शैक्षिक सत्र २०६७ मा कक्षा १ र ५ सम्म क्रमशः ६९.६९%, ५२.९४%, ४५%, ३८.४६%, १०% र समग्रमा ५०% रहेको छ । त्यसैगरी शैक्षिक

सत्र २०६८ मा कक्षा १ र ४ सम्म क्रमशः ४०% ५०%, ३०%, १६.६६% रहेका छन् भने कक्षा ५ मा छैनन् । समग्रमा २९.३१% रहेका छन् ।

जनता प्रा.वि. थाकखोला, ताहूँको शैक्षिक सत्र २०६६ मा भर्ना भएका मध्ये कक्षा दोहोऱ्याउने विद्यार्थी कक्षा १ र २ मा क्रमशः ३३.३%, ११.११% रहेको छ भने अन्य कक्षाहरूमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरू छैनन् । समग्रमा कक्षा १ देखि ५ सम्ममा ९.७५% रहेको छ । त्यसैगरी शैक्षिक सत्र २०६७ मा कक्षा २ मा १२.५०%, कक्षा ५ मा ३६.३६% रहेका छन् भने अन्य कक्षामा छैनन् । समग्रमा १२.८२% रहेको छ । त्यसैगरी शैक्षिक सत्र २०६८ मा २, ३ र ५ मा क्रमशः २८.५७%, ३३.३३%, १४.२८% रहेका छन् भने अन्य कक्षामा छैनन् । समग्र कक्षा १ देखि कक्षा ५ सम्म १७.२४% रहेका छन् ।

पशुपति प्रा.वि. धोवादी, ताहूँको शैक्षिक सत्र २०६६ मा भर्ना भएका मध्ये कक्षा दोहोऱ्याउने विद्यार्थी कक्षा १ मा ७.६९% रहेका छन् । अन्य कक्षाहरूमा छैनन् भने समग्रमा ३.०३% रहेको छ । त्यसैगरी शैक्षिक सत्र २०६७ मा १, २ र ४ मा क्रमशः ९.०९%, २०%, १६.६६% रहेका छन् । कक्षा ३ र ५ मा छैनन् भने समग्रमा ७.६९% रहेका छन् । त्यसैगरी शैक्षिक सत्र २०६८ मा ४ र ५ मा क्रमशः २०%, ५७.१४% रहेका छन् भने कक्षा १, २ र ३ मा छैनन् । समग्रमा ११.९०% रहेका छन् ।

समग्रमा शैक्षिक सत्र २०६६ मा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको प्रतिशत २२.०७% रहेको छ । जुन अवस्थालाई शैक्षिक क्षतिको रूपमा लिन सकिन्छ । यसको प्रमुख कारणमा सामाजिक विभेदीकरण र शैक्षिक जागरणको कमी रहेको देखिन्छ । त्यस्तै शैक्षिक सत्र २०६७ मा कक्षा दोहोऱ्याउने विद्यार्थीको प्रतिशत गत शैक्षिक सत्रमा भन्दा २.११%ले बढी २४.१८% पुगेको देखिन्छ । यसको प्रमुख कारणमा मानव सम्बन्ध तथा मानवीय आवश्यकता प्रप्तिमा कमी रहेको पाइन्छ । शैक्षिक सत्र २०६८ मा कक्षा दोहोऱ्याउने विद्यार्थीको प्रतिशत गत शैक्षिक सत्र २०६७ मा भन्दा ४.४३% ले घटी १९.७५% रहेको छ । तीन शैक्षिक सत्रको कक्षा दोहोऱ्याउने अवस्थाको आँकलन गर्दा शैक्षिक सत्र २०६८ को दोहोऱ्याउने स्थितिमा केही सुधार देखिन्छ ।

शैक्षिक सत्र २०६६, २०६७ र २०६८ मा कक्षा दोहोऱ्याउने दलित विद्यार्थी क्रमशः १५.०३%, २२.७९%, १०.७९% र जनजाति विद्यार्थी २४.३०%, २४.६८%, २२.२०% रहेका छन् ।

अघिल्ला दुई शैक्षिक सत्रमा भन्दा दलित र जनजाति विद्यार्थीको कक्षा दोहोऱ्याउने अवस्थामा सुधार आई शैक्षिक सत्र २०६८ मा कक्षा दोहोऱ्याउने दरमा कमी आएको देखिन्छ । यसको मुख्य कारणमा दलित तथा जनजाति विद्यार्थीहरूमा सरकारको लक्षित कार्यक्रम तथा छात्रा लक्षित कार्यक्रम र मानवीय आवश्यकता प्राप्ति एवम् मानव सम्बन्ध सुधारको कारणले भएको पाइन्छ । जुन मास्लोको मानवीय आवश्यकता शृङ्खला सम्बन्धी उत्प्रेरणाको सिद्धान्त र फोलेटको मानव सम्बन्ध सिद्धान्तसँग मेल खान्छ ।

## ४.२ कक्षा दोहोऱ्याउने प्रवृतिका कारक तत्वहरू

प्राथमिक विद्यालयमा भर्ना भएका सबै विद्यार्थीहरूले कक्षा उत्तीर्ण गर्न सक्दैनन । केही विद्यार्थी अनुत्तीर्ण भएर त केही विद्यार्थी परीक्षामा सम्मिलित नभएर पनि कक्षा दोहोऱ्याउने प्रवृति रहेको पाइन्छ । यस्तो अवस्था कायम रहनु भनेको राष्ट्रको लागि ठूलो शैक्षिक क्षति हुनु हो । त्यसैले कक्षा दोहोऱ्याउने प्रवृतिका कारण उत्पन्न शैक्षिक क्षतिलाई न्यूनिकरण गर्ने उपायहरू पत्ता लगाई कार्यान्वयनमा ल्याउनु हामी सबैको कर्तव्य पनि हो । त्यसका लागि सर्वप्रथम कक्षा दोहोऱ्याउने अवस्थाका कारक तत्वहरूको खोजी गरी पहिचान गर्नु पर्दछ ।

अध्ययनको क्रममा प्राथमिक तहमा कक्षा दोहोऱ्याउने प्रवृत्तिका कारक तत्वहरू पत्ता लगाउनका लागि तथ्यांक संकलन गरिएको थियो । त्यसका लागि छनोटमा परेका विद्यालयहरूका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, वि.नि., स्रोत व्यक्ति, वि.व्य.स. अध्यक्ष तथा शिक्षक अभिभावक संघका अध्यक्षहरूको धारणा बुझि सोको आधारमा कक्षा दोहोऱ्याउने प्रवृत्तिका कारक तत्वहरूको पहिचान गरिएको छ । जसलाई निम्न अनुसारका उपशीर्षकहरूमा राखी उल्लेख गरिएको छ ।

### ४.२.१ सामाजिक तत्व

अनुसन्धानको क्रममा विद्यार्थीहरूलाई उनीहरूको अभिभावकहरूले गर्ने व्यवहारको बारेमा प्रश्न राख्दा अभिभावकहरूले हामीलाई अर्काका घरमा जाने हो भनी घरधन्दा भाई बहिनीको धरालो तथा खेत बारीमा काम गर्न पठाउनु हुन्छ त्यस्तै विद्यालयमा पनि छात्रा मैत्री वातारण छैन भन्ने विचार ७५% छात्राहरूले व्यक्त गरे भने हामीलाई भाईबहिनीको धरालो गर्न गोठालो जान तथा अरुको ज्यालादारी काममा समेत अभिभावकहरूले पठाउनु हुन्छ भन्ने विचार ८८% छात्रहरूले व्यक्त गरे । शिक्षकलाई राखिएको प्रश्नमा छोरा छोरीमा विभेद, शैक्षिक जागरणको कमी तथा मानवीय आवश्यकता प्राप्तिको कमी ले गर्दा विद्यार्थीहरू विद्यालय मा नियमित उपस्थित हुदैनन फलस्वरूप परीक्षामा राम्रो गदैन जसले गर्दा उनीहरू कक्षा दोहोऱ्याउन बाध्य हुन्छन् भन्ने विचार ७५% ले व्यक्त गरे ।

अव्राहम मास्लोले मानवीय आवश्यकताहरू एक पछि अर्को क्रमशः आउने गर्दछन् एक तहको आवश्यकता पूरा हुनासाथ तुरुन्तै अर्कौ आवश्यकता महशुश हुन्छ, मानिसलाई उत्प्रेरित गर्ने उनीहरूको आवश्यकता हो । जबसम्म गास, वास र कपासको समस्या समाधान गर्न सकिदैन वा सक्दैन तव सम्म शिक्षा र स्वास्थ्य वा अन्य आवश्यकताले मानिस उत्प्रेरित हुन सक्दैन भने झै यस भेकमा पनि मानवीय आधारभूत आवश्यकता प्राप्तिका लागि अभिभावकहरूले आफ्ना छोरा छोरीलाई लगाउने गरेको विचार सतप्रतिशत अभिभावक, शिक्षक अभिभावक संघका अध्यक्ष र वि.व्य.स. का अध्यक्षहरूले प्रकट गरे ।

मास्लोले भनेझैँ शारीरिक आवश्यकता अन्तर्गत गास, बास र कपास जस्ता मानवीय आधारभूत आवश्यकता परिपूर्तिका लागि व्यवसायिक तथा प्राविधिक शिक्षा मार्फत् स्वः रोजगारीको व्यवस्था गर्नु पर्दछ । तबमात्र अभिभावकहरूले बालबालिकालाई नियमित विद्यालय पठाउन सक्ने देखिन्छ । जसले गर्दा कक्षा दोहोऱ्याउने दरमा कमी ल्याउन मद्धत पुग्दछ ।

### ४.२.२ आर्थिक तत्व

अभिभावकहरूलाई के कारणले गर्दा विद्यार्थीहरू विद्यालय नियमित भई अध्ययन गर्न सकिरहेका छैनन् भन्ने प्रश्न गर्दा ९३% अभिभावकले गरिबीको कारण ज्याला मजदुरी

गर्नुपर्ने सोही कारणले गर्दा आफ्ना छोराछोरीलाई पनि ज्याला मददुरीमा लैजानुपर्ने त कोहीलाई घरधन्धामा राख्नुपर्ने बाध्यता रहेको बताए । जसले गर्दा विद्यालय नियमित रूपमा पठाउन नसकेको र विद्यालय पठाउँदा पनि गरिबीकै कारणले गर्दा पढाइका लागि आवश्यक पर्ने कापी, कलम, विद्यालय पोशाक, परीक्षा शुल्क आदिका लागि आवश्यक पर्ने खर्चको व्यवस्थापन गर्न नसक्दा उनीहरूको सिकाइमा प्रतिकूल असर पर्न गई परीक्षामा असफल हुने गरेका कारण कक्षा दोहोऱ्याउनु परेको धारणा व्यक्त गरे । सरकारले प्राथमिक तहको शिक्षा निःशुल्क गरिएको भए तापनि विद्यालयलाई भर्ना शुल्क, पाठ्यपुस्तक सहयोग तथा परीक्षा शुल्क आदि शुल्क तिर्नुपर्छ तर साँझ विहानको छाक टार्न धौधौ परिरहेका अभिभावकहरूका लागि यी सबै शुल्क फलामको चिउरा सावित भएका छन् । मानवीय आधारभूत आवश्यकता पूरा गर्न आफ्ना छोराछोरीलाई ज्याला मजदुरीमा लगाउन उनीहरू बाध्य छन् । जसको कारणले गर्दा विद्यार्थीहरू नियमित रूपमा विद्यालय जान पाउँदैनन् भन्ने धारणा ८८% वि.व्य.स. अध्यक्ष र शिक्षक अभिभावक संघका अध्यक्षले बताए भने सोही विचारमा सतप्रतिशत प्र.अ., शिक्षक, स्रोत व्यक्ति र वि.नि. ले सहमति जनाए । विद्यार्थीहरूलाई गरिएको विभिन्न प्रश्नमा ३१% ले घरधन्धा र खेतीपातीको काममा अभिभावकलाई सघाउनु पर्ने र ६९% ले मानवीय आधारभूत आवश्यकता प्राप्तिका लागि ज्याला मजदुरीमा जानुपर्ने विचार व्यक्त गरे ।

म्याक्स वेभरलेद्वन्द्व व्यवस्थापनको सिद्धान्त प्रतिपादन गरेर समाजका असमान वर्गहरूबीच आउने द्वन्द्वलाई व्यवस्थापन गर्दै प्रतिस्पर्धा गर्ने अवसर सबैलाई प्रदान गर्नुपर्दछ भने झै यस क्षेत्रका अभिभावकहरू पनि आर्थिक रूपले पिछडिएर प्रतिस्पर्धामा आउन नसकी प्रगति गर्न नसकेको पाइयो । जसले गर्दा उनीहरूले आफ्ना छोराछोरीहरूलाई प्राथमिक तहको शिक्षा प्राप्तिका लागि भन्दा मानवीय आधारभूत आवश्यकता प्राप्तिका लागि महत्व दिएको पाइयो । त्यसैले विकासको मूल धारबाट पछाडि परेका वर्गहरूलाई विशेष कार्यक्रम मार्फत् प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्नु पर्दछ । यसबाट समाजका सम्पूर्ण वर्गहरूले मानवीय आधारभूत आवश्यकता पूरा गरी आफ्ना छोराछोरीहरूलाई प्राथमिक तहको शिक्षामा समान सहयोगी बनाउन सक्छन् ।

### ४.२.३ पाठ्यक्रम सम्बन्धी तत्व

अभिभावक, शिक्षक, वि.व्य.स. तथा शिक्षक अभिभावक संघका अध्यक्ष, प्र.अ., वि.नि. तथा स्रोत व्यक्तिलाई कुन-कुन तत्वहरूले विद्यार्थीहरूमा कक्षा दोहोऱ्याउनु पर्ने अवस्था ल्याएको छ भनी राखिएको प्रश्नमा सतप्रतिशत उत्तरदाताबाट पाठ्यक्रमलाई पनि प्रमुख तत्वको रूपमा प्रस्तुत गरेको पाइयो । प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने अवस्थामा कमी ल्याउन शिक्षाको राष्ट्रिय आवश्यकता एवम् व्यक्तिको व्यक्तिगत चाहना तथा आवश्यकता समेत पूरा गर्न सक्ने समयसापेक्ष व्यवहारिक, वैज्ञानिक, सीपमूलक र आत्मनिर्भर भएर बाँच्न सक्ने किसिमको पाठ्यक्रम हुनुपर्ने धारणा सबैले व्यक्त गरे ।

वर्तमान प्राथमिक पाठ्यक्रममा समाविष्ट विषयवस्तु विद्यार्थीको चाहना एवम् मनोविज्ञान अनुरूप नभई सैद्धान्तिक विषयवस्तु मात्र समेटिएको, दिनभर कक्षाकोठामा बसेर सुनिरहनुपर्ने पट्यारलाग्दो र स्वः रोजगारमूलक नभएको विचार सम्पूर्णबाट आएको पाइयो ।

मेरी पार्क फोलेटले कुनै पनि संस्थाको लक्ष्य प्राप्तिका लागि संस्थामा आवद्ध व्यक्तिहरूको चाहना र भावनालाई सम्बोधन गर्ने गरी सहभागितामूलक सिद्धान्तमा जोड दिनु पर्दछ भनेझैँ पाठ्यक्रमले विद्यार्थी तथा समाजको मागलाई स्वीकार्न नसक्दा उनीहरूमा पढाइप्रति वितृष्णा पैदा भई विद्यालयमा कम सहभागिता जनाउनाले शैक्षिक सत्रको अन्त्यमा लिइने परीक्षामा असफल भई कक्षा दोहोऱ्याउने अवस्था आएको पाइयो । त्यसैले पाठ्यक्रम सिकारुको रुचि, चाहना र समय सापेक्ष एवम् सहभागितामूलक हुने गरी निर्माण गर्नु पर्दछ ।

### ४.२.४ जनचेतना सम्बन्धी तत्व

शिक्षा नै सम्पूर्ण प्रकारको विकासको मूल आधार हो । त्यस्तै शिक्षामा समान अधिकार सम्पूर्ण बालबालिकाहरूको आधारभूत अधिकार पनि हो । शिक्षामा गरिएको लगानीले दीर्घकालीन रूपमा मुलुकको आर्थिक तथा सामाजिक क्षेत्रमा ठूलो सहयोग पुऱ्याउँछ । व्यक्ति, परिवार र समाजमा परिवर्तन ल्याउँछ । शिक्षा नै त्यस्तो साधन हो जसको

माध्यमबाट समाजमा विद्यमान विभेदहरूको अन्त्य गरी सामाजिक न्याय प्रदान गर्दछ । शिक्षाकै कारण मानिसमा आफ्नो दायित्व बोध भई चेतनाको विकास हुन्छ । अनुसन्धानको क्रममा अभिभावकहरूलाई शिक्षाको आधार स्तम्भको रूपमा रहेको प्राथमिक तहको पढाइमा छोराछोरीलाई विद्यालय नियमित नपठाउनु तथा पठाउँदा पनि  पाठ्य एवम् लेख्य सामग्री विना पठाउनुका साथै उनीहरूको पढाइप्रति चासो नदिनु, पढाइको लागि आवश्यक घरायसी वातावरण नबनाइदिनुका कारणबाट सिर्जित कक्षा दोहोऱ्याउने अवस्था सम्बन्धी राखिएको प्रश्नमा ५०% उत्तरदाताले शिक्षाको जगको रूपमा रहेको प्राथमिक तहको शिक्षाको महत्व नबुझेर यस तहको शिक्षाले माथिल्लो तहको शिक्षामा पार्ने प्रभावबारे अनभिज्ञ भएर यस्तो गरेको विचार व्यक्त गरे । उत्तरदातामध्ये ५०% ले घरधन्धा तथा ज्याला मजदुरी गर्नुपर्ने बाध्यता तथा शैक्षिक बेरोजगारीको कारणले आफ्ना छोराछोरीलाई नियमित रूपमा विद्यालय नपठाउने गरेको धारणा व्यक्त गरे । उक्त विचारमा सतप्रतिशत प्र.अ., शिक्षक, स्रोत व्यक्ति, वि.नि., वि.व्य.स. अध्यक्ष र शिक्षक अभिभावक संघका अध्यक्षले पनि सहमति जनाए ।

युनेस्कोले लागु गरेको "सबैको लागि शिक्षा" कार्यक्रम अनुसार सन् २०१५ सम्ममा सबै नागरिकलाई शिक्षा पुऱ्याउने कार्यक्रमहरूको तर्जुमा गरिएको थियो । नेपालले पनि सो कार्यक्रममा प्रतिवद्धता जाहेर गरी उक्त प्रतिवद्धता पूरा गर्न प्रारम्भिक बाल विकास कार्यक्रममा विस्तार तथा सुधार, प्राथमिक शिक्षामा सम्पूर्ण बालबालिकाहरूको पहुँचको सुनिश्चितता, पौढ निरक्षरतामा कमी, लैङ्गिक विभेदको अन्त्य आदि जस्ता लक्ष्य निर्धारण गरी देशमा साक्षरता कार्यक्रमको माध्यमबाट जनचेतना फैलाउने अभियान शुरु गरिएको भए तापनि त्यसको प्रचार प्रसारको कमीका कारण आफ्ना छोराछोरीहरूलाई अनिवार्य रूपमा पठाउनु पर्दछ भन्ने विषयमा यहाँका अभिभावकहरूमा सचेतना सम्बन्धी शिक्षाको कमी भएको पाइयो । त्यसैले "सबैका लागि शिक्षा" कार्यक्रमलाई सफल पारी कक्षा दोहोऱ्याउने अवस्थाको न्यूनिकरण गर्न सर्वप्रथम अभिभावकको लागि सचेतनामूलक कार्यक्रमको सफल कार्यान्वयन गर्नु पर्दछ ।

### ४.२.५ अन्य तत्व

कक्षा दोहोऱ्याउने अवस्थाको अन्य कारक तत्वहरूको बारेमा विद्यार्थीहरूलाई सोधिएको प्रश्नमा विद्यालयको दुरी, विद्यालयमा सुरक्षित शौचालय नहुनु र पिउने पानीको समस्याले बाहिर होटल तथा गाउँका घर घरमा जानु पर्ने विचार ७५ प्रतिशत उत्तरदाताहरूले व्यक्त गरे । अभिभावक, शि.अ.संघ र वि.व्य.स.का पदाधिकारीहरूलाई सोधिएको प्रश्नमा भौतिक पूर्वाधार खडा नभएको, शिक्षण सिकाइ बालमैत्री हुन नसकेको, यातानामुक्त शिक्षण सिकाइ नभएको, केही पुरुष शिक्षकको छात्राप्रतिको असामान्य व्यवहार हुने गरको भन्ने धारणा ५० प्रशित उत्तरदाताहरूले व्यक्त गरे । महिला शिक्षकको उपस्थितिले छात्राको नियमिततामा प्रभाव पार्ने धारणा सतप्रतिशत प्र.अ ले व्यक्त गरे । त्यस्तै गरी विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरिए तापनि पटक पटकको बन्द हडतालले विद्यालयलाई प्रतिकूल प्रभाव पारिरहेको धारणा समेत सम्पूर्ण प्र.अ. ले प्रकट गरे । विद्यालयमा महिला शिक्षकको उपस्थितिले आफूलाई सुरक्षित महशुस भएको, शिक्षकबाट आत्मिय व्यवहार पाउने गरेको कुरा सतप्रतिशत छात्राहरूले बताए भने ७५ प्रतिशत विद्यार्थीहरूले दण्डरहित तथा बालमैत्रीपूर्ण शिक्षण सिकाइ नभएको धारणा व्यक्त गरे । वि.नि. र स्रोत व्यक्तिसँग सोधिएको प्रश्नमा सम्पूर्ण विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधारको कमी रहेको, शिक्षण सिकाइ प्रक्रिया पूर्ण रूपमा बालमैत्री हुनमा कमी रहेको, अनुगमन तथा निरीक्षण प्रक्रियामा कमी भएको, विद्यार्थीहरूमा अनुशासनको कमी रहेको भन्ने विचार पाइयो ।

शिक्षा सिकारुको रुचि एवम् चाहना र सामाजिक तथा राष्ट्रिय आवश्यकता अनुरूप हुनु पर्दछ तर सिकारुको रुची अनुरूपको शिक्षा नीतिमा परिवर्तन नहुनु शिक्षा पूर्ण रूपमा निःशुल्क हुन नसक्नु, निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति कार्यान्वयनमा नआउनु, अभिभावकहरूको विद्यालयप्रति चासो नहुनु जस्ता कारणहरूले गर्दा कक्षा दोहोऱ्याउने अवस्थाले निरन्तरता पाएको धारणा सत्प्रतिशत प्र.अ. र शिक्षकहरूले व्यक्त गरे ।

मेरी पार्कर फोलेटले प्रजातन्त्रिक र सहभागितामूलक सिद्धान्तमा जोड दिदै व्यक्तिहरूको भावना र चाहानालाई बुझेर मानवीय सम्बन्ध विकास गर्नु पर्दछ । त्यो सम्बन्धले मानोविज्ञाननिक ढाँचाबाट विभिन्न मनमुटाव, झगडा, कलुषित भावना आदिको समाप्ति गर्न मद्दत पुग्दछ भने झै यहाँ विद्यालय र सरोकारवालाहरू बीच त्यस्तो सम्बन्धको कमी रहेको विचार सबै उत्तरदाताहरूले प्रकट गरे । यही मानवीय सम्बन्धको अभाव पनि ५०

प्रतिशत सम्म कक्षा दोहोऱ्याउने  प्रवृतिको कारक तत्वको रूपमा रहेको सबैले स्वीकारे । त्यसैले मानवीय सम्बन्धमा सुधार ल्याउन यसको कुशल व्यवस्थापन गर्नु पर्दछ ।

## ४.३ कक्षा दोहोऱ्याउने अवस्था न्यूनीकरण गर्ने उपायहरू

विद्यार्थीहरूमा कक्षा दोहोऱ्याउनुपर्ने अवस्था आउनु एउटा गम्भिर समस्या हो । यस अध्ययनको सन्दर्भमा प्राथमिक विद्यालय तहमा विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने अवस्था रहनु यहाँका विद्यालयहरूको मात्र समस्या नभई सिङ्गो राष्ट्रकै ज्वलन्त समस्या तथा शैक्षिक क्षतिको रूप बनेको छ । यो समस्यामा कमी ल्याउनका लागि सरकारी तथा गैर सरकारी निकायहरूबाट विभिन्न प्रयासहरू हुँदै आइरहेका छन् तथापि यसमा खासै सुधार भएको पाइँदैन । जसले गर्दा शैक्षिक नीतिनिर्माता, योजनाकार, शिक्षाविद्, अभिभावक, शिक्षक एवम् विद्यार्थीहरूका लागि समेत यो समस्या थप चुनौतिको विषय बन्न पुगेको छ । यस अध्ययनको क्रममा सम्बन्धित विद्यालयहरूका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघ अध्यक्ष, स्रोत व्यक्ति र वि.नि. बाट आएका कक्षा दोहोऱ्याउने  प्रवृत्तिका कारक तत्वहरूको न्यूनिकरण गर्ने उपायहरूलाई यसप्रकार उल्लेख गरिएको छ :-

### ४.३.१ सामाजिक समस्या समाधान सम्बन्धी उपायहरू

प्रधानाध्यापक, शिक्षक, वि.व्य.स., शि.अ.संघ, अभिभावक, वि.नि. र स्रोत व्यक्तिलाई सोधिएको प्रश्नमा उहाँहरूले कक्षा दोहोऱ्याउने अवस्था न्यूनीकरण गर्नको लागि अनिवार्य र निःशुल्क शिक्षा हुनुपर्ने विचार सतप्रतिशतले व्यक्त गरे । त्यसको लागि अभिभावकलाई अभिभावक शिक्षा दिनुपर्ने, विद्यार्थीहरूलाई प्रोत्साहन गर्न सकारात्मक विभेदीकरणको नीति अवलम्बन गर्नु पर्ने धारण सतप्रतिशत प्र.अ र शिक्षकहरूले व्यक्त गरे । विद्यार्थीहरू विद्यालय नियमित नहुनाले सृजना भएको कक्षा दोहोऱ्याउने अवस्थामा कमी ल्याउनका लागि विद्यार्थीको उपस्थितिमा नियमितता ल्याउन घरदलौ कार्यक्रम सञ्चालन गरेर, महिला समूह, आमा समुह परिचालन गरेर, नियमित हुन नसक्ने विद्यार्थीहरूको हकमा सकारात्मक

विभेद गरेर, जनचेतना फैलाएर, विद्यालय र अभिभावकबीच अन्तक्रिया गरेर सफलता प्राप्त गर्न सकिन्छ भन्ने धारणा स्रोत व्यक्ति र वि.नि.ले व्यक्त गरेका छन् । कक्षा शिक्षण बालमनोविज्ञान बुझेर गर्नुपर्ने घरायसी काममा व्यस्त बालबालिका वा भाइबहिनीको हेरचाह गर्नेलाई पनि अतिरिक्त कक्षा सञ्चालन गरेर पनि पढाई नियमित गर्न सकिने नीति तथा कार्यक्रम ल्याउनु पर्ने विचार सतप्रतिशत वि.व्य.स., शि.अ.संघ, तथा अभिभावकहरूले व्यक्त गरेको पाइयो । यसबाट मार्क्सको सामाजिक वर्गको प्रभाव शिक्षामा पर्दछ भन्ने र फ्रेरे को समुदायलाई सशक्तिकरण गरेर मात्र शैक्षिक गुणस्तरमा वृद्धि गराउन सकिने कुराको प्रमाणित हुन्छ ।

### ४.३.२ आर्थिक समस्या समाधान सम्बन्धी उपायहरू

विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र अभिभावकहरूलाई सोधिएको प्रश्नमा दोहोऱ्याउने अवस्थामा कमी ल्याउनका लागि सरकारी तवरबाट अनिवार्य र निःशुल्क शिक्षामा जोड दिनुपर्ने, छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, एक परिवार एक रोजगारीको व्यवस्था ल्याइनु पर्ने धारणा सतप्रतिशतबाट प्राप्त भयो । विद्यार्थीहरूलाई सोधिएको प्रश्नमा विद्यालयमा खाजाको व्यवस्था हुनुपर्ने विचार ७५% बाट व्यक्त भयो । विद्यालयको भौतिक पक्षमा सुधार गरिनु पर्ने, कक्षाअनुसारको शिक्षक दरबन्दी कायम गरिनु पर्ने सत्प्रतिशत प्र.अ. तथा शिक्षकको धारणा रहेको पाइयो । विद्यार्थीको चाहना अनुरूपको व्यवसायिक एवम् सिपमूलक शिक्षा दिने व्यवस्था कार्यान्वयनका लागि शैक्षिक नीति निर्माण गर्नुपर्ने तथा रोजगारीको लागि आरक्षणको व्यवस्था गर्नुपर्ने धारणा स्रोत व्यक्ति र वि.नि. को रहेको पाइयो ।

यसबाट मास्लोले भनेझैं प्रत्येक मानिस मानवीय आवश्यकताको शृङ्खलाबाट उत्प्रेरित भएको हुन्छ । प्रारम्भिक चरणको आवश्यकता पूरा हुनासाथ दोस्रो आवश्यकता प्राप्तिका लागि उत्प्रेरित हुने गर्दछ । अध्ययनको क्रममा यहाँका अधिकांश अभिभावकहरू प्रथम चरणको गास, बास, कपास सम्बन्धी आधारभूत आवश्यकता प्राप्तिका लागि तड्पिरहेका र आफ्ना छोराछोरीहरूलाई यसैमा लगाउनु परेको हुँदा विद्यालय नियमित हुन नसकी कक्षा

दोहोऱ्याउनुपर्ने अवस्था आएको देखिएकोले प्रत्येक परिवारका लागि रोजगारीको व्यवस्था गर्नु पर्दछ ।

### ४.३.३ पाठ्यक्रम सम्बन्धी समस्या समाधानका उपायहरू

प्रधानाध्यापक, शिक्षक, स्रोत व्यक्ति र वि.नि., अभिभावक, शिक्षक अभिभावक संघ अध्यक्ष, वि.व्य.स. अध्यक्षहरूबाट पाठ्यक्रमले आधुनिक समाजलाई प्रतिनिधित्व गर्न सक्ने सामाजिक माग अनुरूपको शिक्षा हुनु पर्दछ । पाठ्यक्रमले सामाजिक मागलाई अंगिकार गर्नुको साथै सिकारु वा विद्यार्थीको चाहाना वा मनोविज्ञानलाई जित्न सक्ने किसिमको हुनु पर्दछ । त्यसको लागि पाठ्यक्रमविद्हरूले सोही खालको व्यवहारिक एवम् रुचीकर पाठ्यक्रम निर्माणमा ध्यान दिनु पर्दछ । साथै सरकारले अख्तियार गरेको उदार कक्षोन्नतिको नीति सम्पूर्ण विद्यालयहरूले कार्यान्वयनमा ल्याउनु पर्दछ भन्ने विचार सतप्रतिशतबाट आएको पाइयो ।

मेरी पार्कर फोलेटले कुनै पनि संस्थाको लक्ष्य प्राप्तिका लागि प्रजातान्त्रिक र सहभागितमूलक सिद्धान्तमा जोड दिँदै व्यक्तिको भावना र चाहनालाई बुझेर मानवीय सम्बन्धको विकास गर्नु पर्दछ भनेझैँ शैक्षिक नीति निर्माताहरूले पाठ्यक्रमको निर्माण गर्दा सिकारुको रुचि एवम् चाहनालाई ध्यान दिनुपर्ने आवश्यकता रहेको देखिन्छ ।

### ४.४.४ राष्ट्रिय सामाजिक असुरक्षामा देखिएका समस्या समाधान सम्बन्धी उपायहरू

विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने अवस्थामा कमी ल्याउन विद्यालयहरू स्थापना गर्दा वैज्ञानिक नक्साङ्कनको आधारमा सबै क्षेत्रका बालबालिकाहरूलाई पायक पर्ने स्थानमा गरिनु पर्दछ । प्राथमिक तहको शिक्षा सर्वसुलभ तथा सबैको पहुँचमा सुनिश्चितता हुनु पर्दछ । विद्यालयमा पठनपाठनको लागि उपयुक्त भौतिक व्यवस्थापन हुनु पर्दछ । विद्यालयलाई विशुद्ध शैक्षिक संस्थाको रूपमा विकास गरिनु पर्दछ । त्यसको लागि विद्यालयलाई पूर्ण

रूपमा शान्तिमय बनाउन सबै विद्यालयलाई शान्ति क्षेत्रको रूपमा घोषणा गर्नु पर्दछ भन्ने विचार सत्प्रतिशत प्र.अ., शिक्षक, अभिभावक, वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघ अध्यक्ष, स्रोत व्यक्ति र वि.नि. को रहेको पाइयो ।

शिक्षण सिकाइ प्रक्रिया पूर्ण रूपमा बालमैत्री तथा दण्डरहित हुनुपर्ने, विद्यालय तथा घरमा लैङ्गिक विभेदको अन्त्य गरिनुपर्ने, छोराछोरी दुबैले नियमित विद्यालय गई पढ्न पाउने घरायसी वातावरण बनाइनु पर्ने, बालिकाहरूले पनि विद्यालयमा आफूलाई सुरक्षित भएको महशुस गर्ने वातावरण पाउनु पर्ने सत्प्रतिशत विद्यार्थीहरूको धारणा रहेको पाइयो । त्यसका लागि हरेक विद्यालयमा न्यूनतम १ जना महिला शिक्षक दरबन्दी कायम गर्नु पर्दछ । अभिभावकहरूलाई सचेतना शिक्षा दिनु पर्दछ । विद्यार्थीहरूलाई नियमित उपस्थिति गराउन विभिन्न अतिरिक्त क्रियाकलापहरूमा जोड दिने, लक्षित समूह छात्रवृत्ति, पोशाक, खाजा आदिको व्यवस्था गर्नु पर्दछ । जसले गर्दा कक्षा दोहोऱ्याउने अवस्था न्यूनिकरण गर्न मद्धत पुग्दछ ।

अभिभावकहरूलाई विद्यालयप्रति आकर्षित गर्न समय समयमा घरदैलो कार्यक्रम, अभिभावक भेला तथा अभिभावकमा शैक्षिक जागरण कार्यक्रम सञ्चालन गर्नु पर्दछ । बालमनोविज्ञान बुझेर शिक्षण सिकाइ प्रक्रियालाई अगाडि बढाउनु पर्दछ । विद्यार्थीहरूको मूल्याङ्कन, निरन्तर विद्यार्थी मूल्याङ्क पद्धति अनुसार गरिनु पर्दछ । जसको कारणबाट कक्षा दोहोऱ्याउने अवस्थामा कमी आउँछ भन्ने धारणा सत्प्रतिशत स्रोत व्यक्ति र वि.नि. को रहेको पाइयो ।

प्राथमिक तहको शिक्षा भनेको शिक्षाको आधार स्तम्भ हो । जबसम्म प्राथमिक तहको शिक्षालाई गुणस्तरीय बनाउन सकिँदैन तबसम्म माथिल्लो तहको शिक्षा स्तरीय हुन सक्दैन । त्यसैले प्राथमिक तहको शिक्षालाई आधारभूत शिक्षाको रूपमा विकास गरी घर, परिवार र राष्ट्रकै विकासमा टेवा पुऱ्याउन जनचेतनामूलक कार्यक्रम मार्फत् अभिभावकहरूमा सचेतना फैलाउनु पर्दछ । विद्यमान कक्षा दोहोऱ्याउने अवस्थामा न्यूनिकरण गर्न विभिन्न पक्षहरूले आ-आफ्नै तर्फबाट यथाशक्य प्रयत्न गर्नु पर्दछ । घरदैलो तथा अभिभावक भेला कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्ने जसको लागि समूह निर्माण गरी परिचालन

गर्न सकिन्छ । समुदायमा क्रियाशील आमा समूह, महिला समूह लगायतका विभिन्न समूहलाई परिचालन गर्ने जसले विद्यार्थीहरूको विद्यालय उपस्थितिमा नियमितता बढाई कक्षा दोहोऱ्याउने अवस्थामा कमी आउँछ भन्ने धारणा सत्प्रतिश प्र.अ., शिक्षक, स्रोत व्यक्ति र वि.नि. को रहेको पाइयो ।

कक्षा दोहोऱ्याउने अवस्थाको न्यूनिकरण गर्ने उपायहरूमा अब्राहम मास्लोले भनेझैं पहिला मानिसका आधारभूत आवश्यकता गास, बास, कपासको परिपूर्ति नभएमा अन्य आवश्यकता पूरा हुन सक्दैनन् । त्यसैले सबैभन्दा पहिला मानिसका आधारभूत आवश्यकता परिपूर्ति गर्न सक्ने समय सापेक्ष रूपको व्यवसायमूलक शिक्षामा जोड दिई आत्मनिर्भर भएर जीउन सक्ने शिक्षा पद्धतिको विकास गर्नु पर्दछ । त्यस्तै मेरी पार्कर फोलेटले विकास गरेको मानव सम्बन्ध सिद्धान्तको अंगिकार गर्नु पर्दछ । त्यसका लागि शिक्षण सिकाइका क्रममा सिकारुको भावना र चाहनालाई बुझेर मनोवैज्ञानिक ढाँचाबाट मानवीय सम्बन्धको विकास गर्नु पर्दछ । जति धेरै मानवीय सम्बन्ध स्थापना गर्न सक्यो त्यति धेरै काममा स्तरीयता एवम् गुणस्तरीयता कायम भई कक्षा दोहोऱ्याउने अवस्थामा न्यूनिकरण आउने देखिन्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था सम्बन्धी तथ्याङ्कको व्याख्या विश्लेषण पश्चात् प्राप्त भएका जानकारीको आधारमा निम्नानुसार प्राप्ति, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ :

## ५.१ प्राप्ति

यस शोधकार्यका लागि निर्धारित उद्देश्यहरू हासिल गर्ने सन्दर्भमा नमूना छनोट गरिएका जनसंख्यासँग लिइएको अन्तर्वार्ता प्रश्नावली तथा विद्यालय सर्वेक्षण फारमको प्रयोगबाट प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषणबाट निम्नलिखित परिणामहरू प्राप्त भएका छन् :

अध्ययन क्षेत्रको प्राथमिक विद्यालय तहमा छात्राहरूको भर्ना स्थिति छात्रको तुलनामा बढी पाइयो । शैक्षिक सत्र २०६६, २०६७ र २०६८ मा सम्पूर्ण विद्यार्थी संख्याको क्रमशः ५१.५९%, ५३.१५% ५३.५०% छात्राहरूको भर्ना स्थिति रहेको पाइयो । जुन अवस्थाले छात्राहरूको भर्ना दर क्रमशः बढ्दो रहेको पाइयो । अरु जातिको भन्दा जनजाति छात्राहरूको भर्ना उलेख्य रहेको र अन्य जातिको संख्यात्मक रूपले न्यून रहेको पाइयो । शैक्षिक सत्र २०६६, २०६७ र २०६८ मा क्रमशः ५२.९२, ५५.६६, ५४.८६ प्रतिशत जनजाति छात्रा भर्ना, ४६.०६, ४४.१२, ४८.३८ प्रतिशत दलित छात्रा र ४१.१८, ३९.१३, ४४.८२ प्रतिशत अन्य छात्रा तथा समग्रमा तीन वटै शैक्षिक सत्रमा छात्रा भर्ना प्रतिशत छात्रको तुलनामा अधिक रहेकोले विद्यार्थी भर्नामा लैङ्गिक विभेद नरहेको पाइएको छ ।

शैक्षिक सत्र २०६६ मा अध्ययन क्षेत्रमा सबैभन्दा कम उत्तिर्ण कक्षा १ मा ६४.३८% र सबैभन्दा बढी कक्षा ४ मा ९३.२०% तथा समग्र कक्षा १-५ मा ७९.२१% रहेको छ । जसमा छात्राको भन्दा छात्रको उत्तिर्ण दर १.४१% ले बढी रहेको छ । त्यस्तै गरी शैक्षिक सत्र २०६७ मा सबभन्दा कम उत्तीर्ण कक्षा १ मा नै ६६.३७% र सबैभन्दा बढी कक्षा ५ मा ८९.२२% तथा छात्राको भन्दा छात्रको उत्तीर्णदर २.२४% ले बढी रहेको छ । छात्र र छात्राको उत्तीर्ण

दरमा खासै भिन्नता नरहेको पाइएको छ । यसबाट लैङ्गिक विभेद गरिएन भने छात्राहरूले पनि परीक्षामा राम्रो नतिजा दिन सक्छन् भन्नेमा सबैको सहमति रहेको पाइयो ।

प्राथमिक विद्यालय तहमा शैक्षिक सत्र २०६६, २०६७, २०६८ मा दलित छात्रको कक्षा दोहोर्‍याउने अवस्था क्रमशः १२.३४%, २५%, १२.५% र  छात्राको १८.०५%, २०%, ८.८% रहेको छ । त्यस्तै गरी जनजाति छात्रको क्रमशः २४.५१%, २४.८५%, २०.६६% र छात्राको क्रमशः २४.१३%, २१.४२%, २३.४६% तथा शैक्षिक सत्र २०६७ र २०६८ मा अन्य छात्रको क्रमशः २१.४२%, ६.२५% तथा शैक्षिक सत्र २०६७ मा अन्यमा छात्राको ११.११% रहेको छ ।

शैक्षिक सत्र २०६६, २०६७, २०६८ मा छात्रको समग्र दोहोर्‍याउने प्रतिशत क्रमशः २१.४१%, २४.४६%, १८.६२% र छात्राको क्रमशः २२.६९%, २३.९३%, २०.७३% तथा समग्रमा क्रमशः २२.०७%, २४.१८% र १९.७५% रहेको छ । तीन शैक्षिक सत्रको कक्षा दोहोर्‍याउने अवस्थाको तुलनात्मक अध्ययन गर्दा सबभन्दा बढी शैक्षिक सत्र २०६७ मा र सबभन्दा कम शैक्षिक सत्र २०६८ मा रहेकोले शैक्षिक गुणस्तर सुधारको सङ्केत पाइयो ।

पाल्पा जिल्लाको प्राथमिक तहमा कक्षा दोहोर्‍याउने अवस्था शैक्षिक सत्र २०६६, २०६७ र २०६८ मा क्रमशः २०.३१%, २०.८१% र १७.८४% रहेकाले अध्ययन गरिएका विद्यालयहरूको अवस्था पाल्पा जिल्लाको भन्दा बढी रहेको पाइयो ।

विद्यार्थीहरूमा कक्षा दोहोर्‍याउने अवस्था आउनुको मुख्यकारण न्यून आर्थिक अवस्था हो । जसले गर्दा उनीहरूले घरायसी काम गर्नुपर्ने, मेलापात तथा दैनिक ज्याला मजदुरी गर्नुपर्ने, विद्यालयमा जाँदा पनि कापी कलमको व्यवस्था गरी लैजान नसक्ने भन्नेमा धेरैको सहमति रहयो । अधिकाँश परिवारमा रुढिवादी संस्कार विद्यमान रहेको भेटियो । जसका कारण अधिकाँश अभिभावकहरूले कमजोर आर्थिक अवस्था देखाइ छोरीलाई भन्दा छोरालाई पढाउनु पर्छ भन्ने भावनाले प्रेरित भई छोरीहरूलाई नियमित रूपमा विद्यालय नपठाउने गरेको देखियो ।

समाज र सिकारुको रुचि, क्षमता र आवश्यकता अनुसारको शिक्षा नीति अवलम्वन नगरेको कारण उनीहरूमा शिक्षाप्रति वितृष्णा भई कक्षा दोहोऱ्याउने अवस्था आएको गुनासा व्यक्त भए । प्राविधिक  र व्यवसायिक शिक्षाको अभावका कारण उत्पन्न शिक्षित वेरोजगारी समस्याको कारण अभिभावकहरूले छोरा छोरीको पढाइमा कम ध्यान दिएको पाइयो जसको प्रभाव कक्षा दोहोऱ्याउने अवस्थामा परेको भन्नेमा धेरैको सहमति रह्यो ।

विद्यमान राष्ट्रिय, सामाजिक तथा विद्यालयीय असुरक्षा, डर, त्रास, दण्ड, विकृति र विसङ्गतिले यस क्षेत्रका विद्यालयहरू समेत अछुतो नरहेको पाइयो । जसको असर विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने अवस्थामा परेको देखियो। सरकारले पर्याप्त शैक्षिक लगानी गर्न नसक्दा विद्यलयको भौतिक पूर्वाधारको अवस्था कमजोर रहेको जसको परिणामस्वरूप शैक्षिक गुणस्तरमा ह्रास आउनुको साथै कक्षा दोहोऱ्याउने अवस्था आएको स्वीकारोक्ति सबै छात्र छात्राहरूको समेत रह्यो । प्राथमिक तहको शिक्षालाई अनिवार्य तथा पूर्ण रूपमा निःशुल्क हुनुपर्ने, लक्षित वर्गको लागि छात्रवृतिको व्यवस्था हुनुपर्ने, दण्डरहित बालमैत्रीपूर्ण शिक्षण सिकाइ प्रक्रिया अवलम्वन गर्नुपर्ने, उदार कक्षोन्नति पद्धति लागु गर्नुपर्ने, लैङ्गिक समानता कायम गर्नु पर्ने छात्रा शौचालय तथा स्वच्छ खानीपानीको प्रवन्ध गर्नुपर्ने, विद्यालयको अन्य भौतिक पक्षको समेत सुधारमा जोड दिनुपर्ने सुझावहरू पाइयो ।

## ५.२ निष्कर्ष

शैक्षिक सरोकारवालाहरूको समान सहभागिता र सुमधुर सम्बन्धबाट नै दक्षता र प्रभावकारिता बढी शैक्षिक गुणस्तर बृद्धि हुन्छ भन्ने मान्यता रहेको छ । तथापि प्राथमिक तहमा भर्ना भएका सबै बालबालिकाहरूले निरन्तर रूपमा उक्त तह विभिन्न कारणहरूले गर्दा पूरा गर्न सकिरहेका छैनन् । कतिपय बालबालिकाहरूले कक्षा दोहोऱ्याएर अध्ययन गरिरहेका छन् । यस्तो अवस्था आउनुका विभिन्न कारणहरू तथा त्यस्ता प्रवृत्तिको न्युनिकरण गर्ने उपायहरू सुझाउनका लागि गरिएको यस अध्ययनको प्राप्तिका आधारमा निकालिएका निष्कर्षहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

प्राथमिक तहमा छात्रा भर्ना प्रतिशत छात्रको भन्दा शैक्षिक सत्र २०६६, २०६७, २०६८ मा क्रमशः ३.१८%, ६.३०% र ७% ले बढी देखिएको छ । त्यस्तै दलित तथा अन्य जातिका छात्राभन्दा जनजाति छात्राहरू तीनवटै शैक्षिक सत्रमा क्रमशः ६२.६५%, ६७.३६% र ६७.०४% ले धेरै भर्ना भएका छन् । यसबाट विद्यार्थी भर्नामा लैङ्गिक विभेद रहेको छैन ।

विद्यार्थीहरूको परीक्षा परिणामको अध्ययन गर्दा छात्रको तुलनामा छात्रा शैक्षिक सत्र २०६६, र २०६७ मा क्रमशः १.४१% र २.२४% ले कम प्रतिशत उत्तीर्ण भएका छन् । छात्र र छात्राको उत्तीर्ण दरमा खासै फरक नदेखिएको हुँदा लैङ्गिक समानताको कारण छात्राहरूले पनि परीक्षामा राम्रो नतिजा दिएका छन् ।

प्राथमिक तहमा अध्ययन गरिएका विद्यालयका तीनवटै शैक्षिक सत्रमा जनजातिले क्रमशः २४.३०%, २४.५३%, २२.२०% र दलित विद्यार्थीहरू क्रमशः १५.०३%, २२.७९%, १०.७५% ले कक्षा दोहोर्‍याउने गरेका छन् । सबभन्दा बढी शैक्षिक सत्र २०६७ मा २४.१८% र सबैभन्दा कम शैक्षिक सत्र २०६८ मा १९.७५% विद्यार्थीहरूले कक्षा दोहोर्‍याएका छन् ।

कक्षा दोहोर्‍याउने प्रवृत्तिका कारक तत्वहरूमा शिक्षक, विद्यार्थी र अभिभावकको त्रिपक्षीय सम्बन्ध र समन्वयको अभाव तथा शिक्षण सिकाइ प्रक्रिया बालमैत्री एवम् विभेद रहित नभएकोले गर्दा भन्ने धारणा रहेको छ । त्यस्तै गरी हाम्रो सामाजिक परम्परागत मूल्य, मान्यता, घरधन्धा एवम् मेलापातमा छोराभन्दा छोरी बढी पीडित भएको हुँदा भर्ना भएका छात्राहरू नियमित रूपमा विद्यालयमा हाजिर हुन नपाई परीक्षा परिणामको कारण कक्षा दोहोर्‍याउने गरेका छन् । आर्थिक विपन्नताका कारण भर्ना भएका विद्यार्थीहरूले दैनिक ज्याला मजदुरी एवम् भाइ बहिनीको धरालो बस्नुपर्ने, सिकारुको चाहना एवम् आवश्यकता अनुरूपको शिक्षाको अभाव, राष्ट्रिय तथा सामाजिक असुरक्षा जस्ता कारणले गर्दा समेत कक्षा दोहोर्‍याउने गरेका छन् ।

कक्षा दोहोर्‍याउने अवस्था न्यूनिकरण गर्ने उपायहरू पहिचान गर्नका लागि जनसंख्या छनोटमा परेका व्यक्तिहरूसँग गरिएको अन्तर्वार्ता प्रश्नावलीबाट प्राप्त जानकारीको विश्लेषण गर्दा अभिभावकमा लैङ्गिक सचेतनामूलक कार्यक्रम गर्नुपर्ने, स्वरोजगारमूलक

व्यवसायिक शिक्षामा जोड दिनुपर्ने, विद्यार्थीको रुचि र आवश्यकता अनुरूपको शिक्षा नीति कार्यान्वयनमा ल्याइनु पर्ने, विद्यालयलाई शान्ति क्षेत्र घोषित गरी विभेदरहित बालमैत्री वातावरण बनाउनु पर्ने रहेका छन् ।

## ५.३ सुझाव

प्राथमिक विद्यालय तहमा भर्ना भएका सबै बालबालिकाहरूले उक्त तह निरन्तर रूपमा पूरा गर्न सकिरहेका छैनन । कतिपय बालबालिका परीक्षामा असफल भएर त कतिपयले परीक्षा नै नदिएर पनि कक्षा दोहोऱ्याउने गर्दछन् । देशका लागि यो ठूलो शैक्षिक क्षति हो । यस्तो क्षतिको न्यूनीकरणका लागि अभिभावकहरूले बालबालिकालाई पढाउन बढी भन्दा बढी जोड दिनु पर्दछ । विद्यालयमा विद्यार्थीहरूलाई आकर्षणका लागि विद्यालयसँग सरोकार राख्ने निकायले विविध कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ । यस अध्ययनबाट प्राप्त परिणामलाई मध्य नजर गरी कक्षा दोहोऱ्याउने प्रवृतिलाई कम गर्नको लागि विभिन्न पक्षले खेल्नु पर्ने भूमिका निम्न तीन पक्षको रूपमा वर्गीकरण गरी शैक्षिक सुझावहरू सिफारिस गरिएको छ ।

### ५.३.१ नीतिगत तहका लागि सुझाव

प्राथमिक शिक्षालाई आधारभूत तथा अनिवार्य शिक्षाको रूपमा लागु गर्ने यसको लागि सबै नागरिकहरूमा पहुँचको सुनिश्चितताको लागि यस तहको शिक्षाको सम्पूर्ण दायित्व राज्यले लिई यसलाई पूर्ण निःशुल्क गर्नु पर्दछ ।

घर तथा विद्यालयमा गरिने जातीय तथा लैङ्गिक विभेदको अन्त्य गर्नका लागि अभिभावकमा विभिन्न सचेतनामूलक कार्यक्रम ल्याइनु पर्दछ । सकारात्मक विभेदिकरणको नीति निर्माण गरी लक्षित वर्गका बालबालिकाहरूका लागि छात्रवृत्ति, पोशाक, वृत्ति जस्ता कार्यक्रमको व्यवस्था गर्नुपर्ने, प्राथमिक तहका बालबालिकाहरूका लागि खाजाको व्यवस्था गर्नुपर्ने, एक परिवार एक रोजगारको नीति बनाई कार्यान्वयनमा ल्याउनु पर्दछ । विद्यालयमा नियमित हुने विद्यार्थीहरूका लागि छुट्टै आकर्षण कार्यक्रमको व्यवस्था गर्नु पर्दछ ।

बालसुलभ विद्यालयको विकास गरी बालकेन्द्रित पद्धतिबाट रमाइलो वातावरणमा कक्षा क्रियाकलायहरू सञ्चालन गर्नु पर्दछ । यसका लागि विद्यालयमा विद्यार्थी संख्याको आधारमा योग्य र दक्ष शिक्षकको व्यवस्था गरी समयबद्ध तालिमको व्यवस्था गर्नु पर्दछ । विद्यालयको शैक्षिक वातावरणमा सुधार गरी बालमनोविज्ञानको आधारमा बालमैत्री व्यवहारहरू सबैतिर कार्यान्वयन गर्नु पर्ने नीति निर्माण गर्नु पर्दछ । भर्ना भएका मध्ये परीक्षामा सतप्रतिशत उत्तीर्ण गराउन सफल विद्यालयलाई प्रोत्साहन गर्ने नीति निर्माण गर्नु पर्दछ ।

### ५.३.२ अभ्यास तहका लागि सुझाव

अभिभावकहरूमा शैक्षिक चेतना अभिवृद्धि गर्न साक्षरतामूलक कार्यक्रम अभियानको रूपमा सञ्चालन गर्नु पर्दछ । यसबाट उनीहरूमा शिक्षाको महत्व वोध गराई आफ्ना छोराछोरीहरूको शिक्षालाई निरन्तरता दिन उत्प्रेरित गराउनु पर्दछ । विद्यालयको वातावरण सुधारमा भौतिक सुविधा र त्यसको उचित व्यवस्थापनको ठूलो महत्व रहने भएकोले विद्यालयको भौतिक सुविधाको विस्तारमा विशेष ध्यान दिनु पर्दछ । अभिभावकहरूका लागि आयमूलक कार्यक्रमहरू सञ्चालनमा ल्याउनु पर्दछ । विद्यालयमा नियमित नहुने बालबालिकाहरूलाई केन्द्रविन्दुमा राखी घरदैलो कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउनु पर्दछ । शैक्षिक सरोकारवालाहरूलाई विद्यालयप्रति  सक्रिय बनाउन अभिभावक भेलाको आयोजना गर्नुपर्ने, उनीहरूका छोराछोरीहरूको प्रगति प्रतिवेदनको जानकारी गराउने र प्रतिफल प्राप्त भए नभएको बारेमा अनुगमन र सुपरिवेक्षण गर्ने गर्नु पर्दछ ।

कक्षा दोहोऱ्याउने प्रवृति बढि भएका क्षेत्रका बालबालिकाहरूको लागि विशेष शिक्षा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नु पर्दछ । उदार कक्षोन्नतिका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति कार्यान्वयन गर्नु पर्दछ । बालबालिकाहरूको शिक्षामा असहयोग गर्नु पर्दछ । लैङ्गिक तथा जातीय विभेदकारी रुढिवादी कुसंस्कारका विरुद्ध चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ । छात्राहरूको कक्षा दोहोऱ्याउने अवस्थालाई न्यूनिकरण गर्न तथा प्राथमिक तहमा कम्तिमा १ जना महिला शिक्षकको व्यवस्थालाई तदारुकताका साथ कार्यान्वयन गरिनु पर्दछ ।

स्थानीय तहमा विद्यालयले वि.व्य.स., शि.अ.संघ. र अभिभावकहरूको नियमित बैठक, भेला र अन्तर्क्रिया सञ्चालन गरी विद्यार्थीको नियमितता तथा पठन-पाठनको सम्बन्धमा छलफल गर्नु पर्दछ । बालबालिकालाई दण्ड रहित सिकाइ विधि अवलम्वन गरी विद्यालयमा आकर्षित गर्नु पर्दछ । विद्यार्थीसँग शिक्षकको व्यवहार मायालु बनाउदै लैजानु पर्दछ । विद्यालयमा योजनाबद्ध ढंगले अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने जसको व्यवस्था सबै विद्यालयले वार्षिक कार्यपात्रो मै गर्नु पर्दछ ।

### ५.३.३ अनुसन्धान तहका लागि सुझाव

शिक्षा सम्बन्धी विभिन्न अध्ययन अनुसन्धान कार्यलाई निरन्तर रूपमा अगाडी बढाई राख्नु पर्दछ । अध्ययन अनुसन्धानले देखाएको नतिजालाई व्यवहारमा रूपान्तरण गरी विद्यार्थीहरूलाई कक्षा दोहोऱ्याउने अवस्थाबाट मुक्ति दिन अपनाउनुपर्ने विभिन्न उपायहरूको पहिचान गर्न सक्ने विविध विधा र क्षेत्रमा आधारित अनुसन्धान गर्नु पर्दछ । विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने प्रवृतिका कारक तत्वहरू पत्ता लगाई प्रशासनिक, व्यवस्थापक, निरीक्षक, समुदाय कुन पक्षबाट कमी कमजोरी भएको हो सो पत्ता लगाई समयमा नै न्यूनीकरण गर्नेतर्फ पहल गर्न पनि अनुसन्धान गर्नु पर्दछ ।

शैक्षिक विकास नै राष्ट्रिय विकासको धरोहर हो । त्यसैले राष्ट्रको समग्र सामाजिक, सांस्कृतिक, आर्थिक, लैङ्गिक तथा उपयुक्त शिक्षा प्रणालीको विकास गर्नका लागि विविध अनुसन्धानात्मक विधामा जोड दिनु पर्दछ । वर्तमान अवस्थामा प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूमा देखापरेको कक्षा दोहोऱ्याउने अवस्था न्यूनिकरण गर्ने सम्बन्धी नीतिनियम, कार्यक्रम तथा योजना तर्जुमा गर्दा तथ्यपरक अनुसन्धानात्मक तथ्याङ्कहरूको आवश्यकता पर्दछ । तबमात्र योजनाहरूको सही रूपमा कार्यान्वयन भएर उपयुक्त प्रतिफल प्राप्त हुन्छ । तसर्थ राष्ट्रको समग्र शैक्षिक परिवेशको बारेमा विश्वसनीय र वैधतायुक्त जानकारी प्राप्त गर्न र प्रगतिका पथहरू पहिल्याउन विद्यार्थी भर्ना, उत्तीर्ण, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने जस्ता शीर्षकमा अनुसन्धान गर्नु पर्दछ ।

# सन्दर्भसामग्री


अधिकारी, बलराम (२०६६), प्राथमिक शिक्षाका सैद्धान्तिक पक्षहरू, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५), काठमाडौं : लेखक ।

काफ्ले, वासुदेव र अन्य (२०६०), शैक्षिक योजना, काठमाडौं : भुँडीपूराण प्रकाशन ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६४), शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६७), शैक्षिक अनुसन्धान पद्धति, काठमाडौं : सनलाईट पब्लिकेशन ।

जबरा, स्वयम्प्रकाश, श्रेष्ठ, चन्द्रबहादुर र रञ्जितकार किरणराम (२०६४), पाठ्यक्रम योजना र अभ्यास, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, माधवप्रसाद (२०६२), माध्यमिक शिक्षक दिग्दर्शन, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

नेपालको अन्तरिम संविधान (२०६३), काठमाडौं : शीतल-सुलभ प्रकाशन, लेखक ।

पौडेल, लेखनाथ (२०५५), शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, लेखनाथ (२०६४), शिक्षा पद्धति, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, मनप्रसाद र कार्की, उपेन्द्रकुमार (२०६३), शिक्षाका आधारहरू, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, मनप्रसाद र ढकाल, माधवप्रसाद (२०६४), शिक्षाको प्रारम्भिक परिचय, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०६७), नेपालमा शिक्षाको इतिहास भाग-२, काठमाडौं : मकालु प्रकाशन गृह ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला, (२०६५), नेपालमा प्राथमिक शिक्षा, काठमाडौं : एम के पब्लिसर्स एण्ड डिस्ट्रिव्यूटर्स ।

शर्मा, डण्डपाणी (२०६५), अध्यापन अनुमतिपत्र दिग्दर्शन, काठमाडौं : प्रज्ञान प्रकाशन प्रा.लि. ।

शिक्षा ऐन (२०२८), तथा नियमावली, (२०५९), छैठौँ संसोधन (२०६७) सहित, काठमाडौं : शीतल-सुलभ प्रकाशन, लेखक ।

सिंह, नागेश्वर (२०६४), शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार, काठमाडौं : पैरवी प्रकाशन ।

सेरिड (२००३), सामुदायिक विद्यालयका समस्या र समाधानका उपायहरू, काठमाडौं : सेरिड ।

## प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था

## परिशिष्ट १

## नमूना छनोट गरिएको संख्या र विवरण

| क्र. सं. | सम्बन्धित विद्यालयको नाम | ठेगाना | प्र.अ. संख्या | शिक्षक संख्या | कक्षा दोहो. वि. सं. | कक्षा नदोहो. वि.सं. | वि.व्य.स. अध्यक्ष संख्या | शि.अ.सं. अध्यक्ष संख्या | कक्षा दोहो. विद्यार्थीको अभिभावक संख्या | कक्षा नदोहो. विद्यार्थीको अभिभावक संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रम्मा उ.मा.वि | ताहूँ गा.वि.स ८ ताहूँ | १ | १ | - | ४ | १ | १ | २ | २ |
| २ | मातृभूमि उ.मा.वि. | देवीनगर गा.वि.स २ | १ | १ | २ | २ | १ | १ | २ | २ |
| ३ | जनहित भगनति मा.वि | हुमिन गा.वि.स हुमिन | १ | १ | २ | २ | १ | १ | २ | २ |
| ४ | भिमसेन प्रा.वि. | देवीनगर गा.वि.स ५ मुन्टुङ्गा | १ | १ | २ | २ | १ | १ | २ | २ |
| ५ | कमला देवी प्रा.वि | देवीनगर गा.वि.स ६ वेसर्घा | १ | १ | - | ४ | १ | १ | २ | २ |
| ६ | जनप्रिय प्रा.वि | देवीनगर गा.वि.स १ मंगला | १ | १ | २ | २ | १ | १ | २ | २ |
| ७ | जनता प्रा.वि | ताहूँ गा.वि.स ८ थाकखो | १ | १ | २ | २ | १ | १ | २ | २ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ला | | | | | | | | |
| ८ | पशुपति प्रा.वि | ताहूँ गा.वि.स धोवदी | १ | १ | २ | २ | १ | १ | २ | २ |
| ९ | ताहूँ स्रोत केन्द्र | ताहूँ गा.वि.स.८ ताहूँ | स्रोत व्यक्ति १ | - | - | | - | - | - | - |
| १० | जि.शि.का/ ताहूँ स्रोतकेन्द्र | ता.न.पा.३ लहरेपिपल | वि.नि १ | - | - | | - | - | - | - |
| | जम्मा | ताहूँ गा.वि.स ८ ताहूँ | १० | ८ | १२ | २० | ८ | ८ | १६ | १६ |

**प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था**

## परिशिष्ट २

## पाल्पा जिल्लाको प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको शैक्षिक स्थिति

| कक्षा | विवरण | विद्यार्थी भर्ना संख्या | | | वार्षिक परीक्षामा सम्मिलित विद्यार्थी संख्या | | उत्तीर्ण विद्यार्थी संख्या | | कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६६ | २०६७ | २०६८ | २०६६ | २०६७ | २०६६ | २०६७ | २०६६ | २०६७ | २०६८ |
| १ | छात्र | ७५९२ | ७०३८ | ५७५३ | ६२१२ | ५६९७ | ३३०३ | २७१९ | १६३१ | १४०१ | ११०५ |
| | छात्रा | ७५८२ | ६७८१ | ५४९१ | ५२०१ | ५६०७ | २९१७ | २५१२ | २३४० | २००५ | १५१५ |
| | जम्म | १४८ | १३८१ | ११२२ | ११४ | ११३० | ६२२ | ५२३१ | ३९७ | ३४० | २६२ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मा | ५० | ९ | ४ | १३ | ४ | ० | | १ | ६ | ० |
| २ | छात्र | ५७२७ | ५५५६ | ४६०६ | ४९०१ | ४८२८ | ४१५० | ४१७४ | ११२७ | १०११ | ११३७ |
| | छात्रा | ५६२९ | ५४६५ | ४५०३ | ४५०५ | ४७८३ | ३१०२ | ३६३६ | ९९८ | ९१७ | ९१६ |
| | जम्मा | ११३५६ | १०९२१ | ९१०९ | ९४०६ | ९६११ | ७२५२ | ७८१० | २१२५ | १९२८ | २०५३ |
| ३ | छात्र | ५५९५ | ५३२७ | ४५७६ | ४७१८ | ४७२५ | ४०७० | ४१११ | १५५७ | १३६७ | ८१३ |
| | छात्रा | ५६२९ | ५२३७ | ४४८८ | ४७१५ | ४७६४ | ३९१५ | ४२३४ | १०४३ | १११३ | ५४० |
| | जम्मा | ११२८१ | १०५६४ | ९०६४ | ९४३३ | ९४८९ | ७९८५ | ८३४५ | २६०० | २४८० | १३५३ |
| ४ | छात्र | ५३६० | ५२८७ | ४६२५ | ४८२५ | ४८२७ | ३९७३ | ३९९३ | १३१० | १११३ | ८३० |
| | छात्रा | ५४३० | ५३७७ | ४५६५ | ४४२५ | ४८४१ | ३११२ | ४११२ | ८२० | ८९० | ८१७ |
| | जम्मा | १०७९२ | १०६६४ | ९१९० | ९२५० | ९६६८ | ६०८५ | ८१०५ | २१३० | २००३ | १६४७ |
| ५ | छात्र | ५०३५ | ४९३९ | ४४२६ | ४६७४ | ४३९१ | ४१७९ | ३९०५ | ५०१ | ८१७ | ४१९ |
| | छात्रा | ५०१४ | ५०९६ | ४५०३ | ४६९३ | ४५८६ | ४२०३ | ३७९५ | ५२३ | १०१९ | ३९१ |
| | जम्मा | १००४९ | १००३५ | ८९२९ | ९३६७ | ८९७७ | ८३८२ | ७७०० | १०२४ | १८३६ | ८१० |
| कक्षा १ | छात्र | २९३११ ( | २८०४७ ( | २३९८६ ( | २५३३० ( | २४४६८ ( | १९६७५ ( | १८९०२ ( | ६१२६ ( २०. | ५७०९ ( | ४३०४ ( |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दीख | | ५०.२५) | ५०.०८) | ५०.४६) | ५१.८३) | ४९.८८) | ७७.६७) | ७७.२५) | ९०) | २०.३५) | १७.९४) |
| ५ सम्म | छात्रा | २९०१७ (४९.७५) | २७९५६ (४९.९२) | २३५५० (४९.५४) | २३५३९ (४८.१६) | २४५८१ (५०.१२) | १७२७९ (७७.४०) | १८२८९ (७४.४०) | ५७२४ (१९.७३) | ५९४४ (२१.२६) | ४१७९ (१७.७४) |
| | जम्मा | ५८३२८ | ५६००३ | ४७५३६ | ४८८६९ | ४९०४९ | ३६९२४ (७५.५६) | ३७१९१ (७५.८२) | ११८५० (२०.३१) | ११६५३ (२०.८१) | ८४८३ (१७.८४) |

कोष्ठको अङ्कले प्रतिशत जनाउँदछ ।

स्रोत जि.शि.का. , २०६६-२०६८ पाल्पा

## प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था

## परिशिष्ट ३

## विभिन्न शैक्षिक सूचकहरू २०६६

| क.स | विवरण | प्रतिशतमा | | |
|---|---|---|---|---|
| | | राष्ट्रिय | क्षेत्रीय | पाल्पा |
| १ | बाल विकास केन्द्रको सहजै देखिने भर्ना दर | ६०.२ | ८२.९ | ७९ |
| २ | बाल विकास केन्द्र तथा पूर्व प्राथमिक केन्द्रबाट कक्षा १ मा आउने दर | ३३.१ | ३६ | २९ |
| ३ | कक्षा १ मा कुल भर्ना दर | १४५.२ | १२९.३ | १३९.९ |
| ४ | प्राथमिक तहको सहजै देखिने भर्नादर | १३८.५ | १४२.६ | १६४.७ |
| ५ | प्राथमिक तहको खुद भर्नादर | ८९.१ | ९१.८ | ९५.९ |
| ६ | नि.मा.वि. तहको सहजै देखिने भर्नादर | ७८.८ | ८५.० | ९३.३ |
| ७ | नि.मा.वि. तहको खुद भर्नादर | ५२.९ | ६१.१ | ६४.६ |
| ८ | मा.वि.तहको सहजै देखिने भर्नादर | ५५.९ | ६१ | ६६.६ |
| ९ | मा.वि तहको खुद भर्नादर | ३५.३ | ४२.२ | ५४.५ |
| १० | कक्षा ५ सम्म पुग्ने (रहनें) विद्यार्थीदर | ८१.१ | ८८.५ | ९८.२ |
| ११ | कक्षा ८ सम्म पुग्ने (रहने) विद्यार्थीदर | ६५.७ | ६९.७ | ७३.३ |
| १२ | कक्षा १० सम्म पुग्ने (रहने) विद्यार्थीदर | ४९.६ | ५९.६ | ७८.७ |
| १३ | कक्षा १को उत्तीर्ण दर | ५४.५ | ५५.४ | ५४.५ |
| १४ | कक्षा १ को कक्षा दोहोऱ्याउने दर | २९.६ | २८.६ | ३४.८ |
| १५ | कक्षा १ बाट विद्यालय छाड्ने दर | १६ | १६ | १०.७ |
| १६ | कक्षा ५ को उत्तीर्णदर | ८२ | ८१.५ | ८०.१ |
| १७ | कक्षा ५ को कक्षा दोहोऱ्याउने दर | ७.८ | ९.९ | १०.२ |
| १८ | कक्षा ५ बाट विद्यालय छाड्न् दर | १४.२ | ८.६ | ९.७ |

| | | | | |
|---|---|---|---|---|
| १९ | कक्षा ५ को अन्तिम परीक्षामा उत्तीर्ण प्रतिशत | ८९.३ | ८८.२ | ८८.७ |
| २० | प्राथमिक तहमा विद्यार्थी शिक्षक अनुपात | | | ३८.७ |
| २१ | प्राथमिक कक्षामा महिला शिक्षक | | | ३४.५९ |
| २२ | प्राथमिक तहमा छात्राको भर्ना प्रतिशत | | | ४९.८ |
| २३ | ६ वर्ष माथिको साक्षरता प्रतिशत | | | ६६ |
| २४ | प्राथमिक तहमा लैङ्गिक समता | | | |
| | विद्यार्थी | ०.९६ | ०.९७ | ०.९९ |
| | शिक्षक | | | ०.५२ |

स्रोत : जि.शि.का. पाल्पा, २०६६ ।

**प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था**

## परिशिष्ट १०

**कक्षागत रूपमा विद्यार्थीहरूको भर्ना विवरण**

| कक्षा | २०६६ | | | २०६७ | | | २०६८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | ८४ (५०.६०) | ८२ (४९.४०) | ११६ | ६८ (४४.७३) | ८४ (५५.२७) | १५२ | ५८ (४०.८५) | ८४ (५९.१५) | १४२ |
| २ | ६७ (४८.५५) | ७१ (५१.४५) | १३८ | ७४ (५५.६३) | ५९ (४४.३७) | १३३ | ५२ (५०.४९) | ५१ (४९.५१) | १०३ |
| ३ | ८० (४६.५१) | ९२ (५३.४९) | १७२ | ६४ (४६.०४) | ७५ (५३.९६) | १३९ | ६२ (५७.९४) | ४५ (४२.०६) | १०७ |
| ४ | ६९ ( | १०१ ( | १७० | ७६ ( | ८८ ( | १६४ | ६२ ( | ८१ ( | १४३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ४०.५८ ) | ५९.४२) | | ४६.३४) | ५३.६६) | | ४३.३५) | ५६.६५) | |
| ५ | ९७ (५५.७५) | ७७ (४४.२५ ) | १७४ | ९० (४३.६८) | ११६ (५६.३२) | २०६ | ७२ (४४.१७) | ९१ (५५.८३ ) | १६३ |
| कुल जम्मा | ३९७ (४८.४१ ) | ४२३ (५१.५९) | ८२० | ३७२ (४६.८५ ) | ४२२ (५३.१५) | ७९४ | ३०६ (४६.५०) | ३५२ (५३.५० ) | ६५८ |

(नोट : कोष्ठकको संख्याले प्रतिशत जनाउँछ ।)

स्रोत : विद्यालय अभिलेख, २०६८

## प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था

## परिशिष्ट ११

## विद्यार्थीहरूको परीक्षा परिणाम

| कक्षा | २०६६ | | | | | | २०६७ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परीक्षामा सम्मिलित | | | उत्तीर्ण संख्या | | | परीक्षामा सम्मिलित | | | उत्तीर्ण संख्या | | |
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | ८० | ८० | १६० | ६० (७५) | ४३ (५३.७५) | १०३ (६४.३८) | ४६ | ६७ | ११३ | ३३ (७१.७३) | ४२ (६२.६८) | ७५ (६६.३७) |
| २ | ६३ | ६८ | १३१ | ५२ (८२.५३) | ५५ (८०.८८) | १०७ (८१.६८) | ७० | ४६ | ११६ | ५१ (७२.८५) | ३७ (८०.४३) | ८८ (७५.८६) |
| ३ | ७६ | ९० | १६६ | ६६ (८६.८४) | ७९ (८७.७७) | १४५ (८७.३५) | ६४ | ७५ | १३९ | ५३ (८२.८१) | ६७ (८९.३३) | १२० (८६.३३) |
| ४ | ६५ | ९७ | १६२ | ५९ (९०.७६) | ९२ (९४.८४) | १५१ (९३.२) | ७६ | ८८ | १६४ | ६७ (८८.१५) | ७४ (८४.०९) | १४१ (८५.९८) |
| ५ | ९५ | ७५ | १७० | ६६ (६९.४७) | ५३ (७०.६६) | ११९ (७०) | ९० | ११४ | २०४ | ८५ (९४.४४) | ९७ (८५.०८) | १८२ (८९.२२) |
| कुल जम्मा | ३७९ (४८.०३) | ४१० (५१. | ७८९ (१० | ३०३ (७९.९४) | ३२२ (७८.५३) | ६२५ (७९.२१) | ३४६ (४७.०१) | ३९० (५२.९९) | ७३६ (१० | २८९ (८३.५२) | ३१७ (८१.२८) | ६०६ (८२.३३) |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ९७) | ०) | | | | | | ०) | | | |

(नोट : कोष्ठकको संख्याले प्रतिशत जनाउँछ ।)

स्रोत : विद्यालय अभिलेख, २०६८

## प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था

## परिशिष्ट १२

### कक्षागत रूपमा तीन शैक्षिक सत्रको कक्षा दोहोऱ्याउने विवरण

| कक्षा | २०६६ | | | | २०६७ | | | | २०६८ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भर्ना | | दोहोऱ्याउने | | भर्ना | | दोहोऱ्याउने | | भर्ना | | दोहोऱ्याउने | |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| १ | ८४ | ८२ | ३१ (३६.९०) | ३४ (४१.४६) | ६८ | ८४ | २४ (३५.२९) | ३९ (४६.४२) | ५८ | ८४ | १३ (२२.४१) | २५ (२९.७६) |
| २ | ६७ | ७१ | १७ (२५.३६) | २० (२८.१६) | ७४ | ५९ | १४ (१८.९१) | १६ (२७.११) | ५२ | ५१ | १९ (३६.५३) | ९ (१७.६४) |
| ३ | ८० | ९२ | १८ (२२.५०) | १८ (१९.५६) | ६४ | ७५ | १२ (१८.७५) | १३ (१७.३३) | ६२ | ४५ | ११ (१७.७४) | ८ (१७.७७) |
| ४ | ६९ | १०१ | ११ (१५.९४) | १२ (११.८८) | ७६ | ८८ | १० (१३.१५) | ९ (१०.२२) | ६२ | ८१ | ९ (१४.५१) | १४ (१७.२८) |
| ५ | ९७ | ७७ | ८ (८.२४) | १२ (१५.५८) | ९० | ११६ | ३१ (३४.०५) | २४ (२०.६८) | ७२ | ९१ | ५ (६.९४) | १७ (१८.६८) |
| जम्मा | ३९७ | ४२३ | ८५ (२१.४१) | ९६ (२२.६९) | ३७२ | ४२२ | ९१ (२४.४६) | १०१ (२३.९३) | ३०६ | ३५२ | ५७ (१८.६२) | ७३ (२०.७३) |
| कूल जम्मा | ८२० | | १८१ (२२.०७) | | ७९४ | | १९२ (२४.१८) | | ६५८ | | १३० (१९.७५) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मा | | | | | | |

(नोट : कोष्ठकको संख्याले प्रतिशत जनाउँछ ।)

स्रोत : विद्यालय अभिलेख, २०६८

## प्राथमिक तहमा कक्षा दोहोर्‍याउने विद्यार्थीहरूको अवस्था

## परिशिष्ट १३

## दलित तथा जनजाति विद्यार्थीहरूको कक्षा दोहोर्‍याउने विवरण

| कक्षा | २०६६ | | | | २०६७ | | | | २०६८ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | | जनजाति | | दलित | | जनजाति | | दलित | | जनजाति | |
| | भर्ना | दोहोर्‍याउने | भर्ना | दोहोर्‍याउने | भर्ना | दोहोर्‍याउने | भर्ना | दोहोर्‍याउने | भर्ना | दोहोर्‍याउने | भर्ना | दोहोर्‍याउने |
| १ | २८ | ९ (३२.१४) | १३३ | ५६ (४२.१०) | २० | ६ (३०) | १२९ | ५६ (४३.४१) | १२ | २ (१६.६६) | ११७ | ३६ (३०.७६) |
| २ | २७ | ७ (२५.९२) | १०६ | ३० (२८.३०) | २५ | ५ (२०) | १०५ | २४ (२२.८५) | १४ | ३ (२१.४२) | ८८ | २५ (२८.४०) |
| ३ | ३० | १ (३.३३) | १४० | ३५ (२५) | ३० | ७ (२३.३३) | १०५ | १८ (१७.१४) | १९ | ३ (१५.७८) | ८३ | १६ (१९.२७) |
| ४ | ३१ | ३ (९.६७) | १३५ | २० (१४.८१) | २१ | ३ (१४.२८) | १३८ | १५ (१०.८६) | २५ | | १११ | २२ (१९.८१) |
| ५ | ३७ | ३ (८.१०) | १३६ | १७ (१२.५०) | ४० | १० (२५) | १५९ | ४४ (२७.६७) | २३ | २ (८.६९) | १३७ | २० (१४.५९) |
| जम्मा | १५३ | २३ (१५.०३) | ६५० | १५८ (२४.३०) | १३६ | ३१ (२२.७९) | ६३६ | १५६ (२४.६८) | ९३ | १० (१०.७५) | ५३६ | ११९ (२२.२०) |

(नोट : कोष्ठकको संख्याले प्रतिशत जनाउँछ ।)

स्रोत : विद्यालय अभिलेख, २०६८

## प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था

## परिशिष्ट १५

## प्राथमिक तहका विद्यार्थीहरूको भर्ना तथा कक्षा दोहोऱ्याउने विवरण, २०६६

| क्र.सं. | विद्यालयको नाम | कक्षा | भर्ना | | | | | | | | दोहोऱ्याउने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | | जनजाति | | अन्य | | जम्मा | | दलित | | ज |
| | | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छ |
| १ | रम्भा | १ | १ | १ | ३ | १ | - | - | ४ | २ | | - | - |
| | उ.मा.वि. | २ | २ | १ | ४ | ३ | १ | - | ७ | ४ | १ | - | - |
| | ताहूँ, पाल्पा | ३ | १ | २ | ७ | ४ | - | - | ८ | ६ | - | - | - |
| | | ४ | ४ | ५ | ४ | ९ | - | - | ८ | १४ | - | ३ | १ |
| | | ५ | ३ | ३ | १० | ८ | - | - | १३ | ११ | - | | १ |
| | | जम्मा | ११ | १२ | २८ | २५ | १ | - | ४० | ३७ | १ | ३ | ३ |
| २ | मातृभूमि | १ | १ | १ | ४ | १६ | - | - | ५ | १७ | - | - | - |
| | उ.मा.वि. | २ | २ | | १६ | १५ | १ | - | १९ | १५ | - | - | ८ |
| | देवीनगर, | ३ | १ | २ | १७ | २६ | - | - | १८ | २८ | १ | - | ८ |
| | पाल्पा | ४ | १ | ५ | १९ | २९ | - | - | २० | ३४ | - | - | ३ |
| | | ५ | ४ | ५ | ३४ | २५ | १ | - | ३९ | ३० | - | १ | ३ |
| | | जम्मा | ९ | १३ | ९० | १११ | २ | - | १०१ | १२४ | १ | १ | २ |
| ३ | जनहित, | १ | १२ | ४ | ३ | ३ | - | - | १५ | ७ | ४ | ३ | - |
| | भगवती | २ | ६ | ६ | ३ | ४ | १ | १ | १० | ११ | १ | ३ | १ |
| | मा.वि. हुमिन | ३ | ९ | ८ | १ | ४ | १ | - | ११ | १२ | - | - | - |
| | पाल्पा | ४ | १ | ६ | १ | २ | - | - | २ | ८ | - | - | - |
| | | ५ | ५ | ३ | ५ | २ | - | - | १० | ५ | - | - | - |
| | | जम्मा | ३३ | २७ | १३ | १५ | २ | १ | ४८ | ४३ | ५ | ६ | १ |
| ४ | भिमसेन प्रा.वि | १ | - | - | २१ | २० | - | - | २१ | २० | - | - | १५ |
| | मुन्टुङ्ग | २ | १ | १ | १२ | ११ | - | - | १३ | १२ | १ | १ | ३ |
| | देवीनगर, | ३ | २ | - | १२ | १५ | - | - | १४ | १५ | - | - | ५ |
| | पाल्पा | ४ | २ | - | १२ | १२ | - | - | १४ | १२ | - | - | ४ |
| | | ५ | २ | ३ | १४ | ९ | - | - | १७ | १२ | - | २ | ४ |
| | | जम्मा | ८ | ४ | ७१ | ६७ | - | - | ७९ | ७१ | १ | ३ | ३९ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | कमला देवी प्रा.वि. वेसर्घा देवीनगर, पाल्पा | १ | - | - | ११ | ९ | - | - | ११ | ९ | - | - | १ |
| | | २ | - | - | ०३ | ११ | - | - | ०३ | ११ | - | - | - |
| | | ३ | - | - | ११ | १४ | - | - | ११ | १४ | - | - | - |
| | | ४ | - | - | १२ | १५ | - | - | १२ | १५ | - | - | - |
| | | ५ | - | - | ६ | ७ | - | - | ६ | ७ | - | - | - |
| | | जम्मा | - | - | ४३ | ५६ | - | - | ४३ | ५६ | - | - | १ |
| ६ | जनप्रिय प्रा.वि. मंगला, देवीनगर, पाल्पा | १ | - | १ | १५ | १७ | - | - | १५ | १८ | - | - | ८ |
| | | २ | - | १ | ९ | ७ | - | - | ९ | ८ | - | - | १ |
| | | ३ | १ | - | ९ | ११ | - | - | १० | ११ | - | - | ३ |
| | | ४ | १ | - | ६ | ६ | - | - | ७ | ६ | - | - | ३ |
| | | ५ | १ | - | ३ | ६ | - | - | ४ | ६ | - | - | - |
| | | जम्मा | ३ | २ | ४२ | ४७ | - | - | ४५ | ४९ | - | - | १५ |
| ७ | जनता. प्रा.वि. थाकखोला, ताहूँ, पाल्पा | १ | ३ | - | ३ | ३ | - | - | ६ | ३ | १ | - | १ |
| | | २ | २ | ४ | २ | १ | - | - | ४ | ५ | - | - | - |
| | | ३ | - | १ | ३ | ३ | - | - | ३ | ४ | - | - | - |
| | | ४ | १ | २ | १ | ३ | १ | १ | ३ | ६ | - | - | - |
| | | ५ | ४ | १ | २ | - | - | - | ६ | १ | - | - | - |
| | | जम्मा | १० | ८ | ११ | १० | १ | १ | २२ | १९ | १ | - | २ |
| ८ | पशुपति प्रा.वि. धोवादी, ताहूँ, पाल्पा | १ | २ | २ | २ | २ | ३ | २ | ७ | ६ | १ | - | - |
| | | २ | १ | - | १ | ४ | १ | १ | २ | ५ | - | - | - |
| | | ३ | ३ | - | २ | १ | १ | १ | ५ | २ | - | - | - |
| | | ४ | १ | २ | १ | ३ | १ | १ | ३ | ६ | - | - | - |
| | | ५ | - | २ | २ | ३ | - | - | २ | ५ | - | - | - |
| | | जम्मा | ७ | ६ | ८ | १३ | ४ | ५ | ९ | २४ | १ | - | - |
| | आठ वटै विद्यालयको जम्मा | १-५ | ८१ | ७२ | ३०६ | ३४४ | १० | ७ | ३९७ | ४२३ | १० | १३ | ७[illegible] |
| | | | (५२.९४) | (४७.०६) | (४७.०८) | (५२.९२) | (५८.८२) | (४१.१८) | (४८.४१) | (५१.५९) | (१२.३४) | (१८.०५) | [illegible] |

## प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था

## परिशिष्ट १६

## प्राथमिक तहका विद्यार्थीहरूको भर्ना तथा कक्षा दोहोऱ्याउने विवरण, २०६७

| क.सं. | विद्यालयको नाम | कक्षा | भर्ना | | | | | | | | दोहोऱ्याउने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | | जनजाति | | अन्य | | जम्मा | | दलित | | ज |
| | | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छ |
| १ | रम्भा | १ | १ | २ | ५ | ८ | - | - | ६ | १० | - | - | - |
| | उ.मा.वि. | २ | १ | २ | ६ | ८ | - | १ | ७ | ११ | - | १ | - |
| | ताहूँ, पाल्पा | ३ | ३ | २ | ४ | १ | - | - | ७ | ३ | - | १ | - |
| | | ४ | २ | | ७ | ८ | - | - | ९ | ८ | - | - | - |
| | | ५ | १० | ६ | १३ | २१ | १ | १ | २४ | २८ | ४ | १ | ६ |
| | | जम्मा | १७ | १२ | ३५ | ४६ | १ | २ | ५३ | ६० | ४ | ३ | ६ |
| २ | मातृभूमि | १ | - | - | १२ | ९ | १ | - | १३ | ९ | - | - | - |
| | उ.मा.वि. | २ | - | १ | १३ | २० | | - | १३ | २१ | - | - | ४ |
| | देवीनगर, | ३ | २ | | १२ | १९ | १ | - | १५ | १९ | - | - | १ |
| | पाल्पा | ४ | १ | २ | २३ | २९ | २ | १ | २६ | ३२ | - | - | ३ |
| | | ५ | १ | ५ | २३ | २९ | १ | | २५ | ३४ | - | - | ८ |
| | | जम्मा | ४ | ८ | ८३ | १०६ | ५ | १ | ९२ | ११५ | - | - | - |
| ३ | जनहित, | १ | ७ | ३ | १ | ३ | | ८ | ६ | ४ | २ | १ | - |
| | भगवती | २ | ११ | ३ | २ | २ | १ | | १४ | ५ | २ | | - |
| | मा.वि. हुमिन | ३ | ८ | ९ | ४ | ४ | | १ | १२ | १४ | २ | ४ | - |
| | पाल्पा | ४ | ३ | ५ | १ | ४ | १ | - | ५ | ९ | | १ | - |
| | | ५ | २ | ६ | १ | २ | - | - | ३ | ८ | | २ | - |
| | | जम्मा | ३१ | २६ | ९ | १५ | २ | १ | ४२ | ४२ | ८ | ९ | १ |
| ४ | भिमसेन प्रा.वि | १ | | - | १३ | २३ | - | - | १३ | २३ | | - | ७ |
| | मुन्टुङ्ग | २ | १ | - | ११ | ७ | - | - | १२ | ७ | १ | - | २ |
| | देवीनगर, | ३ | | - | १३ | ९ | - | - | १३ | ९ | | - | ४ |
| | पाल्पा | ४ | ३ | - | ८ | १५ | - | - | ११ | १५ | १ | - | १ |
| | | ५ | २ | - | १३ | १० | - | - | १५ | १० | १ | - | ४ |
| | | जम्मा | ६ | - | ५८ | ६४ | - | - | ६४ | ६४ | ३ | - | १ |
| ५ | कमला देवी | १ | - | - | ३ | १२ | - | - | ३ | १२ | - | - | १ |
| | प्रा.वि. वेसर्घा | २ | - | - | १० | ३ | - | - | १० | ३ | - | - | - |
| | देवीनगर, | ३ | - | - | ३ | ११ | - | - | ३ | ११ | - | - | - |
| | पाल्पा | ४ | - | - | १० | १३ | - | - | १० | १३ | - | - | - |
| | | ५ | - | - | १२ | १५ | - | - | १२ | १५ | - | - | ५ |
| | | जम्मा | | | ३८ | ५४ | - | - | ३८ | ५४ | - | - | ६ |
| ६ | जनप्रिय | १ | | १ | १५ | १७ | - | - | १५ | १८ | - | - | १ |
| | प्रा.वि. मंगला, | २ | | १ | ९ | ७ | - | - | ९ | ८ | - | - | ४ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | देवीनगर, पाल्पा | ३ | १ | | ९ | ११ | - | - | १० | ११ | - | - | ५ |
| | | ४ | १ | | ६ | ६ | - | - | ७ | ६ | - | - | ३ |
| | | ५ | १ | | ३ | ६ | - | - | ४ | ६ | - | - | |
| | | जम्मा | ३ | २ | ४२ | ४७ | - | - | ४५ | ४९ | - | | २[illegible] |
| ७ | जनता. प्रा.वि. थाकखोला, ताहूँ, पाल्पा | १ | २ | १ | २ | | - | - | ४ | १ | - | - | - |
| | | २ | ४ | - | २ | १ | - | - | ७ | १ | १ | - | - |
| | | ३ | - | ४ | २ | १ | - | - | २ | ५ | - | - | - |
| | | ४ | - | १ | ३ | ४ | - | - | ३ | ५ | - | - | - |
| | | ५ | २ | १ | २ | ४ | - | २ | ४ | ७ | १ | - | - |
| | | जम्मा | ८ | ७ | १२ | १० | - | २ | २० | १९ | २ | - | - |
| ८ | पशुपति प्रा.वि. धोवादी, ताहूँ, पाल्पा | १ | २ | १ | २ | ४ | २ | - | ६ | ५ | - | - | - |
| | | २ | - | १ | १ | २ | १ | - | २ | ३ | - | - | - |
| | | ३ | १ | - | - | २ | १ | १ | २ | ३ | - | - | - |
| | | ४ | ३ | - | १ | - | १ | १ | ५ | १ | - | - | - |
| | | ५ | १ | ३ | १ | ४ | १ | १ | ३ | ८ | - | - | - |
| | | जम्मा | ७ | ५ | ५ | १२ | ६ | ३ | १८ | १९ | - | - | - |
| | आठ वटै विद्यालयको जम्मा | १-५ | ७६ | ६० | २८६ | ३५४ | १४ | ९ | ३७२ | ४२२ | १९ | १२ | ६[illegible] |
| | | | (५५.८८%) | (४४.१२%) | (४४.३४%) | (५५.३३%) | (६०.१३%) | (३९.१३%) | (४६.८५%) | (५३.१५%) | (२५%) | २०%) | ([illegible]) |

## प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था

## परिशिष्ट १७

## प्राथमिक तहका विद्यार्थीहरूको भर्ना तथा कक्षा दोहोऱ्याउने विवरण, २०६८

| क.सं. | विद्यालयको नाम | कक्षा | भर्ना | | | | | | | | दोहोऱ्याउने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | | जनजाति | | अन्य | | जम्मा | | दलित | | ज |
| | | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छ |
| १ | रम्भा उ.मा.वि. ताहूँ, पाल्पा | १ | - | - | - | ४ | - | - | - | ४ | - | - | - |
| | | २ | - | १ | ३ | १ | - | - | ३ | २ | - | - | - |
| | | ३ | १ | १ | ३ | १ | - | २ | ४ | ४ | - | - | - |
| | | ४ | १ | २ | ४ | ३ | १ | - | ६ | ५ | - | - | - |
| | | ५ | - | | ६ | ५ | - | - | ६ | ५ | - | - | - |
| | | जम्मा | २ | ४ | १६ | १४ | १ | २ | १९ | २० | - | - | - |
| २ | मातृभूमि उ.मा.वि. देवीनगर, पाल्पा | १ | - | - | १२ | ९ | १ | - | १३ | ९ | - | - | |
| | | २ | - | १ | १३ | २० | | - | १३ | २१ | - | - | ४ |
| | | ३ | २ | - | १२ | १९ | १ | - | १५ | १९ | - | - | १ |
| | | ४ | १ | २ | २३ | २९ | २ | १ | २६ | ३२ | - | - | - |
| | | ५ | १ | ५ | २३ | २९ | १ | | २५ | ३४ | - | - | - |
| | | जम्मा | ४ | ८ | ८३ | १०६ | ५ | १ | ९२ | ११५ | - | - | - |
| ३ | जनहित, भगवती मा.वि. हुमिन पाल्पा | १ | ३ | ४ | ३ | ५ | - | - | ६ | ९ | १ | १ | - |
| | | २ | ६ | १ | ३ | ४ | - | - | ९ | ५ | २ | | १ |
| | | ३ | ६ | ४ | २ | २ | १ | - | ९ | ६ | १ | १ | १ |
| | | ४ | ७ | ७ | २ | ३ | - | १ | ९ | ११ | - | - | - |
| | | ५ | ३ | ६ | १ | ३ | १ | | ५ | ९ | - | - | - |
| | | जम्मा | २५ | २२ | ११ | १७ | २ | १ | ३८ | ४० | ४ | २ | २ |
| ४ | भिमसेन प्रा.वि मुन्टुङ्ग देवीनगर, पाल्पा | १ | - | १ | १७ | २४ | | १ | १७ | २६ | - | - | १ |
| | | २ | - | - | ९ | ९ | - | - | ९ | ९ | - | - | ६ |
| | | ३ | १ | - | १२ | ४ | - | - | १३ | ४ | - | - | ६ |
| | | ४ | | - | ८ | ११ | - | - | ८ | ११ | - | - | - |
| | | ५ | ४ | - | १३ | १६ | - | - | १७ | १६ | १ | - | ३ |
| | | जम्मा | ५ | १ | ५९ | ६४ | - | १ | ६४ | ६६ | १ | - | २ |
| ५ | कमला देवी प्रा.वि. वेसर्घा देवीनगर, | १ | - | - | ४ | १२ | - | - | ४ | १२ | - | - | - |
| | | २ | - | - | २ | ७ | - | - | २ | ७ | - | - | - |
| | | ३ | - | - | १० | ३ | - | - | १० | ३ | - | - | - |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पाल्पा | ४ | - | - | ३ | ११ | - | - | ३ | ११ | - | - | - |
| | | ५ | - | - | १० | १३ | - | - | १० | १३ | - | - | - |
| | | जम्मा | - | - | २९ | ४६ | - | - | २९ | ४६ | - | - | - |
| ६ | जनप्रिय | १ | - | - | ६ | ८ | - | - | ६ | ९ | - | - | २ |
| | प्रा.वि. मंगला, | २ | - | १ | ९ | ३ | - | - | ९ | ३ | - | - | ५ |
| | देवीनगर, | ३ | - | - | ५ | ५ | - | - | ५ | ५ | - | - | १ |
| | पाल्पा | ४ | १ | - | ६ | ५ | - | - | ७ | ५ | - | - | १ |
| | | ५ | १ | - | ३ | ५ | - | - | ४ | ५ | - | - | - |
| | | जम्मा | २ | १ | २९ | २६ | - | - | ३१ | २७ | - | - | ९ |
| ७ | जनता. प्रा.वि. | १ | १ | १ | १ | २ | - | - | २ | ३ | - | - | - |
| | थाकखोला, | २ | ३ | १ | १ | २ | - | - | ४ | ३ | २ | - | - |
| | ताहूँ, पाल्पा | ३ | २ | १ | ३ | - | - | - | ५ | १ | - | १ | १ |
| | | ४ | - | ३ | १ | | - | - | १ | ३ | - | - | - |
| | | ५ | - | १ | २ | ४ | - | - | २ | ५ | - | - | - |
| | | जम्मा | ६ | ७ | ८ | ८ | - | | १४ | १५ | १ | १ | १ |
| ८ | पशुपति | १ | १ | - | ४ | ६ | ५ | ६ | १० | १२ | - | - | - |
| | प्रा.वि. | २ | १ | - | १ | १ | १ | - | ३ | १ | - | - | - |
| | धोवादी, ताहूँ, | ३ | | १ | | २ | १ | - | १ | ३ | - | - | - |
| | पाल्पा | ४ | १ | | | २ | १ | १ | २ | ३ | - | - | - |
| | | ५ | १ | १ | २ | २ | | १ | ३ | ४ | - | १ | १ |
| | | जम्मा | ४ | २ | ७ | १३ | ८ | ८ | १९ | २३ | - | १ | १ |
| | आठ वटै विद्यालयको जम्मा | १-५ | ४८ | ४५ | २४२ | २९४ | १६ | १३ | ३०६ | ३५२ | ६ | ४ | [illegible] |
| | | | (५१.६२%) | (४८.३८%) | (४५.१४) | (५४.८६%) | (५५.१८%) | (४४.८२%) | (४६.५०%) | (५३.५०) | (१२.५) | (८.८८) | [illegible] |

## प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था

## परिशिष्ट ४

## अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली

अभिभावकको नाम थर

ठेगाना लिङ्ग

परिवारको संख्याः छोरा छोरी

पेशा शैक्षिक योग्यता

१) तपाइको विद्यालय जाने उमेरका छोराछोरी कति छन् ?

२) के छोरा छोरी दुबैलाई समान शिक्षा दिनु पर्छ ?

३) छोरा भन्दा छोरी शिक्षामा पछाडी पर्ने कारणहरू के के देख्नु हुन्छ ?

४) के कारणले गर्दा छोराछोरीहरू नियमित रूपमा विद्यालय जादैनन् ?

५) विद्यालयले के कस्तो सेवा/सुविधा प्रदान गरेमा छोराछोरीलाई नियमित विद्यालय पठाउनु हुन्छ ?

६) छोराछोरीले कक्षा दोहोऱ्याउनुपर्ने अवस्था आउनुको कारण के होला ?

७) के कारणले गर्दा छात्राहरूको कक्षा दोहोऱ्याउने दर बढी भएको होला?

८) कक्षा दोहोऱ्याउने अवस्था आउनुका मुख्य कारण के के हेला?

९) कक्षा  दोहोऱ्याउने दर घटाउन विद्यालयलले के गर्नु पर्ला ?

१०) तपाइको विचारमा कक्षा दोहोऱ्याउने दरमा कमी ल्याउन के के गर्नु पर्ला ?

**प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था**

**परिशिष्ट ५**

**प्र.अ तथा शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली**

नाम.................................................विद्यालयको नाम..................

ठेगाना................................................शैक्षिक योग्यता.......................

१) तपाइको विद्यालयमा हाल कक्षा १ देखि ५ सम्म छात्रछात्राको भर्ना स्थिति के कति छ ?

२) प्राथमिक तहमा कुल भर्ना भएका छात्र छात्राहरू मध्ये कति प्रतिशत छात्र छात्राले उक्त शैक्षिक सत्र पूरा गरेका छन् ?

३) शैक्षिक सत्रको अन्त्यमा लिइने वार्षिक परीक्षामा असफल भै कक्षा दोहोऱ्याउने छात्र छात्राको प्रतिशत कति छ ?

४) अभिभावकले आफ्ना छोराछारीको पढाई प्रति कतिको चासो देखाउछन् ?

५) विद्यार्थीहरू विद्यालय नियमित रूपमा उपस्थित हुन्छन् ?

६) सबै विद्यार्थीहरूले विद्यालय आउदा आवश्यक पाठ्य तथा लेख्य सामग्री लिएर आउँछन् ?

७) कक्षा दोहोऱ्याउने प्रवृतिका कारक तत्वहरू के के हुन सक्छन् ?

८) विद्यार्थीलाई कक्षा दोहोऱ्याउन बाध्य पार्ने एउटा कारण अरुचिकर शिक्षक केन्द्रित विधि हो भनिन्छ । तपाइको विचारमा शिक्षण विधिमा के कस्ता सुधार गरेमा कक्षा दोहोऱ्याउने दर कम गर्न सकिएला ?

९) कक्षा दोहोऱ्याउने प्रवृति न्यूनीकरण गर्न थप के गर्नु पर्ला ?

१०) कक्षा दोहोऱ्याउने दर कम गर्न कुन कुन निकायबाट कस्ता कदम चाल्नु पर्ला ?

११) तपाइले कक्षा दोहोऱ्याउने दर घटाउन आफ्नो र विद्यालयको तर्फबाट के कस्ता कदम चाल्नु भएको छ ?

१२) अन्य केही सुझावहरू भएमा उल्लेख गर्नुहोस् ।

**प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था**

**परिशिष्ट ६**

**विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका अध्यक्षका लागि**

**अन्तर्वार्ता प्रश्नावली**

नाम......................ठेगाना..........................पद...................................

१) विद्यार्थीहरूमा कक्षा दोहोऱ्याउने अवस्था आउनुको मुख्य कारण के होला ?

२) विद्यार्थीलाई नियमित रूपमा विद्यालय उपस्थित गराउन के गर्नु पर्ला ?

३) हालसम्म कक्षा दोहोऱ्याउने अवस्था कायम रहनुमा को जिम्मेवार ठान्नु हुन्छ ?

४) के कस्ता उपायहरू अपनाउदा कक्षा दोहोऱ्याउने दर घट्न सक्छ ?

५) तपाइको तर्फबाट कक्षा दोहोऱ्याउने दर घटाउन के के प्रयास गर्नु भएको छ ?

६) थप सल्लाह र सुझावहरू भए उल्लेख गर्नुहोस् ।

## परिशिष्ट ७

## कक्षा दोहोऱ्याउने तथा कक्षा नदोहोऱ्याउने विद्यार्थीका लागि अन्तर्वार्ता प्रश्नावली

१) तिम्रो परिवारमा जम्मा दाजुभाई, दिदिबहिनी गरी कति जना छौ ?

२) तिम्रो बुबा-आमाले के काम गर्नु हुन्छ ?

३) तिमी विद्यालयमा कत्तिको सुरक्षित ठान्छौ ?

४) विद्यालयका शिक्षक शिक्षिकाहरूले तिमीलाई कत्तिको माया गर्नु हुन्छ ?

५) पढाउदा शिक्षक शिक्षिकाले सजाय दिनु हुन्छ/हुदैन ?

६) तिमी विद्यालय पढ्न आउन थालेको कति वर्ष भयो ?

७) तिम्रो विद्यालयमा छात्रवृत्तिको व्यवस्था कस्तो छ ?

८) तिमीलाई विद्यालय जान कापी, कलम, ड्रेसको समस्या छ/छैन ?

९) तिमीलाई विद्यालय जान मन लाग्छ/ लाग्दैन ? लाग्दैन भने किन ?

१०) तिमी दिनहुँ विद्यालय जान्छौ ?

११) तिमी विद्यालय दिनहुँ जाँदैनौ भने किन जाँदैनौ ?

१२) बुबा-आमाले छोरा छोरी दुबैलाई बराबरी माया गर्नु हुन्छ ? गर्नु हुन्न भने किन ?

१३) तिम्रो विचारमा कक्षा दोहोऱ्याउन पर्नुको कारण के होला ?

१४) तिमीले कक्षा दोहोऱ्याउन पर्नुको कारण के के हो ?

१५) तिम्रो विचारमा कक्षा दोहोऱ्याउने दर कम गर्न के गर्नु पर्ला ?

१६) कक्षा दोहोऱ्याउने दर घटाउनका लागि अन्य सुझावहरू भए उल्लेख गर्नुहोस् ।

## प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था

## परिशिष्ट-८

## स्रोत व्यक्ति तथा विद्यालय निरिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली

नाम.................................स्रोतकेन्द्रको नामः

पद..............................

१) तपाइको प्रमुख जिम्मेवारी के हो, वताइ दिनु हुन्छ कि ?

२) विद्यालय अनुगमनका क्रममा विद्यालयमा देखिएका प्रमुख समस्याहरू के के हुन् ?

३) प्राथमिक शिक्षाका धेरै समस्याहरू मध्ये एउटा समस्या कक्षा दोहोऱ्याउने विद्यार्थीको प्रतिशत उच्च हुनु पनि हो । तपाइले आफ्नो स्रोत केन्द्रको प्राथमिक तहको कक्षा दोहोऱ्याउने दर पत्ता लगाउनु भएको छ ? छ भने कति होला ?

४) अनुगमनको क्रममा के कस्ता कारणहरू कक्षा दोहोऱ्याउन बाध्य पार्ने कारक तत्वहरू हुन् भनेर पहिचान गर्नु भएको छ ?

५) तपाइको विचारमा कक्षा दोहोऱ्याउने दर न्यूनिकरण गर्न के कस्ता प्रयासहरू आवश्यक होला ?

६) स्रोतकेन्द्र र अन्य सरकारी निकायबाट कक्षा दोहोऱ्याउने दर कम गर्न भएका प्रयासहरू के के हुन ?

७) तपाईका थप अन्य सुझाव भए उल्लेख गर्नुहोस् ।

## परिशिष्ट ९

## विद्यालय सर्वेक्षण फारम

विद्यालयको नामः.........................................ठेगाना.....................

१) तपाइको विद्यालयमा प्रा.वि. तहमा शिक्षक संख्या कति हुनुहुन्छ ?

.................................................................................

२) तपाइको विद्यालयमा प्रा.वि. तहमा शिक्षिका संख्या कति हुनुहुन्छ ?

...........................................................................................

३) विद्यालयमा खानेपानीको व्यवस्था कस्तो छ ?

............................................................................

४) छात्राहरूको लागि शौचालय व्यवस्था कस्तो छ ?

...............................................................................

५) तपाइको विद्यालयमा क्यान्टिनको व्यवस्था कस्तो छ ?

.......................................................................................

६) तपाइको विद्यालयमा कक्षाकोठा कति छन् ?

...................................................................

७) दलित तथा जनजाति शिक्षिक/शिक्षिकाको संख्या कति छ ?

................................................................................

८) कक्षागत रूपमा विद्यार्थीहरूको भर्ना स्थिति

| शैक्षिक | दलित | | जनजाति | | अन्य | |
|---|---|---|---|---|---|---|
| सत्र | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६६ | | | | | | |
| २०६७ | | | | | | |
| २०६८ | | | | | | |

९) विद्यार्थीहरूको परीक्षा परिणाम

| शैक्षिक | दलित | | | | जनजाति | | | | अन्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सत्र | छात्र | | छात्रा | | छात्र | | छात्रा | | छात्र | | छात्रा | |
| | सं. | उ. | सं. | उ. | सं. | उ. | सं. | उ. | सं. | उ. | सं. | उ. |
| २०६६ | | | | | | | | | | | | |
| २०६७ | | | | | | | | | | | | |
| २०६८ | | | | | | | | | | | | |

१०) विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने प्रवृत्ति

| शैक्षिक | दलित | | जनजाति | | अन्य | |
|---|---|---|---|---|---|---|
| सत्र | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६६ | | | | | | |
| २०६७ | | | | | | |
| २०६८ | | | | | | |

## प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था

## परिशिष्ट १४

## दलित तथा जनजाति छात्रछात्राहरूको समष्टिगत कक्षा दोहोऱ्याउने स्थिति

| शैक्षिक सत्र | दलित | | | जनजाति | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०६६ | १२.३४ | १८.०५ | १५.०३ | २१.४१ | २२.६९ | २४.३० |
| २०६७ | २५ | २० | २२.७९ | २४.४६ | २३.९३ | २४.६८ |
| २०६८ | १२.५० | ८.८० | १०.७५ | १८.६२ | २०.७० | २२.२० |

स्रोत : विद्यालय अभिलेख, २०६६, २०६७ र २०६८ ।